म्यागङ गाउँपालिकाको वस्तुगत विवरण

(जीपीएस प्रविधिमा आधारित पार्श्वचित्र-२०७८)

म्यागङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

देउराली, नुवाकोट

बागमती प्रदेश, नेपाल

आश्विन, २०७८

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

दुई शब्द

राज्य पुनर्संरचनापश्चात् म्यागङ गाउँपालिका गठन गरिएपछि पहिलो पटक गाउँपालिकाको वर्तमान अवस्थाको वस्तुगत विवरण जिपिएसमा आधारित गाउँ पार्श्वचित्र (प्रोफाइल) निर्माण गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ । राज्य पुनर्संरचनाका सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउन डिजिटल पार्श्वचित्र तयारीले गाउँको विकासको वर्तमान अवस्थालाई चित्रण गरेको छ । यो पार्श्वचित्र गाउँपालिकाको रणनैतिक आवधिक विकास योजना निर्माणको प्रारम्भिक चरण पनि हो । आगामी दिनमा गाउँपालिकाको आवधिक विकास योजना तर्जुमा गर्न, अद्यावधिक गर्न, अनुगमन तथा मूल्यांकन गर्न समेत आधार स्रोतको रूपमा यो पार्श्वचित्र उपयोग गरिनेछ । यस पार्श्वत्रिचले म्यागङ गाउँपालिकाको भूगोल, नदीनाला, हावापानी, भूउपयोगको अवस्था, जनसंख्या, जातजाति, संस्कृति, ऐतिहासिक धरोहर, आर्थिक अवस्था, पर्यटकीय क्षेत्रहरू, लगायतका विषयगत क्षेत्रको आधारमूत विवरण तथा तथ्याङ्क समेटेकोछ । यसलाई समय सन्दर्भ र गाउँपालिकाको आवश्यकता अनुसार अद्यावधिक, परिष्कृत र परिमार्जित गरी प्रकाशन गर्ने कामलाई यस गाउँपालिकाले निरन्तरता दिनेछ ।

योजनाबद्ध विकासको आधारको रूपमा रहने यो डिजिटल पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँ कार्यपालिकाका सम्पूर्ण टिम, प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिहरू, वडा तहमा महत्वपूर्ण जिम्मेवारी पूरा गर्ने कर्मचारी लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण नागरिक, संघसंस्था, तथा घर, वस्तिमा खटिएर तथ्यांक तथा सूचना संकलन गर्ने सबै सर्वेक्षक तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यो वस्तुगत विवरण तयार गर्न वित्तीय सहयोग उपलब्ध गराउने पूर्णिमा कार्यक्रमका सल्लाहकार श्री सन्तोष बिष्ट, श्रीमती सीमा रजौरिया, श्री सरोज श्रेष्ठ, श्रीमती सांग्रिला थापा र श्री विशनदेव जोशी एवं श्री विष्णु पाठकलाई विशेष धन्यवाद दिन चाहन्छु । आजको युग सुहाउँदो स्मार्ट प्रविधिलाई गाउँपालिकाको विशिष्टतासँग जोडेर प्रोफाइल निर्माणमा प्राविधिक सहयोग गर्न्ने सेमिडका टिम लिडर श्री गङ्गादत्त अवस्थी लगायत विज्ञहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु । अन्तमा समग्र गाउँपालिकाको विकासको आधार चित्र कोर्न यो डिजिटल पार्श्वचित्र सहयोगी बनोस् र दीर्घकालीन सोचका साथ अगाडि बढ्न हामी सबैलाई आधार प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

.....
(आशा तामाङ)
अध्यक्ष
मिति २०७८।०६।०६

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

मेरो दुई शब्द

म्यागङ गाउँपालिकाको योजनाबद्ध विकासका लागि आधारभूत विवरण तथा तथ्यांक आवश्यक पर्दछ । स्थानीय सरकार सञ्चालन ऐनले पनि प्रत्येक स्थानीय तहले आफ्नो पालिकाको वस्तुगत विवरण सहितको पाश्र्वचित्र बनाउनुपर्ने व्यवस्था गरेको छ । गाउँपालिकाको भूउपयोगको अवस्थाले गाउँपालिकालाई आफ्नो आर्थिक साथै भौतिक विकास योजना बनाउन सहयोग गर्छ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पाश्र्वचित्र तयार गरिएको छ । गाउँपालिकाभित्र बसोबास गर्ने घरधुरीहरू तथा गाउँपालिकाभित्र रहेका सरकारी तथा गैरसरकारी संघसंस्थाहरूबाट आवश्यक तथ्याङ्क संकलन गरी कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाइ, खानेपानी, विद्युत् आदिको विवरण समावेश गरी गाउँपालिका पाश्र्वचित्र तयार गरिएको छ । यसबाट गाउँपालिकाको अध्ययन गर्न चाहने वा जानकारी लिन चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिकाका नागरिकहरूलाई सूचना प्रदान गर्न गाउँपालिकालाई सहयोग पुग्नेछ भन्ने मैले आशा लिएको छु ।

अन्तमा प्रस्तुत पाश्र्वचित्र तयारी गर्ने सिलसिलामा तथ्याङ्क संकलन गर्न प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्नु हुने प्रमुख प्रशासकीय अधिकृत, सम्पूर्ण जनसमुदाय, संघ/संस्था, गाउँ कार्यपालिकाका कर्मचारीहरू, कार्यस्थलमा खटिएर तथ्यांक तथा सूचना संकलन गर्ने सर्वेक्षक, पुर्णिमा कार्यक्रमका ब्यवस्थापक तथा सल्लाहकार तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन तथा लेखन गरी पाश्र्वचित्रलाई यो रूप दिने सेमिडका परामर्शदाता विज्ञहरूलाई विशेष धन्यवाद दिन चाहन्छु ।

.....
(शान्ति लामा गुरुङ)
उपाध्यक्ष
मिति २०७८।०६।०६

म्यागङ गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउराली, नुवाकोट
बागमती प्रदेश, नेपाल

मेरो भन्नु

स्थानीयस्तरको वस्तुगत अवस्थालाई समावेश गरेर गाउँपालिकाले पहिलो पार्श्वचित्र तयार गरेको छ । म्यागङ गाउँपालिकाको यस पाश्र्वचित्रले दीर्घकालीन योजना र वार्षिक कार्यक्रमका निमित्त वस्तुपरक तथा सूचनामा आधारित लक्ष्य निर्धारण गर्न मद्दत पुयाउने अपेक्षा गरिएको छ । योजनाहरूको निरन्तर अनुगमन एवम मूल्यांकनका लागि समेत पाश्र्वचित्रले वस्तुनिष्ठ आधार खडा गरेको छ ।

वस्तुगत आवश्यकता अनुसार योजना तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएमा नागरिकहरूले स्थानीय तहबाट राखेका अपेक्षा पूरा हुन सक्दैनन् । यसैकारण गाउँपालिकाको वर्तमानका जनसांङ्खिक आर्थिक सामाजिक, धरातलीय, तथा साँस्कृतिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आकलन गर्ने उद्देश्यका साथ यो डिजिटल पाश्र्वचित्र तयार गरिएको हो ।

वस्तुगत आवश्यकता अनुसार योजना तथा कार्ययोजनाहरू र तथ्यमा आधारित निर्णयबाट नागरिकहरूका अपेक्षा पूरा गर्न सहयोग पुग्ने हुन्छ । यस पाश्र्वचित्रले भविष्यमा यस पालिकालाई अघि बढाउन ठूलो सहयोग पुग्ने अपेक्षा गरेको छु ।

गाउँपालिकाको विकासको मार्गचित्र तयार गर्न र विकासका योजनाको सही छनोट र प्रभावकारी कार्यान्वयन गर्न यस पाश्र्वचित्रले आधार खडा गरेको छ । यस पाश्र्वचित्रबाट म्यागङ गाउँपालिकालाई बुझ्ने तथा अध्ययन गर्ने जो कोहीले पनि यस गाउँपालिकाको वर्तमान अवस्था सहज रूपमा आकलन तथा विश्लेषण गर्न सक्ने देखिन्छ । यस डिजिटल पाश्र्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्नु हुने गाउँपालिका अध्यक्षज्यू, उपाध्यक्षज्यू, वडाका जनप्रतिनिधिज्यूहरू, सम्पूर्ण कर्मचारी साथीहरू अन्य संघसंस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू,सर्वेक्षक र डिजिटल पाश्र्वचित्रलाई यो रूप दिन सहयोग पुर्‍याउनु हुने पुर्णिमा कार्यक्रमका ब्यवस्थापक तथा सल्लाहकार तथा परामर्शदाता सेमिडका विज्ञज्यूहरूलाई हार्दिक आभार व्यक्त गर्दछु । अन्तमा, यो पाश्र्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

.....
(पवनकुमार प्याकुरेल)
प्रमुख प्रशासकीय अधिकृत
मिति २०७८।०६।०६

विषयसूची

परिच्छेद एक : परिचय १

१.१ पृष्ठभूमि १

१.२ उद्देश्य १

१.३ अध्ययन विधि १

१.३.१ तथ्याङ्क र सूचना संकलन १

१.३.२ वस्तुस्थिति विवरण २

१.३.३ आधार वर्षको तथ्याङ्क तथा सूचना २

१.३.४ तथ्याङ्कको तालिकीकरण २

१.३.५ तथ्याङ्कको विश्लेषण ३

१.४ सूचनाका स्रोत तथा सीमाहरू ३

परिच्छेद दुई : भौगोलिक अवस्था ४

२.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना ४

२.२ राजनीतिक प्रशासनिक विभाजन ५

२.३ भू-उपयोगको विवरण ५

२.४ माटोको बनावट र उर्वरा शक्ति ७

२.५ भूक्षयको सम्भावित क्षेत्र ८

२.६ जलवायु ११

२.७ जलस्रोत वन जंगल तथा अन्य प्राकृतिक स्रोत साधन ११

३.१ घरपरिवारको संख्या १३

३.२ जनसंख्याको आकार र जनघनत्व १५

३.३ जनसंख्या वृद्धिदर १६

३.४ जनसंख्याको विश्लेषण १७

३.४.१ लैंगिक आधारमा जनसंख्याको बनावट १७

३.४.२ प्रजनन दर १७

३.४.३ मृत्यु (मातृ, बाल, शिशु मृत्युदर) १८

३.४.४ जनसंख्याको बनावट (उमेर समूह र वैवाहिक स्थिति) १८

३.४.५ औषत परिवार संख्या २०
३.५ जातजाति २१
३.६ मातृभाषा २१
३.७ धर्म २२
३.८ अनुपस्थित जनसंख्या २२
३.९ बसोबास गरिरहेको घरको स्वामित्व २३
३.१० घरको बनावट २४
परिच्छेद-४ : आर्थिक अवस्था २७
४.१ अर्थतन्त्रको संरचना २७
४.२ कृषि तथा पशुपालन २७
४.२.१ कृषियोग्य जमिनमा पँहुच २७
४.२.२ कृषि जग्गाको आकार २८
४.२.३ प्रमुख बालीहरू २८
४.२.४ पशुपालन २९
४.२.५ कृषि उत्पादनको बिक्री ३०
४.२.६ सिंचाइको व्यवस्था ३२
४.३ खाद्य सुरक्षाको अवस्था ३२
४.४ उद्योग र व्यापार ३३
४.५ पर्यटन ३४
४.६ वित्तीय पहुँच ३६
४.७ श्रमशक्ति र रोजगारीको अवस्था ४०
४.८ सीपमूलक तालिम ४१
४.९ घरपरिवारको आम्दानी र खर्च ४२
४.१० गरिबीको अवस्था ४३
४.१०.१ गरिबीको मापन ४३
४.१०.२ स्वास्थ्यको अवस्था ४३
४.१०.३ जीवनस्तर ४४
४.११ कोरोना र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव ४७

परिच्छेद ५ : भौतिक पूर्वाधारको स्थिति ५१
५.१ सडक यातायात ५१
५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था ५२
५.३ विद्युत् तथा वैकल्पिक ऊर्जाको अवस्था ५३
५.४ खानेपानी तथा सरसफाइको स्थिति ५३
५.५ नदी नियन्त्रण ५३
५.६ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार ५४
५.७ भूकम्प र पुनर्निर्माण ५५
परिच्छेद ६ : सामाजिक विकास ५६
६.१ शिक्षा ५६
६.२ स्वास्थ्य ६३
६.३ जोखिममा रहेको वर्ग र सामाजिक सुरक्षा ६३
६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) ६४
६.४.१ अपाङ्गता ६४
६.४.२ निर्णयमा सहभागिता ६५
६.४.३ सामाजिक विभेद र हिंसा **६६**
परिच्छेद ७ : वन, वातावरण तथा जलवायु परिवर्तन ६७
७.१ वन क्षेत्रको स्थिति ६७
७.२ जलवायु ६८
७.३ जैविक विविधता ६८
७.४ भू-क्षय बाढी पहिरो तथा जोखिमको अवस्था ६९
परिच्छेद ८ : संस्थागत सुशासन ७२
८.१ गाउँ सभाको विवरण ७२
८.२ गाउँपालिकाको संगठनात्मक संरचना ७२
८.३ दरबन्दी र पदपूर्तिको अवस्था ७३
८.४ गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरू ७४
८.५ गाउँपालिकामा रहेका प्रमुख गैरसरकारी संस्थाहरू ७४
८.६ गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरूको विवरण ७४
८.७ कर्मचारीहरूको विवरण ७५

ग्राफचित्र विवरण

चित्र २.१	गाउँपालिकाको प्रशासनिक विभाजन	४
चित्र २.३	गाउँपालिकाको भू-उपयोग नक्सा	७
चित्र २.५(क)	जमिनको भिरालोपन	८
चित्र २.७	नदी सञ्जाल	१२
चित्र ३.१(क)	घरपरिवारको घरमुली	१४
चित्र ३.१(ख)	वडागत जनसंख्या वितरण	१४
चित्र ३.२	वडागत जनघनत्व	१५
चित्र ३.३	वडागत र कुल जनसंख्या वृद्धि	१६
चित्र ३.४.१	जनसंख्याको लैंगिक वितरण	१७
चित्र ३.४.४	उमेर र लिंग अनुसारको जनसंख्या वितरण	१९
चित्र ३.५	जातजातिको विवरण	२१
चित्र ३.६	गाउँपालिकामा बोलिने मुख्य भाषाहरूको विवरण	२१
चित्र ३.७	मुख्य धर्महरूको विवरण	२२
चित्र ३.८	नागरिकहरूको बसोबास	२३
चित्र ३.१०	घरको मापदण्ड	२५
चित्र ४.४	उद्योग तथा कारखानाको अवस्थिति	३४
चित्र ४.५	पर्यटकीय स्थलहरूको अवस्थिति	३५
चित्र ४.६	वित्तीय संस्थाको अवस्थिति	३७
चित्र ४.९	आम्दानीको असमानता मापन गर्ने रेखाचित्र	४२
चित्र ५.१	सडक, पुल तथा कल्भर्टको अवस्थिति	५२
चित्र ५.७	भूकम्प प्रभावित घरधुरीको अवस्थिति	५५
चित्र ६.१	शैक्षिक संस्थाको अवस्थिति	५९
चित्र ६.२	स्वास्थ्य संस्थाको अवस्थिति	६३
चित्र ८.१	गाउँपालिकाको स्वीकृत संगठन	७१

तालिका विवरण

तालिकाः २.१	गाउँपालिकाको संक्षिप्त जानकारी	५
तालिकाः २.२	म्यागङ गाउँपालिकाको वडा विभाजन	५
तालिका २.३(क)	भू-उपयोगको अवस्था	६
तालिका २.३(ख)	वडागत भू-भागको क्षेत्रफल	६
तालिका २.४	जिल्लाको माटोको प्रकार	७
तालिका ३.१	घरमूलीको विवरणसहित घरपरिवारको संख्या	१३
तालिका ३.२	जनसंख्याको आकार र जनघनत्व	१५
तालिका ३.३	जनसंख्या वृद्धि	१६
तालिका ३.४.१	लैंगिक आधारमा जनसंख्याको बनावट	१७
तालिका ३.४.३	विगत तीन वर्षको मृत्यु	१८
तालिका ३.४.४(क)	उमेर र लिंग अनुसारको जनसंख्या वितरण	१८

तालिका ३.४.४(ख)	वैवाहिक स्थितिको लैङ्गिक खण्डीकृत विवरण	२०
तालिका ३.४.५	परिवार संख्या विवरण	२०
तालिका ३.८	नागरिकहरूको हालको बसाइ	२२
तालिका ३.९(क)	हाल बसिरहेको घरको स्वामित्वको विवरण	२३
तालिका ३.९(ख)	घर जगगाको स्वामित्व सम्बन्धी लैङ्गिक विवरण	२४
तालिका ३.१०(क)	घरको छानोको प्रकारको विवरण	२४
तालिका ३.१०(ख)	घरको जगको विवरण	२५
तालिका ४.१	अर्थतन्त्रको संरचनागत अवस्था	२६
तालिका ४.२.१(क)	कृषिमा संलग्न घरपरिवार	२७
तालिका ४.२.३ (क)	अन्न बाली उत्पादन, उपभोग र बिक्री विवरण	२८
तालिका ४.२.३ (ख)	फलफूल उत्पादन, उपभोग र बिक्री विवरण	२८
तालिका ४.२.३ (ग)	तरकारी उत्पादन, उपभोग र बिक्री विवरण	२९
तालिका ४.२.४(क)	पशुपालनको विवरण	२९
तालिका ४.२.४(ख)	पशुजन्य उत्पादन	३०
तालिका ४.२.४(ग)	अन्य कृषि उत्पादन विवरण	३०
तालिका ४.२.५(क)	कृषि उपज बिक्री गर्ने घरपरिवारको विवरण	३१
तालिका ४.२.५(ख)	कृषि उपज निर्यातको विवरण	३१
तालिका ४.२.६	सिंचाइ योजनाको विवरण	३२
तालिका ४.३	खाद्य पर्याप्तता विवरण	३३
तालिका ४.४	आर्थिक इकाईहरू	३३
तालिका ४.५(क)	धार्मिक सांस्कृतिक स्थलहरूको विवरण	३५
तालिका ४.५(ख)	पर्यटनमा महिला सहभागिताको आवश्यकता भएको बताउने घरधुरी संख्या	३६
तालिका ४.६ (क)	वित्तीय संस्थाको विवरण	३६
तालिका ४.६(ख)	बैंक खाताको विवरण	३७
तालिका ४.६ (ग)	महिला पुरुषको ज्यालामा समानता सम्बन्धी विवरण	३८
तालिकाः ४.६(घ)	सहकारीमा महिला आबद्धता विवरण	३८
तालिका ४.७	विभिन्न पेशामा संलग्नता सम्बन्धी लैङ्गिक विवरण	३९
तालिका ४.८	सीपमूलक तालिमको विवरण	४०
तालिका ४.९(क)	प्रति परिवार वार्षिक आम्दानी	४१
तालिका ४.९(ख)	प्रति परिवार वार्षिक खर्च	४२
तालिका ४.१०.३(क)	खाना पकाउन प्रयोग गरिने इन्धन	४५
तालिका ४.१०.३(ख)	शौचालय प्रयोगको विवरण	४५
तालिका ४.१०.३(ग)	पिउने पानीको सुविधा विवरण	४६
तालिका ४.१०.३(घ)	बत्तीको स्रोतको विवरण	४६
तालिका ४.१०.३(ङ)	सम्पत्तिको स्वामित्व	४७
तालिका ४.११(क)	कोभिडको कारण बालबालिकाले विद्यालय छोडेको विवरण	४८
तालिका ४.११(ख)	लकडाउनमा महिला हिंसा विवरण	४९
तालिका ५.१(क)	गाउँपालिकाको सडक पूर्वाधार	५१
तालिका ५.१ (ख)	सडक पुल तथा यातायात	५१

तालिका ५.२	सूचना प्रविधि तथा सञ्चारको अवस्था	५२
तालिका ५.३	विद्युत् तथा वैकल्पिक ऊर्जाको अवस्था	५३
तालिका ५.६	भवन, आवास तथा बस्ती विकासको अवस्था	५४
तालिका ५.७(क)	गाउँपालिकाको वडामा भूकम्पको असर (कम अंक = बढी असर)	५५
तालिका ६.१(क)	आधारभूत विद्यालयको विवरण	५७
तालिका ६.१(ख)	माध्यमिक विद्यालयको विवरण	५७
तालिका ६.१(ग)	माध्यमिक विद्यालयको विवरण	५८
तालिका ६.१(घ)	शिक्षा सम्बन्धी लैङ्गिक विवरण	५८
तालिका ६.१(ङ)	विद्यालय छाड्ने केटाकेटीहरूको विवरण (%)	५९
तालिका ६.२(क)	गाउँपालिकामा उपलब्ध स्वास्थ्य सुविधाको विवरण	६०
तालिका ६.२.(ख)	स्वास्थ्य सम्बन्धी विवरण	६१
तालिका ६.२(ग)	दीर्घ रोगहरू सम्बन्धी विवरण	६२
तालिका ६.३	राष्ट्रिय परिचयपत्र वितरणको विवरण	६४
तालिका ६.४.१(क)	अपाङ्गता सम्बन्धी लैङ्गिक खण्डीकृत विवरण	६४
तालिका ६.४.१(ख)	अपाङ्गताको प्रकार सम्बन्धी विवरण	६५
तालिका ६.४.१(ग)	अपाङ्गता परिचयपत्र सम्बन्धी विवरण	६५
तालिका ६.४.२	निर्णयमा सहभागिता सम्बन्धी लैङ्गिक विवरण	६६
तालिका ६.४.३	महिला माथि हुने सामाजिक विभेद र हिंसाको विवरण	६६
तालिका ७.१	सामुदायिक वनको सूची	६७
तालिका ७.३	खोटोको उत्पादन परिमाण	६९
तालिका ८.१	गाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी	७१
तालिका ८.२	कर्मचारीको विवरण	७३

परिच्छेद : एक
परिचय

१.१ पृष्ठभूमि

स्थानीयस्तरका नीति निर्माण, विकास योजनाका तर्जुमा तथा सफल कार्यान्वयनमा सूचना र तथ्यांकको भूमिका महत्वपूर्ण हुन्छ। स्थानीय तहका सरकारले बनाउने नीति, योजना तथा कार्यक्रम तर्जुमाका लागि यथार्थपरक र वस्तुनिष्ठ विषयगत तथा क्षेत्रगत तथ्यांकको आवश्यकता पर्दछ। जसले कुनै पनि सरकार वा संस्थाको वास्तविक अवस्था, अवसर र सम्भावना तथा चुनौतीको बारेमा यथार्थ चित्रण गर्ने र भावी योजना निर्माण गर्ने आधार प्रदान गर्नुका साथै प्रमाणमा आधारित निर्णयमा सघाउ पुर्‍याउँदछ। यसर्थ स्थानीय सरकार सञ्चालन ऐनको दफा ११ (२ङ) ले स्थानीय अभिलेख व्यवस्थापन अन्तर्गत वस्तुगत विवरणको आवश्यकता र तयारीलाई महत्वपूर्ण दस्तावेजको रूपमा लिएको छ। यसै अनुरूप यस म्यागङ गाउँपालिकाको भौगोलिक, आर्थिक सामाजिक, पूर्वाधार, वातावरण तथा सस्थागत सुशासन लगायतका विवरणहरू प्रस्तुत गरिएको छ। यस विवरणबाट गाउँपालिकाको अद्यावधिक वस्तु स्थिति प्रस्तुत गर्नुका साथै गाउँपालिकाको योजना तथा नीति निर्माणमा समेत टेवा पुग्ने देखिन्छ।

१.२ उद्देश्य

यस वस्तुगत विवरण तयारीको प्रमुख उद्देश्य गाउँपालिकाको भौगोलिक, जनसांख्यिक, आर्थिक, सामाजिक लगायत विभिन्न क्षेत्रको वास्तविक अवस्था चित्रण गर्नु हो। यसका अतिरिक्त यसको विशिष्ट उद्देश्यहरू देहाय अनुसार छन्:

१) यस गाउँपालिकाको आर्थिक, सामाजिक, भौतिक लगायतका विभिन्न सुचकहरू तयार पार्नका लागि आवश्यक सुचना संकलन र विश्लेषण गरी अभिलेखीकरण गर्नु

२) यस गाउँपालिकामा उपलब्ध तथ्यांक एवं सूचनाहरू अद्यावधिक गर्नु र

३) यी सूचनाहरूलाई गाउँपालिकाका आगामि योजना, नीति, एबं रणनितिक कार्ययोजनासँग जोड्नु।

१.३ अध्ययन विधि

१.३.१ तथ्याङ्क र सूचना संकलन

यस पाश्र्वचित्रमा प्रस्तुत तथ्यांकहरू प्राथमिक र द्वितीयक दुवै स्रोतहरूबाट संकलन गरिएका छन्।

(क) **प्राथमिक स्रोतः** प्राथमिक तथ्यांक यस गाउँपालिकामा घरधुरी र संस्थागत सर्वेक्षणमार्फत संकलन गरिएको थियो। यी तथ्यांकहरू संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार पारेको घरधुरी सर्वेक्षण कार्यविधि अनुसार तयार पारेको GIS-BASED मोबाइल एप्सबाट तथ्यांक संकलन गरिएको थियो। तथ्यांक संकलनका लागि गाउँपालिकाले स्थानीय युवाहरूमध्येबाट छनौट गरेका सर्वेक्षकहरूलाई मोबाइल एप्सको प्रयोग विधिबाट तथ्यांक संकलन सम्बन्धी तालिम दिइएको

थियो। तालिम प्राप्त सर्वेक्षकहरूको कार्यको नियमित सुपरिवेक्षण र सहजीकरण गाउँपालिकाका वडा अध्यक्ष तथा सचिवहरु र योजना तथा सूचना शाखाबाट भएको थियो। प्राप्त नतिजाको प्रारम्भिक जाँच गाउँपालिकाका अधिकारीबाट भएको थियो। जसमा कुनै क्षेत्रको महत्वपूर्ण तथ्य छुट भएको वा गलत तथ्यांक अभिलेखीकरण भएको अवस्थामा पुनः संकलन गराइएको थियो। यसरी प्राथमिक स्रोतमार्फत घरधुरी तथा संस्थागत तथ्याङ्क संकलन गरिएको थियो।

(ख) **द्वितीयक स्रोतः** यस गाउँपालिकाबाट संकलित तथ्याक बाहेक विभिन्न द्वितीयक स्रोतबाट समेत तथ्यांक लिइएको छ। जनगणना २०११, नेपाल जीवनस्तर मापन सर्वेक्षण २०११, नेपाल कृषि नमुना गणना २०११, नेपाल मानव विकास प्रतिवेदन २०१४ र २०२०, राष्ट्रिय आर्थिक गणना २०७५, प्रादेशिक राष्ट्रिय आय गणना २०७७/७८, बागमती प्रदेशको वस्तुस्थिति विवरण २०७५ र नेपालको आर्थिक सर्वेक्षण २०७७/७८ मा प्रकाशित तथ्य एवम् सूचनाहरूको अध्ययन गरी गाउँपालिकासँग सम्बन्धित तथ्यांकहरू प्रयोग गरिएको छ।

१.३.२ वस्तुस्थिति विवरण

तथ्यांकका द्वितीयक स्रोतहरूको अध्ययन र विश्लेषणपश्चात् गाउँपालिकाको, सामाजिक, आर्थिक, साँस्कृतिक तथा भौगोलिक अवस्थाको अध्ययन गर्न विभिन्न विषयगत विज्ञहरू संलग्न टोलीले गाउँपालिका भ्रमण गरिएको थियो। उक्त भ्रमणको बेलामा गाउँपालिकाको जनप्रतिनिधि, कर्मचारी, स्थानीय जनता, विषय क्षेत्रका जानकारहरू, उद्योगी व्यवसायी, जिल्लास्थित विषयगत कार्यालयका प्रमुख एवम् प्रतिनिधिहरूसँग अन्तरवार्ता, छलफल र अन्तरक्रिया गरिएको थियो। यसरी गाउँपालिकाको वस्तुस्थितिको जानकारी लिई विश्लेषण गरी यस पाश्र्वचित्रमा अभिलेखीकरण गरिएको छ।

१.३.३ आधार वर्षको तथ्याङ्क तथा सूचना

यो प्रोफाइल तयार गर्दा २०७७ सालमा गाउँपालिकाबाट गरिएको घरधुरी सर्वेक्षण र संस्थागत सर्वेक्षण साथै वस्तुस्थिति अध्ययनबाट प्राप्त नतिजालाई आधार मानिएको छ। तसर्थ अधिकतम् रूपमा २०७७ सालको तथ्यांक प्रयोग भएको छ। उक्त स्रोतबाट प्राप्त कतिपय सूचना तथा तथ्यांक अपूर्ण र भरपर्दो नभएको अवस्थामा नेपाल सरकार, राष्ट्रिय योजना आयोग, विभिन्न सम्बन्धित मन्त्रालयहरू, केन्द्रीय तथ्यांक विभाग र बागमती प्रदेश सरकारका विभिन्न समयका प्रकाशनहरूबाट लिइएको छ। यस्ता तथ्यांक विभिन्न वर्षका छन् जसलाई तथ्यांकको स्रोतको रूपमा सम्बन्धित तालिका वा चित्रमा उल्लेख गरिएको छ।

१.३.४ तथ्याङ्कको तालिकीकरण

मोबाइल एप्समार्फत संकलन गरिएका तथ्यांक माइक्रोसफ्ट एक्सेल मार्फत प्रसोधन गरी तथ्यांकको आवश्यकता र उपादेयताको आधारमा तालिकीकरण गरिएको छ। तालिकाहरू आवश्यकता अनुसारको संख्यामा निर्माण गरिएको छ।

१.३.५ तथ्याङ्कको विश्लेषण

मोबाइल एप्समार्फत संकलन गरिएका तथ्यांक माइक्रोसफ्ट एक्सेलमार्फत प्रशोधन गरी तथ्यांक विश्लेषण गरिएको छ। यो मूलतः वर्णनात्मक रहेको छ। यसमा विभिन्न तालिका, चित्र, प्रतिशत आदिको आधारमा विश्लेषण गरिएको छ। अधिकांश सूचकको विवरण वडागत रूपमा प्रस्तुत गरिएको छ।

१.३.६ भौगौलिक सूचना प्रणाली

प्राप्त प्रारम्भिक र द्वितीय तहको तथ्यांक र सूचनालाई गाउँपालिकाको नक्सामा चित्रित गरी भौगौलिक सूचना प्रणालीको माध्यमबाट उपयुक्त स्थानमा राखिएको छ

१.३.७ संघीय मामिला तथा समान्य प्रशासन मंत्रालयको प्रणालीमा आबद्धता

मोबाइल एपद्वारा प्राप्त सूचनालाई गाउँपालिकाको वेवसाइटका साथै वस्तुगत विबरणलाई मंत्रालयको प्रणालीमा आबद्ध गरिएको छ

१.४ सूचनाका स्रोत तथा सीमाहरू

यो पार्श्वचित्र यस गाउँपालिकाको लागि तयार गरिएको पहिलो पार्श्वचित्र हो। आवश्यक सूचना तथा तथ्यांक संकलन सीमित समयावधिमा सीमित जनशक्तिको संलग्नतामा गरिएको छ। मन्त्रालयबाट पहिले नै तयार भएको प्रश्नावलीलाई सामान्य रुपमा गाउँपालिका सान्दर्भिक बनाई त्यसको आधारमा तयार गरिएको छ। पछिल्लो समयमा विकास भएको आवश्यकतालाई सम्बोधन गर्ने सीमित प्रश्नावलीमात्र समावेश भएकोले कतिपय महत्वपूर्ण सूचना तथा तथ्यांक छुटेका हुन सक्छन्। एक व्यक्तिमात्र गणक भएकोले त्यसबाट उत्पन्न हुने सीमा विद्यमान हुनु स्वाभाविक छ। यो पार्श्वचित्र अधिकतम् मात्रामा उत्तरदाताको जवाफमा आधारित भएकोले सम्बन्धित क्षेत्रको उनीहरूसँग भएको सूचना एवम् जानकारीको कमी, ज्ञानको अभावको कारण सोबाट सिर्जित सीमा विद्यमान रहन्छ। स्वाभाविक रूपमा कुनै पनि प्रश्नको उत्तर दिने क्रममा उत्तरदाताको ज्ञान र प्रकृति अनुसार कुनै प्रश्नको जवाफमा हुने गल्ती र पक्षधरताको कारण कतिपय तथ्यांकले यथार्थ चित्रण गर्न नसक्ने हुन सक्छ। तर हाल उपलब्ध यस गाउँपालिकाको सूचना र तथ्यांकमा यो पार्श्वचित्र सबैभन्दा यथार्थपरक बनाउने प्रयत्न गरिएको छ।

परिच्छेद : दुई
भौगोलिक अवस्था

२.१ भौगोलिक अवस्थिति, क्षेत्रफल र सिमाना

यो गाउँपालिका समुद्र सतहबाट करिब तीन हजार फिटदेखि करिब १२ हजार फिटसम्मको उचाइमा अवस्थित रहेको छ। यस गाउँपालिकाको जनसंख्या १९,३६२ रहेको छ।[१] यस गाउँपालिकामा भिरालो तथा पहाडी भागका साथै बेंसी तथा मैदान रहेको छ। हालको संरचना अनुसार गाउँपालिकामा ६(छ) वटा वडाहरू रहेका छन्। गाउँपालिकाको संक्षिप्त विवरण देहाय बमोजिम रहेको छः

चित्र २.१ गाउँपालिकाको प्रशासनिक विभाजन



Copyright@MoFALD

यस गाउँपालिकाको पूर्वमा किस्पाङ गा.पा., विदुर नगरपालिका, पश्चिममा धादिङ जिल्लाको नेत्रावती गाउँपालिका, उत्तरमा धादिङ जिल्लाको खनियावास गाउँपालिका तथा दक्षिणमा विदुर नगरपालिका र तारकेश्वर गाउँपालिका रहेको छ। यस गाउँपालिकाको केन्द्र साविकको देउराली गाविसको कार्यालय हालको वडा नं ३ देउराली मा अवस्थित छ।

[१] गाउँपालिकाको प्रोफाइल (२०७७)

तालिकाः २.१ गाउँपालिकाको संक्षिप्त जानकारी

समावेश भएका साविक गाविसहरू	बुङताङ, देउराली, किम्ताङ सामरी र बर्सुन्चेत गा. .वि .स हरू	**स्वीकृत केन्द्रः देउराली**
क्षेत्रफल	९७. ८४ वर्ग कि.मि.	
केन्द्र	म्यागङ गाविसको कार्यालय वडा ३ देउराली	
वडा संख्या	६	
सिमाना		
पूर्व	किस्पाङ गा.पा., विदुर नगरपालिका	
पश्चिम	धादिङ जिल्लाको नेत्रावती गाउँपालिका,	
उत्तर	धादिंग जिल्लाको खनियावास गाउँपालिका	
दक्षिण	विदुर नगरपालिका र तारकेश्वर गाउँपालिका	

स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८ र म्यागङ गाउँपालिकाको भूकम्प पश्चात्को पुनर्निर्माण योजना विवरण भाग १, नुवाकोट, २०७४

म्यागङ गाउँपालिका गठनको क्रममा समावेश भएका गाविसहरू र वडा विभाजन देहायअनुसारको (तालिका नं २.२) रहेको छ।

तालिकाः २.२ म्यागङ गाउँपालिकाको वडा विभाजन

क्र.सं	समावेश भएका साविका गाविस तथा वडाहरू	कायम वडा नं
१	बर्सुन्चेत १ देखि ९ वडा	१
२	बुङताङ १ देखि ९ वडा	२
३	देउराली १ देखि ९ वडा	३
४	किमताङ १ देखि ९ वडा	४
५	सामरी (१, ४, ७, ८, ९ वडा)	५
६	सामरी (२, ३, ५, ६ वडा)	६

स्रोतः नेपाल सरकार, नेपाल राजपत्र २०७३ फागुन २७ गते संख्या ५८

२.२ राजनीतिक प्रशासनिक विभाजन

नेपालको संविधान कार्यान्वयन गर्ने प्रक्रियामा नुवाकोट जिल्लाका १२ स्थानीय तह (२ नगरपालिका र १० गाउँपालिका) मध्ये एक गाउँपालिकाको रूपमा नेपाल सरकारद्वारा घोषणा गरिएको यस गाउँपालिकामा छ वटा वडा रहेका छन्। सबै वडा कार्यालयहरू सञ्चालनमा रहेका छन्। यस गाउँपालिकाको गाउँसभामा जम्मा ३४ सदस्य छन् भने गाउँकार्यपालिकामा जम्मा १४ सदस्य छन्।

२.३ भू-उपयोगको विवरण

यस गाउँपालिकाको कुल क्षेत्रफल ९७.८४ वर्ग कि.मि. रहेको छ। जसमध्ये ४७.२३ प्रतिशत (४६.२१ वर्ग कि.मि.) कृषियोग्य छ। करिव एक-चौथाई भू-भाग अर्थात् २४.६० प्रतिशत (२४.०७ वर्ग कि.मि.)

वन जंगलले ढाकेको छ भने अन्य क्षेत्र २८.१७ प्रतिशत (२७.५६ वर्ग कि. मि.) छ। यो गाउँपालिकाको भू-उपयोगको अवस्था तलको तालिका २.३ मा दिइएको छ।

तालिका २.३(क) : भू-उपयोगको अवस्था

क्रम सङ्ख्या	उपयोग	क्षेत्रफल वर्ग कि.मि.	प्रतिशत
१	वन जंगलले ढाकेको जमिन	२४.०७	२४.६०
२	कृषी योग्य जमिन	४६.२१	४७.२३
३	अन्य	२७.५६	२८.१७
	कुल	**९७.८४**	**१००**

स्रोत : फोटोग्राफिक नक्शा, सर्भेक्षण बिभाग

यस गाउँपालिकाको क्षेत्रफलको करिब एक-चौथाइभन्दा बढी अर्थात् २६.७५ प्रतिशत (२६.१७ वर्ग कि.मि.) भू-भाग चार नम्बर वडाले ओगटेको छ। त्यसपछि वडा नम्बर ३ ले करिब १९.३८ प्रतिशत (१८.९६ वर्ग कि.मि.) ओगटेको छ भने सबैभन्दा कम अर्थात् ९.८२ प्रतिशत (९.६१ वर्ग कि.मि.) वडा नम्बर १ ले ओगटेको छ। यस गाउँपालिकाको वडागत भू-भागको आकार तालिका २.३(ख) मा प्रस्तुत गरिएको छ।

तालिका २.३(ख) : वडागत भू-भागको क्षेत्रफल

वडा नम्बर	क्षेत्रफल वर्ग किमि	प्रतिशत
१	९.६१	९.८२
२	१३.९३	१४.२४
३	१८.९६	१९.३८
४	२६.१७	२६.७५
५	१४.९२	१५.२५
६	१४.२५	१४.५६
कुल	**९७.८४**	

स्रोत : फोटोग्राफिक नक्सा, सर्वेक्षण विभाग

चित्र २.३ गाउँपालिकाको भू-उपयोग नक्सा



२.४ माटोको बनावट र उर्वरा शक्ति

यो गाउँपालिका मध्य पहाडी भागमा पर्ने भएकोले यसको भू-बनोट भिरालो छ। नुवाकोट जिल्लाको अधिकांश भू-बनोट पत्रेदार चट्टान र पत्रेदार परिवर्तित चट्टानहरूले बनेको पाइन्छ। जिल्ला को भू-बनोट र माटोको विवरणलाई आधार मानि हेर्दा यस गाउपालिकाको माटोको बनावट मुख्यतः चिम्टाइलो, दोमट, बलौटे, तथा रातो देखिन्छ। चिम्टाइलो पाङ्गो माटो भएको कारण धान, गहूँ, तरकारी खेतीका लागि उपयुक्त छ। समथर भागमा पाङ्गो माटो पाइने भएकोले यो क्षेत्र पनि खेतीयोग्य रहेको छ।

जिल्लामा भएको माटोको विवरण तालिका २.४ मा प्रस्तुत गरिएको छ। जस अनुसार यस गाउँपालिकामा पनि तालिकामा उल्लेख भए अनुसारको माटो रहेको मान्यता लिन सकिन्छ।

तालिका २.४ : जिल्लाको माटोको प्रकार

क्र.सं.	माटोको प्रकार	प्रतिशत (%)
१	दोमट (Loamy)	४.५
२	पातलो दोमट (Loamy Skeletal)	९०.०
३	टुकत्याइलो दोमट (Fragmented Loamy)	२.५
४	बलौटे (Sandy)	०.१

५	बलौटे दोमट (Sandy Loamy)	१.५
६	गेडुला ढुङ्गा र दोमट (Loam & boulder)	१.४
श्रोत जि.स.स. नुवाकोट		

२.५ भूक्षयको सम्भावित क्षेत्र

यस गाउँपालिकामा केही भिरालो भूभाग पनि रहेको कारण भू-क्षयको सम्भावना रहेको छ। यो प्रोफाइल तयार गर्दा डिजिटल नक्शांकनको पनि प्रयोग गरिएकोले सोबाट देखिन आएको भूक्षयको सम्भावित क्षेत्र (भौगोलिक बनोटको आधारमा) र जोखिम क्षेत्र तलका चित्रहरूमा दिइएको छ। चित्र २.५(ख) मा देखाए अनुसार यस गाउँपालिकाको वडा नम्बर २ को भूमि जोखिमको दृष्टिले बढी संवेदनशील देखिन्छ।

चित्र २.५(क) जमिनको भिरालोपन



चित्र २.५(ख) जोखिम क्षेत्रः (१. खुला क्षेत्र, २. वर्षातको कारण क्षतिग्रस्त क्षेत्र, ३. वर्षातको कारण हुने क्षति सम्भावित क्षेत्र, ४. भूकम्पको कारण क्षतिग्रस्त क्षेत्र, ५. भूकम्पीय क्षति सम्भावित क्षेत्र)


Hazard Mapping and Risk Management
Distribution of Open Spaces and Critical/Emergency Service
Legend
National Boundary
District Boundary
Localbodies Boundary
Ward Boundary
River
Location of Ward Office
Nepal Road Network
Strategic Road Network
Black Topped Road
Gravel Road
Earthen Road
Under Construction Road
District Road Core Network
Distribution of Open Spaces and Critical/Emergency Services
Agriculture Area
Forest Area
Sensitive Area(Flood, Landslide, Erosion, Inundation, Droughts)
Public Area(Sports Ground, Park, Parking, Entertainment)
Gangajamuna Gaunpalika
Khaniyabash Gaunpalika
Uttargaya Gaunpalika
Kispang Gaunpalika
Netrawati Dabjong Gaunpalika
Bidur Nagarpalika
Nilakantha Nagarpalika
Tarkeshwar Gaunpalika
Ward 1
Ward 2
Ward 3
Ward 4
Ward 5
Ward 6
Thopal Khola
Printed using website http://npgp.softwel.com.np/


Hazard Mapping and Risk Management
Landslide Hazard Rainfall Triggered
Meghang Rural Municipality
Legend
for legend
National Boundary
District Boundary
Localbodies Boundary
Ward Boundary
River
NP/GP Road
Paved
Gravel
Earthen
Undefined
Foot Trails
Rainfall-Triggered Landslide Hazard
Very Low
Low
Medium
High
Very High
Gangajamuna Gaunpalika
Khaniyabash Gaunpalika
Uttargaya Gaunpalika
Kispang Gaunpalika
Tripura Sundari Gaunpalika
Netrawati Dabjong Gaunpalika
Bidur Nagarpalika
Nilakantha Nagarpalika
Tarkeshwar Gaunpalika
Likhu Gaunpalika
Ward 1
Ward 2
Ward 3
Ward 4
Ward 5
Ward 6
Printed using website http://npgp.softwel.com.np/


302100
307400
312700
318000
3106800
3106500
3106200
3095200
3089800
Gangajamuna Gaunpalika
Khaniyabash Gaunpalika
Uttargaya Gaunpalika
Kispang Gaunpalika
Ward 4
Ward 1
Ward 2
Ward 3
Ward 6
Ward 5
Tripura Sundari Gaunpalika
Netrawati Dabjong Gaunpalika
Bidur Nagarpalika
Nilakantha Nagarpalika
Tarkeshwar Gaunpalika
Likhu Gaunpalika
Hazard Mapping and Risk Management
Landslide Susceptibility Rainfall Triggered
Meghang Rural Municipality
Legend
National Boundary
District Boundary
Localbodies Boundary
Ward Boundary
River
Strategic Road Network
NP/GP Road
Paved
Gravel
Earthen
Undefined
Foot Trails
Rainfall-Triggered Landslide Susceptibility
Very Low
Low
Medium
High
Very High
Printed using website http://nggp.softwel.com.np/


302100
307400
312700
318000
3106800
3106500
3106200
3095200
3089800
Gangajamuna Gaunpalika
Khaniyabash Gaunpalika
Uttargaya Gaunpalika
Kispang Gaunpalika
Ward 4
Ward 1
Ward 2
Ward 3
Ward 6
Ward 5
Tripura Sundari Gaunpalika
Netrawati Dabjong Gaunpalika
Bidur Nagarpalika
Nilakantha Nagarpalika
Tarkeshwar Gaunpalika
Likhu Gaunpalika
Hazard Mapping and Risk Management
Landslide Hazard Seismic Triggered
Meghang Rural Municipality
Legend
National Boundary
District Boundary
Localbodies Boundary
Ward Boundary
River
Strategic Road Network
NP/GP Road
Paved
Gravel
Earthen
Undefined
Foot Trails
Seismic-Triggered Landslide Hazard
Very Low
Low
Medium
High
Very High
Printed using website http://nggp.softwel.com.np/



२.६ जलवायु

समुद्र सतहबाट ३००० फिटदेखि उच्च पहाडी भूभाग १२००० फिटसम्मको उचाइमा रहेको यस गाउँपालिकामा समशीतोष्ण र लेकाली हावापानी पाइन्छ।

२.७ जलस्रोत वन जंगल तथा अन्य प्राकृतिक स्रोत साधन

यस गाउँपालिकाको जलस्रोतको रूपमा रहेको नदी र खोलाहरूको सञ्जाल तलको चित्र २.७ मा देखाइएको छ। यस गाउँपालिकाको कुल भूभागको करिब एक-चौथाइ भाग वन क्षेत्र रहेको छ (तालिका २.३ क)।

चित्र २.७ नदी सञ्जाल



Printed using website http://npgp.softwel.com.np/

परिच्छेद : तीन

जनसंख्या

३.१ घरपरिवारको संख्या

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ को तथ्यांक अनुसार गाउँपालिकामा कुल ४५१३ घरपरिवार बसोबास गर्छन् (वडागत वितरण सहित तालिका ३.१ मा प्रस्तुत)। वडा नम्बर ३ मा सबैभन्दा धेरै अर्थात् १३५४ घरपरिवार बसोबास गर्छन्। यो गाउँपालिकाको कुल घरपरिवारको करिब २८ प्रतिशत हुन्छ। त्यस्तै गरी सबैभन्दा कम वडा नम्बर एकमा कुल घरपरिवारको करिब तीन प्रतिशतभन्दा कम अर्थात् ११६ घरपरिवार बसोबास गर्दछन्। यस गाउँपालिकामा २०६८ को जनगणनामा ३३९० घरधुरी रहेकोमा त्यसपछि करिब एक तिहाइ घरपरिवार अर्थात् ११२३ घरपरिवारको वृद्धि भएको छ। वडा नम्बर एकमा २०६८ भन्दा घरपरिवार घटेका छन् भने वडा नम्बर चारमा सबैभन्दा बढी करिब ६४ प्रतिशतले बढेका छन्।

तालिका ३.१ घरमूलीको विवरणसहित घरपरिवारको संख्या

	जनगणना २०६८		घरधुरी सर्वेक्षण २०७७				
वडा	घरधुरी संख्या	%	घरधुरी संख्या	%	पुरुष घरमुली	महिला घरमुली	तेस्रो लिंगी घरमुली
१	११८	३.४८	११६	२.५७	९१(७८.४५)	२४(२०.६९)	१(०.८६)
२	५९९	१७.६७	८२२	१८.२१	७२५(८८.२)	९५(११.५६)	२(०.२४)
३	१००५	२९.६५	१२५४	२७.७९	८२९(६६.११)	४२५(३३.८९)	०(०.०)
४	४५९	१३.५४	७५३	१६.६९	६०२(७९.९५)	१५०(१९.९२)	१(०.१३)
५	५४८	१६.१७	६७५	१४.९६	५६५(८३.७०)	११०(१६.३)	०(०.०)
६	६६१	१९.५०	८९३	१९.७९	७१९(८०.५१)	१७३(१९.३७)	१(०.११)
कुल जम्मा	३३९०	१००.००	४५१३	१००.०	३५३१(७८.२४)	९७७(२१.६५)	५(०.११)

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र संख्या ३.१ मा घरमुली (लैंगिक) देखाइएको छ। चित्रमा देखाए अनुसार यस गाउँपालिकाको ३५३१ अर्थात् करिब ७८.२४ प्रतिशत घरपरिवारको घरमुली पुरुष छन्। ९७७ अर्थात् २१.६५ प्रतिशत घरपरिवारको घरमुली महिला छन् भने बाँकी ५ घर परिवारको घरमुली तेस्रो लिंगी छन्।

चित्र संख्या ३.१(क) घरपरिवारको घरमुली



चित्र ३.१(ख) वडागत जनसंख्या
वितरण



३.२ जनसंख्याको आकार र जनघनत्व

यस गाउँपालिकाको घरधुरी सर्वेक्षणको नतिजा अनुसारको कुल जनसंख्या र जनघनत्व वडागत वितरण सहित तालिका ३.२ मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको कुल जनसंख्या १९३६२ रहेको छ। वडा नम्बर ३ मा सबैभन्दा बढी ५२१९ जना अर्थात् करिब २७ प्रतिशत बसोबास गर्छन् भने वडा नम्बर एकमा सबैभन्दा कम अर्थात् २.६७ प्रतिशत मात्र बसोबास गर्छन्।

यस गाउँपालिकाको प्रतिवर्ग कि.मि. जनघनत्व करिब १९८ जना रहेको छ। सबैभन्दा बढी जनघनत्व वडा नम्बर ३ मा २७५ जना प्रतिवर्ग कि.मि र सबैभन्दा कम वडा नम्बर एकमा करिब ५४ जना प्रतिवर्ग कि.मि. रहेको छ।

तालिका ३.२ जनसंख्याको आकार र जनघनत्व

वडा	कुल जनसंख्या	जनसंख्याको प्रतिशत	क्षेत्रफल (वर्ग कि.मि.)	क्षेत्रफलको प्रतिशत	जन घनत्व (प्रति वर्ग कि.मि.)
१	५१६	२.६७	९.६१	९.८२	५३.६९
२	३७०३	१९.१३	१३.९३	१४.२४	२६५.८३
३	५२१९	२६.९५	१८.९६	१९.३८	२७५.२६
४	२८९८	१४.९७	२६.१७	२६.७५	११०.७४
५	३२०९	१६.५७	१४.९२	१५.२५	२१५.०८
६	३८१७	१९.७१	१४.२५	१४.५७	२६७.८६
कुल जम्मा	**१९३६२**	**१००.००**	**९७.८४**	**१००.००**	**१९७.९१**

स्रोतः टोपोग्राफिक नक्सा-सर्वेक्षण विभाग, घरधुरी सर्वेक्षण २०७७- म्यागङ गाउँपालिका

चित्र ३.२ : वडागत जनघनत्व



३.३ जनसंख्या वृद्धिदर

यस गाउँपालिकाको जनगणना २०६८ देखि घरधुरी सर्वेक्षण २०७७ सम्मको जनसंख्या वृद्धिको वडागत विवरण सहित तालिका ३.३ मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको कुल जनसंख्या २०६८ मा १३४७९ रहेकोमा ५८८३ जना वृद्धि भई २०७७ मा १९३६२ पुगेको छ। यो अवधिमा गाउँपालिकाको कुल जनसंख्या वार्षिक ४.११ प्रतिशतले बढेको छ। वडागत रूपमा सबैभन्दा बढी वडा नम्बर २ को जनसंख्या वार्षिक ६.४१ प्रतिशतले बढेको छ भने सबैभन्दा कम वडा नम्बर एकको जनसंख्या वार्षिक २.१५ प्रतिशतले मात्र बढेको छ।

तालिका ३.३ जनसंख्या वृद्धि

वडा	जनगणना २०६८		घरधुरी सर्वेक्षण २०७७		जनसंख्या वृद्धि दर %
१	४२६	३.१६	५१६	२.६७	२.१५
२	२११७	१५.७१	३७०३	१९.१३	६.४१
३	३६५६	२७.१२	५२१९	२६.९५	४.०३
४	१९७६	१४.६६	२८९८	१४.९७	४.३५
५	२४९३	१८.५०	३२०९	१६.५७	२.८४
६	२८११	२०.८५	३८१७	१९.७१	३.४६
कुल जम्मा	**१३४७९**	**१००.००**	**१९३६२**	**१००.००**	**४.११**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ३.३ वडागत र कुल जनसंख्या वृद्धि



३.४ जनसंख्याको विश्लेषण

३.४.१ लैंगिक आधारमा जनसंख्याको बनावट

यस गाउँपालिकाको वडागत वितरण सहितको लैंगिक जनसंख्याको विवरण तालिका ३.४.१ मा दिइएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा पुरुषको जनसंख्या ९९५४ अर्थात् ५१.४१ प्रतिशत, महिलाको जनसंख्या ९३९१ अर्थात् ४८.५ प्रतिशत र तेस्रो लिंगीको जनसंख्या १७ अर्थात् ०.०९ प्रतिशत रहेको छ। गाउँपालिकाको वडा नम्बर एकमा महिलाको संख्या बढी अर्थात् ५१.१६ प्रतिशत रहेको छ भने अरु सबै वडाहरूमा पुरुषको संख्या बढी रहेको छ।

तालिका ३.४.१ लैंगिक आधारमा जनसंख्याको बनावट

वडा	कुल जनसंख्या	पुरुष	महिला	तेस्रो लिंगी
१	५१६	२५१(४८.६४)	२६४(५१.१६)	१(०.१९)
२	३७०३	१९४५(५२.५२)	१७५५(४७.३९)	२(०.०८)
३	५२१९	२७०३(५१.७९)	२५१४(४८.१७)	१(०.०४)
४	२८९८	१४५१(५०.०७)	१४४५(४९.८६)	२(०.०७)
५	३२०९	१६१५(५०.३३)	१५९०(४९.५५)	२(०.१२)
६	३८१७	१९८९(५२.११)	१८२३(४७.७६)	४(०.१३)
कुल जम्मा	**१९३६२**	**९९५४(५१.४१)**	**९३९१(४८.५)**	**१२(०.०९)**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ३.४.१ जनसंख्याको लैंगिक वितरण



३.४.२ प्रजनन दर

यस पालिकाको कुल ९३९१ महिला जनसंख्यामध्ये ८६.६%(८१३३) महिला प्रजनन उमेरका छन्। पालिका स्तरको जन्मदर सम्बन्धी तथ्यांक उपलब्ध नभएका कारण प्रजनन दर निकालिएको छैन।

३.४.३ मृत्यु (मातृ, बाल, शिशु मृत्युदर)

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा विगत तिन वर्षमा कुल ११३ जनाको मृत्यु भएको थियो। यो गाउँपालिकाको कुल जनसंख्याको ०.५८ प्रतिशत हो। वडागत रूपमा वडा नम्बर एकमा सबैभन्दा बढी १.३६ प्रतिशत र सबैभन्दा कम वडा नम्बर ४ मा ०.३५ प्रतिशत मृत्यु भएको पाइन्छ। उक्त सर्वेक्षण बाट प्राप्त नतिजालाई तालिका ३.४.३ मा प्रस्तुत गरिएको छ। नेपालमा हालसम्म गाउँपालिका स्तरको मातृ, बाल र शिशु मृत्युदरको तथ्यांक उपलब्ध छैन।

तालिका ३.४.३ विगत तीन वर्षको मृत्यु

वडा	पुरुष	महिला	कुलजम्मा	प्रतिशत
१	२	५	७	१.३६
२	१३	५	१८	०.४९
३	१६	२७	४३	०.८२
४	७	३	१०	०.३५
५	१२	४	१६	०.५०
६	१०	९	१९	०.५०
कुल जम्मा	६०	५३	११३	०.५८
प्रतिशत	०.६०	०.५६	०.५८	

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

३.४.४ जनसंख्याको बनावट (उमेर समूह र वैवाहिक स्थिति)

घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजाको आधारमा यस गाउँपालिकाको जनसंख्याको उमेर समूह अनुसारको तथ्यांक तालिका ३.४.४(क) मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ। उमेर समूह १०-१४, २०-२४, २५-६९, ७०-७४ र ७५ वर्षभन्दा माथिको जनसंख्या भने महिलाको जनसंख्या बढी रहेको छ। यस गाउँपालिकामा आर्थिक रूपले सक्रिय उमेर समूह अर्थात् १५ वर्षदेखि ५९ वर्षको जनसंख्या कुल जनसंख्याको करिब दुई-तिहाइ (६६%) प्रतिशत रहेका छन्। बालबालिका अर्थात् १४ वर्ष सम्मका जनसंख्या करिब २२ प्रतिशत रहेको छ भने ६० वर्षभन्दा बढी उमेरको जनसंख्या करिब ११ प्रतिशत छ। आर्थिक रूपले सक्रिय जनसंख्या करिब दुई-तिहाइ हुनु यस गाउँपालिकाको लागि जनसांख्यिक लाभ लिने एक उत्तम अवसर हो। तसर्थ गाउँपालिकाले यथासक्य यो अवसरको सदुपयोग गर्न आवश्यक योजना बनाई कार्यान्वयन गर्न सक्नुपर्छ।

तालिका ३.४.४(क) उमेर र लिंग अनुसारको जनसंख्या वितरण

उमेर समूह (वर्ष)	पुरुष	महिला	तेस्रो लिंगी	कुल जनसंख्या	प्रतिशत
०–४	६४२(५१.६९)	६००(४८.३१)	०(०.०)	१२४२	६.४१
५–९	८२५(५३.६१)	७१४(४६.३९)	०(०.०)	१५३९	७.९५
१०–१४	८०८(४८.५६)	८५६(५१.४४)	०(०.०)	१६६४	८.५९
१५–१९	९०६(५०.४५)	८९०(४९.५५)	०(०.०)	१७९६	९.२८

२०-२४	९७०(४८.२३)	१०३९(५१.६७)	२(०.१)	२०११	१०.३९
२५-२९	१०७०(५३.९)	९१४(४६.०५)	१(०.०५)	१९८५	१०.२५
३०-३४	८३४(५३.३९)	७२७(४६.५४)	१(०.०६)	१५६२	८.०७
३५-३९	८२०(५३.३२)	७१५(४६.४९)	३(०.२)	१५३८	७.९४
४०-४४	५८५(५०.५६)	५७१(४९.३५)	१(०.०९)	११५७	५.९८
४५-४९	४९४(५४.५९)	४१०(४५.३)	१(०.११)	९०५	४.६७
५०-५४	४५१(५१.९)	४१८(४८.१)	०(०.०)	८६९	४.४९
५५-५९	४११(५३.०३)	३६३(४६.८४)	१(०.१३)	७७५	४.००
६०-६४	३७८(५२.३५)	३४४(४७.६५)	०(०.०)	७२२	३.७३
६५-६९	२६०(४७.४५)	२८८(५२.५५)	०(०.०)	५४८	२.८३
७०-७४	२१६(४८.०)	२३३(५१.७८)	१(०.२२)	४५०	२.३२
>७५	२८५(४७.५८)	३१३(५२.२५)	१(०.१७)	५९९	३.०९
कुल जम्मा	९९५५(५१.४२)	९३९५(४८.५२)	१२(०.०६)	१९३६२	१००.००

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ३.४.४ उमेर र लिंग अनुसारको जनसंख्या वितरण



...

वैवाहिक स्थिति

गाउँपालिकाको वैवाहिक स्थितिको लैङ्गिक विवरण तालिका ३.४.४(ख) अनुसार आधाभन्दा बढी (५२.६९%) विवाहित छन्, ४.२५% विधवा छन्, ०.१८% ले पुनर्विवाह गरेका छन् भने ०.४५% ले

बहुविवाह गरेका छन्। कुल जनसंख्याको १.०६% ले सम्बन्ध विच्छेद गरेका छन्। सम्बन्ध विच्छेद गर्ने पुरुषको संख्या (१४८) महिलाको (५८) भन्दा बढी देखिएको छ। यसै गरी बहुविवाह (२५) र पुर्नविवाह (११) गर्नेमा पुरुष मात्र रहेको देखिएको छ। यीमध्ये ५२.६९% विवाहित, ४.२५% विधवा, पुनर्विवाह गर्ने ०.१८%, ०.४५% ले बहुविवाह गरेका र १.०६% ले सम्बन्ध विच्छेद गरेका छन्।

तालिका ३.४.४(ख) वैवाहिक स्थितिको लैङ्गिक खण्डीकृत विवरण

वैवाहिक स्थिति	पुरुष	महिला	तेस्रो लिंगी	कुल जम्मा	प्रतिशत
सम्बन्ध विच्छेद	१४८	५८	०	२०६	१.०६
विवाहित	५०९६	५०९७	२	१०१९५	५२.६९
बहुविवाह	६२	२५	०	८७	०.४५
पुनर्विवाह	२४	११	०	३५	०.१८
छुट्टिएका	३५	३२	०	६७	०.३५
अविवाहित	२७१२	२११९	८	४८३९	२४.९७
विधवा	२५७	५६४	२	८२३	४.२५

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

३.४.५ औसत परिवार संख्या

यस पालिकामा औसत परिवार संख्या ४.२९ जना रहेको छ। वडागत रूपमा सबैभन्दा बढी औसत घरपरिवार वडा नम्बर पाँचमा ४.७५ जना र सबैभन्दा कम वडा नम्बर चारमा ३.८५ जना रहेको छ। घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजा अनुसारको यस पालिकाको परिवारको आकार वडागत विवरण सहित तालिका ३.४.५ मा दिइएको छ। यस गाउँपालिकाको औसत परिवारको आकार २०६८ को जनगणनाको तथ्यांक अनुसारको नेपालको, बागमती प्रदेशको र नुवाकोट जिल्लाको भन्दा सानो छ।

तालिका ३.४.५ परिवार संख्या विवरण

वडा	घरपरिवार संख्या	जनसंख्या	जनसंख्या/परिवार
१	११६	५१६	४.४५
२	८२२	३७०३	४.५०
३	१२५४	५२१९	४.१६
४	७५३	२८९८	३.८५
५	६७५	३२०९	४.७५
६	८९३	३८१७	४.२७
गाउँपालिका	४५१३	१९३६२	४.२९
नुवाकोट			४.६९
बागमती			४.३५
नेपाल			४.८८

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

३.५ जातजाति

यस गाउँपालिकामा विभिन्न जातजातिको बसोबास रहेको छ। तीमध्ये तामाङ जातिको बाहुल्यता रहेको छ। यस गाउँपालिकामा तामाङहरू कुल जनसंख्याको करिब ८४.१२ प्रतिशत छन् भने ब्राह्मण ३.१४ प्रतिशत, सुनार २.८२ प्रतिशत, विश्वकर्मा २.७४ प्रतिशत, घले २.६४ प्रतिशत, नेवार १.९० प्रतिशत, मगर १.३६ प्रतिशत र सबभन्दा कम क्षेत्री ०.१७ प्रतिशत रहेका छन्। जातजाती अनुसार जनसंख्याको वितरण चित्र ३.५ मा प्रस्तुत गरिएको छ।

चित्र ३.५ जातजातिको विवरण



३.६ मातृभाषा

यस गाउँपालिकामा विभिन्न भाषाको प्रयोग गर्ने नागरिकहरूको बसोबास रहेको छ। त्यसमध्ये सबैभन्दा धेरै करिब ८५.६५ प्रतिशत तामाङ भाषी, त्यसपछि नेपाली भाषा बोल्ने १२.१० प्रतिशत, घले १.३७ प्रतिशत, नेवारी ०.६४ प्रतिशत, मगर ०.२१ प्रतिशत र अन्य ०.०३ प्रतिशत रहेका छन्। यस गाउँपालिकामा बोलिने विभिन्न भाषाको तथ्यांक चित्र ३.६ मा प्रस्तुत गरिएको छ।

चित्र ३.६ गाउँपालिकामा बोलिने मुख्य भाषाहरूको विवरण



३.७ धर्म

यस गाउँपालिकामा मुख्यतया चार वटा धर्म मान्ने नागरिकहरूको बसोबास रहेको छ। यीमध्ये अधिकांश बुद्ध धर्म मान्ने नागरिकहरू ६३.८४ प्रतिशत, हिन्दु धर्म मान्नेहरू २७.७७ प्रतिशत, क्रिस्चियन धर्म मान्ने ८.२९ प्रतिशत र बोन धर्म मान्नेहरू ०.०८ प्रतिशत छन्। यस गाउँपालिकाको विभिन्न धर्म मान्ने नागरिकहरूको तथ्यांक चित्र ३.७ मा प्रस्तुत गरिएको छ।

चित्र ३.७ मुख्य धर्महरूको विवरण



३.८ अनुपस्थित जनसंख्या

तालिका ३.८ मा यस गाउँपालिकाका नागरिकहरूको हालको बसाई अनुसारको तथ्यांक प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको १३६८८ अर्थात् करिब ७०.७० प्रतिशत नागरिकहरू पालिकाभित्र नै बसिरहेका छन्। गाउँपालिकाका ३७५६ अर्थात् १९.४० प्रतिशत नागरिकहरू देशको अन्य भूभागमा बसिरहेका छन्, १८९८ जना अर्थात् करिब ९.८० प्रतिशत विदेशमा छन् भने २० जना सम्पर्कविहीन छन्।

तालिका ३.८ नागरिकहरूको हालको बसाइ

वडा	पालिकाभित्र बसिरहेका	देशको अन्य भागमा बसिरहेका	विदेशमा बसिरहेका	सम्पर्कविहीन	जम्मा
१	२७२	१९६	४८	०	५१६
२	२०९५	११३४	४७०	४	३७०३
३	३९१५	७८४	५१२	८	५२१९
४	२५१०	१७५	२०७	६	२८९८
५	२२५४	६१०	३४४	१	३२०९
६	२६४२	८५७	३१७	१	३८१७
कुलजम्मा	१३६८८	३७५६	१८९८	२०	१९३६२
प्रतिशत	७०.७०	१९.४०	९.८०	०.१०	

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ३.८ नागरिकहरूको बसोबास



३.९ बसोबास गरिरहेको घरको स्वामित्व

घरधुरी सर्वेक्षणको क्रममा यस गाउँपालिकाका ४५१३ घरपरिवारमध्ये ४३२० घरपरिवार अर्थात् करिब ९५.७२ प्रतिशतले आफ्नै स्वामित्वको घरमा बसिरहेका छन् । १४४ अर्थात् करिब ३.१९ घरपरिवारले आफू भाडामा बसिरहेको र ४६ घरपरिवार अर्थात् १.०२ प्रतिशत आफन्तको घरमा बसिरहेका छन्। यस सम्बन्धी तथ्यांकलाई तालिका ३.९(क) मा प्रस्तुत गरिएको छ।

तालिका ३.९(क) हाल बसिरहेको घरको स्वामित्वको विवरण

वडा	आफ्नै	भाडामा	साथीको	आफन्तको	संस्थाको	अन्य	जम्मा
१	११०	६	०	०	०	०	११६
२	८०५	७	०	९	०	१	८२२
३	११९८	४९	१	६	०	०	१२५४
४	७२२	१३	०	१८	०	०	७५३

५	६६२	१०	०	३	०	०	६७५
६	८२३	५९	०	१०	१	०	८९३
कुल जम्मा	४३२०	१४४	१	४६	१	१	४५१३
प्रतिशत	९५.७२	३.१९	०.०२	१.०२	०.०२	०.०२	१००.००

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

नेपालको संविधान २०७२ अनुसार प्रत्येका नागरिकलाई उपयुक्त आवासको हक हुनेछ। आवासको अधिकार सम्बन्धी ऐन २०७५ ले आवास को सुविधाको बारेमा व्यवस्था गरेको पाइन्छ।

तालिका ३.९(ख) घर जगगाको स्वामित्व सम्बन्धी लैङ्गिक विवरण

वडा नं.	पुरुष	महिला	संयुक्त	घरजग्गाविहीन	जम्मा
१	८६	३०	०	०	११६
२	६१६	६९	२२	११५	८२२
३	७५५	१७९	२३	२९७	१२५४
४	५३८	७५	४१	९९	७५३
५	५६७	७२	१०	२६	६७५
६	४८२	७६	६	३२९	८९३
कुल जम्मा	**३०४४**	**५०१**	**१०२**	**८६६**	**४५१३**
प्रतिशत	**६७.४५**	**११.१०**	**२.२६**	**१९.१९**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

तालिका ३.९(ख) मा उल्लेखित घरजग्गामा स्वामित्व हेर्दा, ११.१०% घरजग्गा मात्र महिलाको स्वामित्वमा रहेको देखिन्छ भने संयुक्त स्वामित्वमा २.२६ प्रतिशत रहेको देखिन्छ।

३.१० घरको बनावट

यस गाउँपालिकाको अधिकांश घरमा टिनको छानो छ। तालिकामा दिए अनुसार यस पालिकामा टिनको छानो भएका घर ३९२१ अर्थात् ८६.८८ प्रतिशत, आरसिसी छानो भएका घर ५३९ अर्थात् ११.९४ प्रतिशत, ढुंगाको छानो भएका घर २७ वटा र फुस्को छानो भएका १८ वटा घर छन्।

तालिका ३.१०(क) घरको छानोको प्रकारको विवरण

वडा	आरसिसी	टिन	ढुंगा	काठ	फुस्को	माटो	अन्य	जम्मा
१	१	११४	१	०	०	०	०	**११६**
२	१८७	६२२	१	६	५	०	१	**८२२**
३	१९५	१०५३	३	०	२	१	०	**१२५४**
४	१५	७३४	२	०	२	०	०	**७५३**
५	९३	५५९	१४	०	९	०	०	**६७५**
६	४८	८३९	६	०	०	०	०	**८९३**
कुलजम्मा	**५३९**	**३९२१**	**२७**	**६**	**१८**	**१**	**१**	**४५१३**
प्रतिशत	**११.९४**	**८६.८८**	**०.६०**	**०.१३**	**०.४०**	**०.०२**	**०.०२**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

तालिका ३.१०(ख) मा यस गाउँपालिकामा बसोबास गर्ने नागरिकहरूको घरको जगको प्रकार अनुसारको तथ्यांक प्रस्तुत गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकामा २५३५ अर्थात् ५६.१७ प्रतिशत घरको जग सिमेन्ट र बालुवा मिसाएर बनाइएको छ। १९५७ अर्थात् ४३.३६ प्रतिशत घरको जग बालुवा र ढुंगा मिसाएर बनाएको छन्, दश वटा घर फ्रेम स्ट्रक्चरमा बनेका छन् भने एउटा घरमात्र लोड बियरिंग छ।

तालिका ३.१०(ख) घरको जगको विवरण

वडा	बालुवा ढुंगा	सिमेन्ट र ढुंगा	लोड बियरिंग	फ्रेम स्ट्रक्चर	काठ	अन्य	जम्मा
१	९१	२४	०	१	०	०	११६
२	४१३	४०८	०	०	०	१	८२२
३	४६०	७८६	१	२	५	०	१२५४
४	५०१	२४९	०	०	३	०	७५३
५	१०३	५६७	०	५	०	०	६७५
६	३८९	५०१	०	२	१	०	८९३
कुलजम्मा	**१९५७**	**२५३५**	**१**	**१०**	**९**	**१**	**४५१३**
प्रतिशत	**४३.३६**	**५६.१७**	**०.०२**	**०.२२**	**०.२०**	**०.०२**	**१००.००**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

घरधुरी सर्वेक्षणको दौरान नागरिकहरूले बताए अनुसार यस पालिकाका अधिकांश घरहरू अर्थात् करिब ९२.८९ प्रतिशतको निर्माण गाउँपालिकाले तोकेको मापदण्ड अनुसारको बनेका छन् भने करिब ६.९४ प्रतिशत मापदण्ड अनुसारका छैनन्। घरको मापदण्ड अनुसारको तथ्यांक चित्र ३.१० मा प्रस्तुत गरिएको छ।

चित्र ३.१० घरको मापदण्ड



परिच्छेद : ४

आर्थिक अवस्था

४.१ अर्थतन्त्रको संरचना

यो गाउँपालिकाको अर्थतन्त्र मुख्य रूपमा कृषिमा आधारित रहेको र जीविकोपार्जनमा विप्रेषण आयको उल्लेख्य भूमिका रहेको छ। नेपालको राष्ट्रिय लेखांकनको आधिकारिकता पाएको केन्द्रीय तथ्यांक विभागले हाल सम्म स्थानीय तह सम्मको कुल गार्हस्थ उत्पादन गणना गरी औपचारिक रूपमा प्रकाशन गरेको छैन। साथै यो तहसम्म कुल गार्हस्थ उत्पादन गणना गर्ने प्रयोजनका लागि तथ्यांक समेत संकलन हुन सकेको छैन। यस परिस्थितिमा केन्द्रीय तथ्यांक विभागले समेत प्रादेशिक आय गणना गर्ने प्रयोजनका लागि बाँडफाँड विधि (Allocative method) प्रयोग गरेको परिप्रेक्ष्यमा यस गाउँपालिकाको कुल गार्हस्थ उत्पादन गणना गर्न समेत सोही विधि प्रयोग गरिएको छ। यसरि गणना गरिएको कुल गार्हस्थ उत्पादनको रकमलाई यस गाउँपालिकामा गरिएको घरधुरी सर्वेक्षण २०७७ र समूह छलफल र जानकारहरूसँगको अन्तर्वार्ताबाट प्राप्त हुन् आएको तथ्यको आधारमा र सो क्रममा गाउँपालिकामा भएको छलफलबाट समेत जांच गरिएकोमा सो गणना तात्विक फरक परेको पाइएन। साथै, यसरी गणना गरिएको कुल गार्हस्थ उत्पादनको रकमलाई गाउँपालिकामा भएको दीर्घकालीन सोच निर्माण गोष्ठीले अनुमोदन समेत गरेको छ। यस गाउँपालिकाको आ.व. २०७७/७८ मा रहेको कुल गार्हस्थ उत्पादन र अन्य प्रमुख आर्थीक सूचकहरूलाई तालिका ४.१ मा प्रस्तुत गरिएको छ। जस अनुसार गाउँपालिकाको कुल गार्हस्थ उत्पादन रु. एक अर्ब ८० करोड ७९ लाख ४७ हजार रहेको छ। जसमा कृषि क्षेत्रको ४७.२९%, उद्योग क्षेत्रको ९.०५% र सेवा क्षेत्रको ४३.६६% योगदान रहेको छ। कुल वार्षिक निर्यात रु. ३ करोड ९६ लाख र कुल वार्षिक आयात रु. ६८ करोड ४२ लाख १६ हजार रहेको छ। विप्रेषण आय रु. ६३ करोड र कुल आय रु. २ अर्ब, ४३ करोड ७९ लाख ४७ हजार रहेको छ। तसर्थ पालिकाको प्रति व्यक्ति गार्हस्थ उत्पादन रु. ९३,३७६ (अमेरिकी डलर ७८५) र प्रति व्यक्ति आय रु. १२५,९१४ (अमेरिकी डलर १०५८) रहेको छ।

तालिका ४.१: अर्थतन्त्रको संरचनागत अवस्था

विवरण	आ.व. २०७७/७८		
	रु.		अमेरिकी डलर*
	कुल	प्रतिव्यक्ति	
निर्यात	३९,६००,०००		
आयात	६८४,२१६,०००		
विप्रेषण आय	६३०,०००,०००		
कुल गार्हस्थ उत्पादन	**१,८०७,९४७,२५३**	**९३,३७६**	**७८५**
कुल आय	**२,४३७,९४७,२५३**	**१२५,९१४**	**१,०५८**
कृषि क्षेत्रको योगदान	**४७.२९%**		
उद्योग क्षेत्रको योगदान	**९.०५%**		
सेवा क्षेत्रको योगदान	**४३.६६%**		

स्रोत : घरधुरी सर्वेक्षण २०७७, समूह छलफल, आर्थिक सर्वेक्षण २०७७/७८, मानव विकास प्रतिवेदन २०१४ बाट प्राप्त तथ्यांकको आधारमा गणना गरिएको

** २०७८ असार मसान्तको विनिमय दर लिइएको*

४.२ कृषि तथा पशुपालन

यस गाउँपालिकाको वस्तुस्थिति अध्ययनको सिलसिलामा प्राप्त जानकारी अनुसार गाउँपालिकाका नागरिकहरूको मुख्य पेशा कृषि हो। खाद्यान्न, तरकारी र पशुपालन यहाँको जीविकोपार्जनको मुख्य आधार हो। यहाँका करिब ७४ प्रतिशत घरपरिवार कृषिमा संलग्न छन्। हाल १३८ वटा कृषि तथा पशु व्यवसाय र ४० वटा कृषक समूह गाउँपालिकामा दर्ता छन्। यहाँ मुख्यतया तरकारीका अतिरिक्त धान, मकै, कोदो, गहुँ र जौ खाद्यान्न वाली, गोलभेंडा, आलु, काउली, हरियो सागपात लगायतका तरकारी बाली र केहीमात्रामा सुन्तला, किवी र एभोकार्डो जस्ता फलफूल र नगदे बालीको रूपमा चिया खेती भइरहेको छ। पशुपालनतर्फ गाई, भैंसी, बाख्रा र कुखुरा पालन गरिएको छ। गाउँपालिकाको तर्फबाट उन्नत जातको बोका वितरण गर्ने गरिएको छ। गाउँपालिकाका नागरिकहरूले पशुजन्य उत्पादन साथै मह र रेशम बिक्री गरेर आम्दानी पनि गर्ने गरेका छन्। गाउँपालिकाको कृषि तथा पशुपालनको अवस्थालाई यस परिच्छेदमा प्रस्तुत गरिएको छ।

४.२.१ कृषियोग्य जमिनमा पहुँच

नेपालमा अझै पनि कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको उल्लेख्य योगदान रहेको छ। तसर्थ, कृषि क्षेत्र विकासको आधार तथा अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। तालिका ४.२.१(क) मा घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजा अनुसारको यस गाउँपालिकाका कृषिमा संलग्न भएका घरपरिवार वडागत वितरण सहित दिइएको छ। जस अनुसार गाउँपालिकाको कुल घरपरिवारको ७३.७६ प्रतिशत घरपरिवार कृषिमा संलग्न छन् भने २६.२४ प्रतिशत घरपरिवार कृषिमा संलग्न छैनन्। वडागत रूपमा वडामा रहेका घरपरिवारमध्ये वडा नम्बर पाँचका सबैभन्दा बढी करिब ८८ प्रतिशत घरपरिवार कृषिमा संलग्न छन् भने सबैभन्दा कम वडा नम्बर चारका घरपरिवारमध्ये करिब ५७ प्रतिशत मात्र कृषि पेशामा संलग्न छन्। म्यागङ गाउँपालिकामा ७.२०% घरपरिवारका महिला कृषिमा संलग्न छन् भने ६२.०२ घरपरिवारका पुरुष संलग्न छन्।

तालिका ४.२.१(क) कृषिमा संलग्न घरपरिवार

वडा	कृषिमा संलग्न भएको	कृषिमा संलग्न नभएको	जम्मा
१	७६	४०	११६
२	५८६	२३६	८२२
३	१००१	२५३	१२५४
४	४३२	३२१	७५३
५	५९७	७८	६७५
६	६३७	२५६	८९३
कुलजम्मा	**३३२९**	**११८४**	**४५१३**
प्रतिशत	**७३.७६**	**२६.२४**	

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.२.२ कृषि जग्गाको आकार

यस गाउँपालिकामा कुल कृषि योग्य जमिन ४६२१ हेक्टर रहेको छ। जस अनुसार प्रति परिवार औसत १.०२ हेक्टर कृषी योग्य जमिन छ।

४.२.३ प्रमुख बालीहरू

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ को प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा मुख्यतया धान, मकै, गहुँ, कोदो, जौ, तोरीको उत्पादन हुने गरेको छ। उक्त तथ्यांक तालिका ४.२.३(क) मा प्रस्तुत गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकाका नागरिकहरूले धान. मकै, कोदो, गहुँ र जौ आफुले उपभोग गर्नुका अतिरिक्त बिक्री पनि गर्ने गरेका छन्। तर तोरी भने आफ्नो उपभोगको लागि मात्र प्रयोग गरेका छन्।

तालिका ४.२.३ (क) अन्न बाली उत्पादन, उपभोग र बिक्री विवरण

अन्न बाली	उत्पादन (केजी)	बिक्री (केजी)	उपभोग (केजी)
धान	७४७,०२०	४८,२७४	६९८,७४६
मकै	३७३,१२३	२,९६३	३७०,१६०
कोदो	२४०,८९४	८,२३७	२३२,६५७
गहुँ	६,१६५	१००	६,०६५
जौ	२,३५५	१,२००	१,१५५
तोरी	१६५	०	१६५

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यो गाउँपालिकामा खाद्यान्नका अतिरिक्त फलफूल समेत उत्पादन हुने गरेको छ। सोको तथ्यांक तालिका ४.२.३(ख) मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा मुख्य रूपमा सुन्तला/कागती, केरा, आरु र किवी जस्ता फलफूल उत्पादन हुने गरेका छन्। यहाँका नागरिकहरूले कागती/सुन्तला, केरा र किवी आफूले उपभोग गर्नुको अतिरिक्त बिक्री पनि गर्दछन् भने आरु आफूले उपभोग मात्र गर्छन्।

तालिका ४.२.३ (ख) फलफूल उत्पादन, उपभोग र बिक्री विवरण

फलफूल	उत्पादन (केजी)	बिक्री (केजी)	उपभोग (केजी)
सुन्तला/कागती	३०९,३२५	२०३,१६५	१०६,१६०
केरा	१,५९५	६३०	९६५
आरु	८१९	०	८१९
किवी	५५४	५१५	३९

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यहाँ अन्न बाली र फलफूलका अतिरिक्त विभिन्न तरकारी समेत उत्पादन र बिक्री वितरण हुने गरेको छ। घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त तरकारी उत्पादन र बिक्री वितरण सम्बन्धी तथ्यांक तालिका ४.२.३ (ग) मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा प्रमुख रूपमा गोलभेंडा, आलु, लसुन/प्याज, काउली उत्पादन र बिक्री समेत हुने गरेको छ। खोर्सानी, अदुवा, हरियो सिमी, काँक्रो/फर्सी, गाँजर भने आफैले उपभोग गर्ने परिमाणको मात्र उत्पादन भइरहेको छ।

तालिका ४.२.३ (ग) तरकारी उत्पादन, उपभोग र बिक्री विवरण

तरकारी	उत्पादन (केजी)	बिक्री (केजी)	उपभोग (केजी)
गोलभेंडा	१४०७३२	७१३८४	६९३४८
आलु	१२६३७३	७४९५४	५१४१९
प्याज/लसुन	५७८५	९८४	४८०१
काउली	२२६५	१५१०	७५५
खोर्सानी	४३४	०	४३४
अदुवा	३८९	०	३८९
हरियो सिमी	११३	०	११३
काँक्रो/फर्सी	८५	०	८५
गाँजर	८१	०	८१

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.२.४ पशुपालन

यस गाउँपालिकाका नागरिकहरू पशुपालनमा पनि संलग्न भएका पाइन्छन्। घरधुरी सर्वेक्षण २०७७ को तथ्यांक अनुसारको गाउँपालिकामा पालिएका पशुपंक्षीहरूको संख्या तालिका ४.२.४(क) मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकामा मुख्यतया गाई, भैंसी, बाख्रा, भेंडा, सुँगुर र कुखुरा पालिएका छन्। भेडा वडा नम्बर चारमा मात्र पालिएका छन्। यहाँ व्यावसायिकभन्दा पनि परम्परागत रूपमा थोरै थोरै संख्यामा विभिन्न पशु पाल्ने गरेको पाइन्छ।

तालिका ४.२.४(क) पशुपालनको विवरण

वडा	गाई	भैंसी	बाख्रा	भेडा	सुँगुर	कुखुरा
१	८८	४८	३३१	०	०	२४६
२	२९५	५८०	२४५७	०	१९	४०२४
३	५५०	८५५	३८६१	०	५३	९४८२
४	२१३	४६५	२०५८	२५०	१८	२३९
५	२२२	५८३	१७१८	०	१०४	३१७०
६	३९५	७१०	२१८२	०	३८	५९७२
कुल जम्मा	**१७६३**	**३२४१**	**१२६०७**	**२५०**	**२३२**	**२३१३३**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यस गाउँपालिकामा हुने पशुजन्य उत्पादनको तथ्यांक तालिका ४.२.४(ख) मा दिइएको छ। तालिकामा देखाए अनुसार यस पालिकामा दुध, मासु, छाला, अन्डाको उत्पादन हुने गरेको छ। घरधुरी सर्वेक्षणको क्रममा प्राप्त नतिजा अनुसार यस गाउँपालिकाका नागरिकहरूले पशुजन्य उत्पादनबाट वार्षिक करिब रु. चार करोड २४ लाख बराबरको आम्दानी गरेका छन्।

तालिका ४.२.४(ख) पशुजन्य उत्पादन

वडा	दूध लि.	मासु केजी	छाला केजी	अन्डा संख्या	वार्षिक आम्दानी रु.
१	१३३५८	७१२	०	५११५	७२०,५००
२	७५९८	१५३२४	१०७६७	१९५२९	२,४१५,९३३
३	२२०५५	८८१५५	२१	१७६९२	१०,४३७,४६५
४	२२५०	१२४	५६	३०	५९७,००८
५	१३३	३	४९	५०	२१,९४०,५०९
६	१३८६	९३१५	९६	१०४८०	६,२६१,५८३
जम्मा	**४६७८०**	**११३६३३**	**१०९८९**	**५२८९६**	**४२,३७२,९९८**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यस गाउँपालिकामा माछा, मह तथा रेशम उत्पादन पनि हुने गरेको सर्वेक्षणको तथ्यांकबाट देखिन्छ। तालिका ४.२.४(ग) मा देखाए अनुसार माछा वडा नम्बर ४ र ६ मा मात्र उत्पादन भइरहेको छ भने रेशम वडा नम्बर ३ मा मात्र उत्पादन भई रहेको छ। मह सबै वडामा उत्पादन भइरहेकोमा वडा नम्बर ६ मा उल्लेख्य परिमाणमा उत्पादन हुन्छ।

तालिका ४.२.४(ग) अन्य कृषि उत्पादन विवरण

वडा	माछा केजी	मह केजी	रेशम केगी
१	०	६४	०
२	०	१६१	०
३	०	७९	११०
४	१६	१७	०
५	०	२६	०
६	९०	५०२२	०
कुल जम्मा	**१०६**	**५३६९**	**११०**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.२.५ कृषि उत्पादनको बिक्री

घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकाको करिब ३० प्रतिशत घरपरिवारले कृषि उपज बिक्री गर्ने गरेका छन् भने करिब ७० प्रतिशत घरपरिवारले कृषि उपज बिक्री गर्ने गरेका छैनन्। कृषि उपज बिक्री गर्ने घरपरिवारको वडागत तथ्यांक तालिका ४.२.५(क) मा प्रस्तुत गरिएको छ।

तालिका ४.२.५(क) कृषि उपज बिक्री गर्ने घरपरिवारको विवरण

वडा	कृषि उपज बिक्री गर्ने घरधुरी	कृषि उपज बिक्री नगर्ने घरधुरी	जम्मा
१	०	११६	११६
२	२८१	५४१	८२२
३	८५६	३९८	१२५४
४	१८२	५७१	७५३
५	३	६७२	६७५
६	१६	८७७	८९३
कुल जम्मा	**१३३८**	**३१७५**	**४५१३**
प्रतिशत	**२९.६५**	**७०.३५**	**१००**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

वस्तुस्थिति अध्ययनको प्रक्रियामा समूह छलफल र जानकारसँगको अन्तर्वार्ताको क्रममा प्राप्त तथ्यांक अनुसार यस गाउँपालिकाबाट आर्थिक वर्ष २०७७/७८मा कुल रु. ३ करोड ८१ लाखको कृषिजन्य उत्पादन निर्यात भएको थियो। उक्त निर्यात सम्बन्धी तथ्यांकलाई तालिका ४.२.५(ख) मा प्रस्तुत गरिएको छ।

तालिका ४.२.५(ख) कृषि उपज निर्यातको विवरण

कृषि उपज	निर्यात (रु. लाख)	कृषि उपज	निर्यात (रु. लाख)
आलुको निर्यात	१९	अलैंची निर्यात	७
टमाटरको निर्यात	१५०	फलफूलको निर्यात	१५
बन्दा, काउलीको निर्यात	३२	किवी	३
चियाको निर्यात	३५	जिउँदो पशु	१२०
जम्मा			**३८१**

४.२.६ सिंचाइको व्यवस्था

म्यागङ गाउँपालिकामा कृषियोग्य जमिन ४६२३ हेक्टर छ जसमध्ये सिंचाइ योग्य जमिन झण्डै २५६८ हेक्टर छ। यहाँ सिंचाइको स्रोतको रूपमा १३ खोलाहरू छन् र एउटा पोखरी छ। यस पालिकाको निकै स्थानमा पाइपको प्रयोग गरी स्प्रीङ्कल प्रणालीबाट ग्रिन हाउस (टनेल) मा बेमौसमी तरकारी उत्पादन गर्ने, उच्च मूल्य पर्ने किवी जस्ता फलफूल, चिया आदि उत्पादन गर्ने गरेको छ। यो सबै क्षेत्रफल हेर्दा झण्डै १०० हेक्टर जति हुन जान्छ। पालिकामा ३३ वटा सिंचाइ योजनाहरू सञ्चालनमा छन्। यस पालिकामा प्रदेश अन्तर्गत ३(तीन) वटा सिंचाइ योजना निर्माणाधीन छन्। यसरी विभिन्न योजनाबाट पालिकामा झण्डै ७५० हेक्टर जमिनमा सिंचाइ सुविधा पुग्ने देखिन्छ। यस्ता सिंचाइ कुलो नहर बाहेक पालिकामा थोपा सिंचाइ, प्लाष्टिक पोखरीबाट सिंचाइ गरी कृषि उत्पादन गरेको पाइन्छ।

तालिका ४.२.६ सिंचाइ योजनाको विवरण

सि.नं	विवरण	इकाई	परिमाण
१	कृषियोग्य जमिन	हेक्टर	४६२३
२	सिंचाइ योग्य जमिन	हेक्टर	२५६८
३	खोला	गोटा	१३
४	पोखरी	गोटा	१
५	प्रदेशबाट निर्माण सिंचाइ	गोटा	३
६	पालिकाको सिंचाइ स्किम	गोटा	३३
७	हाल सिञ्चित भूमि	हेक्टर	७५०

४.३ खाद्य सुरक्षाको अवस्था

तालिका ४.२.१ मा देखाए अनुसार यस गाउँपालिकाका करिब तिन-चौथाइ अर्थात् ७३.७६ प्रतिशत घरपरिवार कृषिमा संलग्न भएको भए तापनि यस गाउँपालिकाका करिब २९ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो आम्दानीले नौ महिनाभन्दा बढी खान पुग्छ। घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त यस गाउँपालिकाको खाद्य पर्याप्तताको तथ्यांक तालिका ४.३ मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको एक-चौथाइभन्दा बढी (२५.१७ प्रतिशत) घरपरिवारलाई आफ्नो वर्षभरिको उत्पादनले तीन महिनाभन्दा कम मात्र खान पुग्छ। आधाभन्दा बढी घरपरिवारलाई आफ्नो वर्षभरिको उत्पादनले छ महिनाभन्दा कम खान पुग्छ।

वडागत रूपमा हेर्दा सबैभन्दा बढी खाद्य संकट वडा नम्बर एकमा देखिन्छ। यस वडामा करिब सबैजसो घरपरिवारलाई आफ्नो उत्पादनले छ महिनाभन्दा कम खान पुग्छ। जबकि यस वडाका करिब दुई-तिहाई घरपरिवार कृषिमा संलग्न छन् (तालिका ४.२.१)। यस गाउँपालिकाको वडा नम्बर ५ का अधिकतम अर्थात् दुई-तिहाईभन्दा बढी घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिनाभन्दा बढी समय खान पुग्छ। यस वडाका करिब ८७.५५ प्रतिशत घरपरिवारलाई आफ्नो उत्पादनले छ महिनाभन्दा बढी समय खान पुग्छ। वडा नम्बर १ कुनै पनि घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिनाभन्दा बढी खान पुग्दैन। त्यस्तैगरी आफ्नो उत्पादनले नौ महिनाभन्दा बढी खान पुग्ने घरपरिवार वडा नम्बर २ मा करिब ३६ प्रतिशत, वडा नम्बर ३ मा करिब २९ प्रतिशत, वडा नम्बर ४ मा करिब ४ प्रतिशत, वडा नम्बर ५ मा करिब ६६ प्रतिशत र वडा नम्बर ६ मा करिब १९ प्रतिशत छन्। आफ्नो उत्पादनले तीन महिनाभन्दा कम मात्र खान पुग्ने घरपरिवार वडा नम्बर १ मा करिब ९० प्रतिशत, २ मा करिब ९ प्रतिशत, ३ मा करिब ४० प्रतिशत, ४ मा करिब १२ प्रतिशत, ५ मा करिब ४ प्रतिशत र ६ मा करिब ३८ प्रतिशत छन्। वस्तुस्थिति अध्ययनको सिलसिलामा भएको समूह छलफल र जानकारसँगको अन्तर्वार्ताबाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा कुल रु. ३५ करोड २१ लाख ७० हजारको खाद्यान्न आयात भएको थियो।

तालिका ४.३ खाद्य पर्याप्तता विवरण

वडा	३ महिना सम्म	प्रतिशत	४ देखि ६ महिना सम्म	प्रतिशत	६ देखि ९ महिना सम्म	प्रतिशत	९ महिना भन्दा बढी	प्रतिशत	जम्मा
१	१०४	८९.६६	१०	८.६२	२	१.७२	०	०.००	**११६**
२	७३	८.८८	२१८	२६.५२	२३४	२८.४७	२९७	३६.१३	**८२२**
३	४९८	३९.७१	२३२	१८.५०	१५५	१२.३६	३६९	२९.४३	**१२५४**
४	९१	१२.०८	४३१	५७.२४	२०२	२६.८३	२९	३.८५	**७५३**
५	३०	४.४४	५४	८.००	१४४	२१.३३	४४७	६६.२२	**६७५**
६	३४०	३८.०७	३२२	३६.०६	५९	६.६१	१७२	१९.२६	**८९३**
कुल जम्मा	**११३६**	**२५.१७**	**१२६७**	**२८.०७**	**७९६**	**१७.६४**	**१३१४**	**२९.१२**	**४५१३**

स्रोतः घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.४ उद्योग र व्यापार

केन्द्रीय तथ्यांक विभागद्वारा गरिएको आर्थिक गणना २०७५ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा कुल ४०४ वटा आर्थिक क्रियाकलाप गर्ने इकाईहरू रहेका छन्। उक्त विवरण तलको तालिका ४.४ मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार कृषि वन तथा माछा पालन व्यवसाय ३४ वटा, उत्पादन उद्योग ६३ वटा, थोक तथा खुद्रा व्यापार १६१ वटा, शिक्षा सम्बन्धी व्यवसाय २९ वटा, रेस्टुरेन्ट तथा लज ५० वटा, खानी, विद्युत्, ग्यास तथा निर्माण ३ वटा र अन्य ६४ वटा आर्थिक इकाईहरू रहेका छन्। यिनीहरूमा कुल १४०४ जना व्यक्तिहरू संलग्न भएका छन्।

तालिका ४.४ आर्थिक इकाईहरू

विवरण	कृषि वन तथा माछा पालन	उत्पादन	खानी विद्युत् ग्यास तथा निर्माण	थोक तथा खुद्र व्यापार	शिक्षा	रेस्टुरेन्ट तथा लज	अन्य	कुल
आर्थिक इकाई	३४	६३	3	१६१	२९	५०	६४	**४०४**
संलग्न व्यक्ति	१७६	१२७	१४	२७०	२४७	९६	४७४	**१४०४**

स्रोत : राष्ट्रिय आर्थिक गणना २०७५, केन्द्रीय तथ्यांक विभाग

वस्तुगत स्थिति अध्ययनको क्रममा जानकारी भए अनुसार हाल यस गाउँपालिकामा आलु चिप्स, सस, लालीगुराँसको जुस, नेपाली कागज, सिस्नोको रेसा निकाल्ने जस्ता लघु तथा प्लाईउड र चिया प्रशोधन जस्ता घरेलु तथा साना उद्योग सञ्चालनमा रहेका छन्। यहाँको चिया विदेशमा पनि निर्यात हुने गरेको छ।

चित्र ४.४ : उद्योग तथा कारखानाको अवस्थिति



४.५ पर्यटन

नेपालको १५औं योजनाले पर्यटन क्षेत्रलाई अर्थतत्रको सम्वाहकको रूपमा विकास गर्ने लक्ष लिएको छ। साथै पर्यटकीय गन्तव्य स्थलको पहिचान, विकास तथा विविधिकरण गर्न प्रदेश र स्थानीय तहले अग्रणी रूपमा निजी क्षेत्रसँग सहकार्य गर्ने व्यवस्था गरेको पाइन्छ।

वस्तुस्थिति अध्ययनको क्रममा म्यागङ गाउँपालिका एक ग्रामीण परिवेशको गाउँपालिकाको रूपमा रहेको पाइएको छ। स्थानीय आकर्षणका केन्द्रहरूमा म्यागङ डाँडा, नाउर, लाम्डापाङ, क्रइपङ्ग, फइसिमने, पोखरीगङ्ग, कल्लेरीगङ्ग, पासम्चोकडु खङ, उरग्यान्पो, ताक्पागाङ, लिङगरचो, कतोल्हा टुँडीडाँडा, वेकरनेन डाँडा, पनेराभन्ज्याङ डाँडा, थाङमाचोत, ग्युरमाने, थलागाङ, च्यारगाङ डाँडा, उचेन डाँडा, गोम्बोगाङ, चामछप्पा डाँडा आदि उच्च स्थानहरू छन्। यहाँबाट लाङटाङ हिमशृंखला, काठमाडौं उपत्यका, डाँडाहरू र प्रख्यात नुवाकोट दरबारको दृश्य देख्न सकिन्छ। यहाँ रहेका उच्च डाँडाहरू जसको विकास मार्फत पर्यटकीय क्षेत्रको विस्तार गरी यस क्षेत्रको आर्थिक विकासमा टेवा पुऱ्याउन सकिन्छ। यो गाउँपालिका विदुर नगरपालिकासँग जोडिएको र विदुरको भन्दा भिन्न हावापानि भएको कारण निजी क्षेत्रको सहकार्यमा पर्यटकीय संरचनाको विकास गरी विदुरवासीलाई आकर्षण गर्न सक्ने सम्भावना प्रबल देखिन्छ। तर हाल सम्म पर्यटकीय संरचना सरु जस्तै स्तरीय होटल लज, रेस्टुरेन्ट बन्न सकेका छैनन्। यस पालिकामा पर्यटकीय पदमार्ग चार वटा छन्।

यहाँ विभिन्न धार्मिक सांस्कृतिक क्षेत्र एवम् मठ, मन्दिरहरू रहेका छन्। संस्थागत सर्वेक्षण २०७७ को नतिजा अनुसार यस गाउँपालिकामा कुल ४५ वटा मठ मन्दिरहरू (तालिका ४.५ क) छन्। तीमध्ये सबैभन्दा बढी गुम्बा १७ वटा, चर्च १० वटा, धर्मशाला ४ वटा र मन्दिर ४ वटा रहेका छन्। सबैभन्दा धेरै संस्कृतिक स्थलहरू वडा नम्बर ४ मा १७ वटा र ३ मा १२ वटा छन् भने सबैभन्दा कम वडा नम्बर १ र ६ मा तीन-तीन वटा छन्।

तालिका ४.५(क) : धार्मिक सांस्कृतिक स्थलहरूको विवरण

वडा नं	गुम्बा	चर्च	धर्मशाला	मठ मन्दिर	अन्य	कुल
१	१	०	०	०	२	३
२	२	२	०	१	०	५
३	६	४	१	०	१	१२
४	५	३	४	०	५	१७
५	१	०	०	३	१	५
६	२	१	०	०	०	३
कुल	**१७**	**१०**	**५**	**४**	**९**	**४५**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ४.५: पर्यटकीय स्थलहरूको अवस्थिति



पर्यटनमा महिला

महिलालाई पर्यटन उद्योग एवं व्यवसायमा अग्रणीको रूपमा स्थापित गर्न सकेमा उनीहरूको अर्थतन्त्रमा सकारात्मक योगदान भई दिगो विकास सम्भव हुन सक्छ। पर्यटन क्षेत्रमा महिलाको सहभागिता बारेमा सबै वडाका महिलाहरूमा थोरै भए पनि चेतना भएको पाइयो। तालिका ४.५(ख) अनुसार वडा नं ४ मा सबैभन्दा बढी (१४.०८ प्रतिशत) महिलाको यस क्षेत्रमा सहभागिता रहेको पाइयो।

तालिका ४.५(ख) पर्यटनमा महिला सहभागिताको आवश्यकता भएको बताउने घरधुरी संख्या

वडा	पर्यटनमा महिला सहभागिता हुनुपर्ने बारे सचेत घरधुरी (प्रतिशतमा)
१	०.८६
२	०.१२
३	०.८८
४	१४.०८
५	३.११
६	०.२२

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.६ वित्तीय पहुँच

नेपालको संविधानमा वाणिज्य क्षेत्रको विकास सम्बन्धी व्यवस्थामा सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिता र स्वतन्त्र विकासमार्फत राष्ट्रिय अर्थतन्त्रको विकास गर्ने नीति रहकोले देशको आर्थिक विकासको लागि वाणीज्य एवं बैंकिङ क्षेत्रको विकास आवश्यक छ।

यस गाउँपालिकामा रहेका वित्तीय संस्थाको विवरण तालिका ४.६(क) मा दिइएको छ। यस गाउँपालिकामा जम्मा दुई वटा वाणिज्य बैंकका शाखा, दुई वटा विकास बैंकका शाखा र एउटा लघु वित्त संस्थाको शाखा सञ्चालनमा रहेका छन् भने १९ वटा सहकारी दर्ता भएका छन्।

तालिका ४.६ (क) वित्तीय संस्थाको विवरण

वाणिज्य बैंक	विकास बैंक	वित्त कम्पनी	लघु वित्त संस्था	जम्मा	सहकारी
२	२	०	१	५	१९

स्रोत : राष्ट्रिय आर्थिक गणना, २०७५, केन्द्रीय तथ्यांक विभाग

घरधुरी सर्वेक्षण २०७७ अनुसार प्राप्त नतिजा अनुसारको यस गाउँपालिकाका घरपरिवारको बैंक खाताको विवरण तालिका ४.६(ख) मा प्रस्तुत गरिएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाको बहुसंख्यक अर्थात् करिब ६१ प्रतिशत घरपरिवारको बैंकमा खाता रहेको छ भने बाँकी करिब ३९ प्रतिशत घरपरिवारको बैंक खाता छैन। वडाका घरपरिवारमध्ये तुलनात्मक रूपमा सबैभन्दा बढी बैंक खाता वडा नम्बर पाँचमा छ। यस वडाका कुल घरपरिवारको करिब ७९ प्रतिशत घरपरिवारको बैंक खाता छ। सबैभन्दा कम वडा नम्बर दुईको करिब ५० प्रतिशत घरपरिवारको बैंक खाता छ। त्यस्तै गरी वडा नम्बर एकको करिब ७६ प्रतिशत, वडा नम्बर तिनको करिब ६६ प्रतिशत, वडा नम्बर चारको करिब ५३ प्रतिशत र वडा नम्बर छको करिब ५५ प्रतिशत घरपरिवारको बैंक खाता छ।

तालिका ४.६(ख) बैंक खाताको विवरण

वडा	बैंक खाता भएका	प्रतिशत	बैंक खाता नभएका	प्रतिशत	जम्मा
१	८८	७५.८६	२८	२४.१४	११६
२	४०९	४९.७६	४१३	५०.२४	८२२
३	८२८	६६.०३	४२६	३३.९७	१२५४
४	४०३	५३.५२	३५०	४६.४८	७५३
५	५३३	७८.९६	१४२	२१.०४	६७५
६	४९५	५५.४३	३९८	४४.५७	८९३
कुलजम्मा	२७५६	६१.०७	१७५७	३८.९३	४५१३

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ४.६ वित्तीय संस्थाको अवस्थिति



महिला पुरुषको ज्याला

नेपालको संविधानमा समान कामको लागि लैङ्गिक आधारमा पारिश्रमिक तथा सामाजिक सुरक्षामा कुनै भेदभाव गरिने छैन भनेर नागरिक विच समानताको हकको प्रत्याभूति गरेको छ। यस गाउँपालिकामा २०७७ मा गरिएको घरधुरी सर्वेक्षणमा महिला र पुरुषको ज्यालामा समानता रहे नरहेको बारेमा पनि प्रश्नावली राखिएको थियो। उक्त सर्वेक्षणको नतिजालाई तालिका ४.६(ग)मा देखाइएको छ। जस अनुसार ७२.२१% उत्तरदाताले महिला र पुरुषको ज्यालामा समानता रहेको बताएका छन्।

तालिका ४.६ (ग) महिला पुरुषको ज्यालामा समानता सम्बन्धी विवरण

वडा नं	ज्यालामा भिन्नता	ज्यालामा समानता	जम्मा
१	०	११६	११६
२	१३	८०९	८२२
३	१९	१२३५	१२५४
४	६२७	१२६	७५३
५	५५५	१२०	६७५
६	४०	८५३	८९३
कुल जम्मा	१२५४	३२५९	४५१३
प्रतिशत	२७.७९	७२.२१	१००.००

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

सहकारीमा महिला आबद्धता

नेपाल सरकारको तीन खम्बे अर्थ नीतिमा सहकारीको महत्वपूर्ण भूमिकालाई स्वीकारिएको छ। नेपालको ग्रामीण क्षेत्रमा यसको भूमिका अझ बढी छ। नेपालमा महिला सहकारीहरू धेरै संख्यामा खोलिएका छन्। राष्ट्रिय लैङ्गिक समानता नीति २०७७ अनुसार कृषि, पशुपालन, सहकारी, सामुदायिक वन, वातावरण संरक्षण लगायतका कार्यक्रममा स्थानीय तहमार्फत महिलाको आर्थिक क्रियाकलापमा पहुँच अवसर र लाभ सुनिश्चित गरिनेछ भनेर व्यवस्था गरिएको छ।

यस गाउँपालिकामा सहकारीमा महिला सहभागिताको तथ्यांक (तालिका ४.६(घ) विश्लेषण गर्दा सबै वडामा २८ प्रतिशतभन्दा माथि रहेको देखिन्छ (सबैभन्दा बढी वडा नं. ५ मा ५७.९३ प्रतिशत)। बचत गर्नेहरूमध्ये रु.१०० भन्दा माथिको बचत गर्नेहरूमध्ये सबैभन्दा बढी बचत वडा नं. ३ मा (९९.६४ प्रतिशत) र सबैभन्दा कम वडा नं. १ मा (३०.२८ प्रतिशत) गरेको देखिन्छ।

तालिकाः ४.६(घ) सहकारीमा महिला आबद्धता विवरण

वडा नं.	सहकारी र समूहमा महिला आबद्ध भएको घरधुरी (प्रतिशत)	नियमित रु. १०० भन्दा कम बचत गर्ने घरधुरी (प्रतिशत)	नियमित रु. १०० भन्दा बढी बचत गर्ने घरधुरी (प्रतिशत)
१	२८.४५	३६.३६	३०.२८
२	५१.७०	१.१८	९८.५५
३	५१.६०	०.३१	९९.६४
४	४२.३६	१.२५	९८.३६
५	५७.९३	०.५१	९९.३६
६	४६.४७	०.९६	९८.८१

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.७ श्रमशक्ति र रोजगारीको अवस्था

घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा कुल जनसंख्याको करिब ७४.७६ प्रतिशत मानिसहरू कुनै न कुनै पेशामा संलग्न भएको देखिन्छ। यस गाउँपालिकाका मानिसहरू उल्लेख्य संख्यामा करिब ८.१३ प्रतिशत (१५७५ जना) वैदेशिक रोजगारीमा छन्। वस्तुस्थिति अध्ययनको क्रममा भएको समूह छलफल, जानकारहरूसँगको अन्तर्वार्ताबाट प्राप्त नतिजा र गाउँपालिकाको दीर्घकालीन सोच निर्धारण कार्यशाला गोष्ठीबाट अनुमोदन भए अनुसार यस गाउँपालिकामा आर्थिक वर्ष २०७७/७८ मा करिब रु. ६३ करोड विप्रेषण आय भित्रिएको अनुमान छ। स्वाभाविक रूपमा वैदेशिक रोजगारीको/आम्दानीलाई/कुल गार्हस्थ उत्पादनमा गणना गरिंदैन तर यसले अप्रत्यक्ष रूपमा यसलाई योगदान पुरयाएको हुन्छ साथै जीविकोपार्जनमा सकारात्मक योगदान गरेको हुन्छ।

राष्ट्रिय आर्थिक वृद्धिलाई प्रत्यक्ष योगदान गर्ने थप पेशामा संलग्न यस गाउँपालिकाका नागरिकहरूमध्ये ३.६५ प्रतिशत ज्यालादारी, ३.३३ प्रतिशत आफ्नै काम गर्ने, २.६१ प्रतिशत सरकारी नोकरी, १.३४ प्रतिशत करारमा र ०.१४ प्रतिशत पेशागत काममा संलग्न रहेको देखिन्छ।

पेशामा लैंगिक समावेशिता

श्रम ऐन २०७४ अनुसार रोजगारदाताले श्रमिकलाई धर्म, वर्ण, लिङ्ग, जात, जाति, उत्पत्ति, भाषा वा वैचारिक आस्था वा अन्य त्यस्तै आधारमध्ये कुनै कुराको आधारमा भेदभाव गर्न पाइने छैन भन्दै लैङ्गिक समानता र सामाजिक समाबेशीकरण(लैससास)को नीतिमा व्यवस्था गरेको देखिन्छ। त्यसैगरि वैदेशिक रोजगार ऐन २०६४ ले पनि वैदेशिक रोजगारमा कामदार पठाउँदा लैङ्गिक विभेद गरिने छैन भन्ने व्यवस्था गरेको पाइन्छ। नेपाल निजामती सेवा ऐन २०४९ ले ऐन संशोधनमार्फत महिला एवं अन्य बहिष्करणमा परेका महिला तथा वर्गहरूको आरक्षणको व्यवस्था अन्तर्गत सकारात्मक विभेद गर्दै लैससासको लागि विशेष प्रावधान गरेको देखिन्छ।

तालिका ४.७ मा प्रस्तुत यस पालिकाको विभिन्न पेशाको लैङ्गिक विवरण अनुसार कृषि (पुरुष २९६३ र महिला ३६६८) र गृहणी (पुरुष १०३, महिला १३१९) मा मात्र महिलाको उपस्थिति उल्लेख्य तथा पुरुषको भन्दा बढी देखिएको छ। त्यसैगरि ज्यालादारी, करारमा काम गर्ने, ज्यालादारीमा काम गर्ने, उद्योग व्यवसाय साथै वैदेशिक रोजगारी तर्फ महिलाको संख्या पुरुषको तुलनामा कम देखिएको छ। उक्त तथ्यांकबाट महिलाको भूमिका बढी मात्रामा घरायसी काममा र कृषिमा देखिएको छ। सरकारी सेवामा निजामति सेवा ऐनले समावेशीतालाई अवलम्वन गरेको देखिएतापनी यथार्थमा उल्लेख्य वृद्धि भएको देखिंदैन।

तालिका ४.७ विभिन्न पेशामा संलग्नता सम्बन्धी लैङ्गिक विवरण

पेशा	पुरुष	महिला	तेस्रोलिंगी	कुल जम्मा	प्रतिशत
कृषि	२९६३	३६६८	६	६६३७	३४.२८
सरकारी नोकरी	३५४	१५१	१	५०६	२.६१

आफ्नै काम	३७६	२६९	०	६४५	३.३३
ज्यालादारी	६४०	६७	०	७०७	३.६५
करारमा काम	२५६	३	१	२६०	१.३४
विद्यार्थी	१६०३	१७१७	४	३३२४	१७.१७
वैदेशिक रोजगारी	१३२३	२५२	०	१५७५	८.१३
पेशागत	२१	६	०	२७	०.१४
उद्योग व्यवसाय	३१३	३३५	१	६४९	३.३५
अन्य	९६	५०	१	१४७	०.७६
कुल	**७९४५**	**६५१८**	**१४**	**१४४७७**	**७४.७६**
गृहिणी	१०३	१३१९	१	१४२३	७.३५
कोभिड अघि बेरोजगार	२८१	६७	०	३४८	१.८
कोभिडपछि बेरोजगार	५	२	०	७	०.०४
बालबालिका	१६२०	१४८५	२	३१०७	१६.०५
कुल जम्मा	**९९५४**	**९३९१**	**१७**	**१९३६२**	**१००**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.८ सीपमूलक तालिम

यस गाउँपालिकाका अति कम नागरिकहरूले सीपमूलक तालिम लिएका छन्। सीपमूलक तालिम लिएका नागरिकहरूको विवरण तालिका ४.८ मा दिइएको छ। तालिकामा देखाए अनुसार यस गाउँपालिकाका करिब २.८४ प्रतिशत नागरिकहरूले मात्र सीपमूलक तालिम लिएका छन्। सबैभन्दा बढी करिब ०.८९ प्रतिशतले बुटिक तालिम लिएका छन्। त्यसका अतिरिक्त यस गाउँपालिकाका नागरिकहरूले सूचना प्रविधि, निर्माण, मेकानिकल, कृषि, जनस्वास्थ्य, पशु स्वास्थ्य, वन, पर्यटन, कला लगायतका तालिम लिएका छन्।

तालिका ४.८: सीपमूलक तालिमको विवरण

तालिमको प्रकार	पुरुष	महिला	कुल जम्मा	प्रतिशत
सूचना प्रविधि	३२	१८	५०	०.२६
बुटिक	२	१७१	१७३	०.८९
निर्माण	११०	२	११२	०.५८
मेकानिकल	८	०	८	०.०४
कृषि	७४	५०	१२४	०.६४
जनस्वास्थ्य	५	२८	३३	०.१७
पशु स्वास्थ्य	१२	७	१९	०.१०
वन	४	४	८	०.०४
पर्यटन	४	१	५	०.०३
कला	३	०	३	०.०२
अन्य	१०	४	१४	०.०७
जम्मा	**२६४**	**२८५**	**५४९**	**२.८४**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.९ घरपरिवारको आम्दानी र खर्च

घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा एकीकृत गरिएको यस गाउँपालिकाको घरपरिवारको आंफुले उपभोग गर्न उत्पादन गरेको कृषि उत्पादन बाहेक वार्षिक आम्दानी तालिका ४.९(क) मा प्रस्तुत गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकाको अधिकांश अर्थात् करिब ५७ प्रतिशत घरपरिवारको वार्षिक आम्दानी रु. एक लाखभन्दा कम छ। यस गाउँपालिकाको प्रति परिवार वार्षिक आम्दानीको मध्यिका (Median) रु. ८८,१४५ रहेको छ। यसको अर्थ, यस गाउँपालिकाका आधा घरपरिवारको वार्षिक आम्दानी रु. ८८,१४५ भन्दा कम रहेको छ। यस गाउँपालिकाका अतिकम ७८ घरपरिवार अर्थात् करिब १.६८ प्रतिशतको मात्र वार्षिक आय रु. दश लाखभन्दा बढी छ। जसमध्ये ५७ घरपरिवार वडा नम्बर पाँचका र १२ घरपरिवार वडा नम्बर दुईका १२ घरपरिवार पर्दछन्।

वडा स्तरमा, वडा नम्बर एकका सबैजसो अर्थात् करिब ९८ प्रतिशत घरपरिवारको वार्षिक आय रु. एक लाख भन्दा कम छ। यस वडाका दुई घरपरिवारको मात्र वार्षिक आय रु एक लाखभन्दा बढी छ। त्यस्तैगरी, वडा नम्बर चारका अधिकांस अर्थात् करिब ८५ प्रतिशत, वडा नम्बर छ का ७१ प्रतिशत, वडा नम्बर दुईका ५२ प्रतिशत, वडा नम्बर तिनका करिब ५० प्रतिशत घरपरिवारको वार्षिक आय रु. एक लाखभन्दा कम छ भने वडा नम्बर पाँचका तुलनात्मक रूपमा कम अर्थात् करिब १७ प्रतिशत घरपरिवारको वार्षिक आय रु एक लाखभन्दा कम छ।

तालिका ४.९(क) प्रति परिवार वार्षिक आम्दानी

आम्दानी रु. / वडा नम्बर	१	२	३	४	५	६	कुल जम्मा
१ लाख भन्दा कम	११४	४३०	६२६	६३८	११८	६३४	**२५६०**
प्रतिशत	९८.३	५२.३	४९.९	८४.७	१७.५	७१.०	**५६.७**
१ लाख देखि २ लाख सम्म	१	१४८	३५४	७५	१२०	१३०	**८२८**
प्रतिशत	०.९	१८.०	२८.२	१०.०	१७.८	१४.६	**१८.३**
२ लाख देखि ४ लाख सम्म	०	१४५	१८८	२३	१७४	८७	**६१७**
प्रतिशत	०.०	१७.६	१५.०	३.१	२५.८	९.७	**१३.७**
४ लाख देखि ६ लाख सम्म	०	६२	५१	१४	१११	३०	**२६८**
प्रतिशत	०.०	७.५	४.१	१.९	१६.४	३.४	**५.९**
६ लाख देखि ८ लाख सम्म	०	२०	१२	२	५३	५	**९२**
प्रतिशत	०.०	२.४	१.०	०.३	७.९	०.६	**२.०**
८ लाख देखि १० लाख	१	५	१८	०	४२	४	**७०**
प्रतिशत	०.९	०.६	१.४	०.०	६.२	०.४	**१.६**
१० लाख भन्दा बढी	०	१२	५	१	५७	३	**७८**
प्रतिशत	०.०	१.५	०.४	०.१	८.४	०.३	**१.७**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ४.९ मा यस गाउँपालिकाका नागरिकहरूको आम्दानीको समानता/असमानता देखाउने **Gini Coefficient** मापन गर्न Lorenze curve देखाइएको छ। गाउँपालिकामा रहेका नागरिकको आयको असमानता मापन गर्ने Gini Coefficient ०.४८० रहेको छ । साथै सबैभन्दा बढी आय भएका १०% नागरिकको कुल आय र सबैभन्दा कम आय भएका ४०% नागरिकको कुल आयको अनुपात (Palma Ratio) ३.३६ रहेको छ।

यी सूचकहरूले यस गाउँपालिकामा नागरिकहरूको आम्दानीको असमानता अत्यधिक रहेको देखाउँछ।

चित्र ४.९ आम्दानीको असमानता मापन गर्ने रेखाचित्र



स्रोत : घरधुरी सर्वेक्षण २०७७,

घरधुरी सर्वेक्षणबाट प्राप्त तथ्यांकको आधारमा एकीकृत गरिएको यस गाउँपालिकाको घरपरिवारको वार्षिक खर्च तालिका ४.९(ख) मा प्रस्तुत गरिएको छ। तालिकामा दिइए अनुसार यस गाउँपालिकाको ठूलो हिस्सा करिब ४६ प्रतिशत घरपरिवारको वार्षिक खर्च रु. एक लाखभन्दा कम छ। यस गाउँपालिकाको वार्षिक प्रति परिवार खर्चको मध्यिका (Median) रु. १११,१७० रहेको छ। यसको अर्थ यस गाउँपालिकाका आधा घरपरिवारको वार्षिक खर्च रु. १११,१७० भन्दा कम छ। वार्षिक प्रतिवार खर्चको मध्यिका वार्षिक आम्दानीको मध्यिका मुल्य भन्दा करिब २६ प्रतिशतले बढी हुन्छ। यसको अर्थ यस गाउँपालिकाका आधा परिवारले आफ्नो वार्षिक आफ्नो आम्दानी भन्दा करिब २६ प्रतिशत बढी खर्च गर्दछन्।

तालिका ४.९(ख) प्रति परिवार वार्षिक खर्च

खर्च रु.	वडा	१	२	३	४	५	६	कुल जम्मा
१ लाखभन्दा कम		९५	३७६	३७२	४७८	१०३	६७४	२०९८
प्रतिशत		८१.९०	४५.७४	२९.६७	६३.४८	१५.२६	७५.४८	४६.४९
१ लाखदेखि २ लाखसम्म		१७	२४६	६१२	१८४	२२३	१३७	१४१९
प्रतिशत		१४.६६	२९.९३	४८.८०	२४.४४	३३.०४	१५.३४	३१.४४

२ लाख देखि ४ लाखसम्म	२	१४४	२०३	६३	२२५	५७	**६९४**
प्रतिशत	१.७२	१७.५२	१६.१९	८.३७	३३.३३	६.३८	**१५.३८**
४ लाखदेखि ६ लाखसम्म	१	३३	५५	२०	८५	२०	**२१४**
प्रतिशत	०.८६	४.०१	४.३९	२.६६	१२.५९	२.२४	**४.७४**
६ लाखदेखि ८ लाखसम्म	१	१५	५	६	२२	३	**५२**
प्रतिशत	०.८६	१.८२	०.४०	०.८०	३.२६	०.३४	**१.१५**
८ लाखदेखि १० लाखसम्म	०	५	४	१	८	०	**१८**
प्रतिशत	०.००	०.६१	०.३२	०.१३	१.१९	०.००	**०.४०**
१० लाखभन्दा बढी	०	३	३	१	९	२	**१८**
प्रतिशत	०.००	०.३६	०.२४	०.१३	१.३३	०.२२	**०.४०**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.१० गरिबीको अवस्था

४.१०.१ गरिबीको मापन

नेपालमा हालसम्म गाउँपालिका स्तरमा गरिबीको अवस्थाको मापन भएको छैन । हाल विश्वमा गरिबीको मापन गर्ने विभिन्न तरिकाहरू जस्तै. मौद्रिक गरिबी, बहुआयामिक गरिबी र उपभोग गरिबी आदि प्रयोग हुँदै आइरहेका छन् । सरकारी कार्यले बहुआयामिक गरिबीलाई प्रत्यक्ष असर पार्दछ तर त्यो कार्यले मौद्रिक गरिबीलाई अल्पकालीन असर नगर्न सक्छ।[२] नेपाल लगायत विश्वमा हिजोआज गरिबीको मापन बहुआयामिक गरिबीको अवस्थाको आधारमा गरिन्छ।

सन् २०१८ मा भएको विश्लेषण अनुसार नेपालमा बहुआयामिक गरिबीको प्रतिशत कुल जनसंख्याको २८.६ प्रतिशत रहेको छ। बागमती प्रदेशको सन २०१४ को बहुआयामिक गरिबी २२ प्रतिशत रहेको छ। बहुआयामिक गरिबीको सूचकहरूमा मुख्यतया स्वास्थ्य, शिक्षा र जीवनस्तर मापन गरिन्छ। स्वास्थ्यमा पोषण तथा बाल मृत्यु दर, शिक्षामा विद्यालय शिक्षाको वर्ष र विद्यालय नगएका बालबालिका र जीवनस्तरसँग सम्बन्धित विभिन्न सूचकहरू समावेश गरिएका थिए।जस अनुसार खाद्य तथा पोषण अन्तर्गत विगत पाँच वर्षमा भएको बच्चाको मृत्युको प्रतिशत समावेश गरिएको थियो। शिक्षा अन्तर्गत विद्यालय शिक्षाको वर्ष अर्थात् १० वर्षभन्दा बढी उमेर समूहमा पाँच कक्षा उत्तीर्ण गर्ने/नगर्ने सदस्य संख्या र परिवारमा विद्यालय गएको वालवालिका संख्या अर्थात् परिवारमा रहेका १४ वर्षसम्मका विद्यालय नगएका सदस्य संख्यालाई लिइएको थियो। जीवनस्तर अन्तर्गत परिवारमा खाना पकाउन प्रयोग हुने इन्धन, सरसफाई अर्थात् चर्पीको अवस्था, पिउने पानीको स्रोत र पानि लिन जाँदा आउँदा लाग्ने समय, विद्युतको उपयोग, घरको छानोको प्रकार, घरको भुइँ र विभिन्न सुविधाको उपयोग अर्थात् रेडियो, टिभी, टेलिफोन, साइकल, मोटरसाइकल, फ्रिज, कार, ट्रक आदिको स्वामित्व समावेश गरिएको थियो।

४.१०.२ स्वास्थ्यको अवस्था

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ मा प्राप्त नतिजा अनुसार स्वास्थ्य अन्तर्गत खाद्य तथा पोषण र विगत तीन वर्षको मृत्युदर मात्र प्राप्त भएका छन्।

२ Nepal multidimensional poverty index, National Planning Commission, २०१८

खाद्य तथा पोषण अन्तर्गत गाउँपालिकामा रहेको खाद्य उत्पादनको पर्याप्ततालाई माथि परिच्छेद ४.३ मा विश्लेषण गरिएको छ। जस अनुसार यस गाउँपालिकामा करिब २९ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो उत्पादनले ९ महिनाभन्दा बढी खान पुग्छ। अझ, वडा नम्बर एकको शत प्रतिशत र वडा नम्बर चारको करिब ९६ प्रतिशत भन्दा बढी घरपरिवारलाई आफ्नो उत्पादनले ९ महिनाभन्दा कम खान पुग्छ। तसर्थ यी वडाहरूमा गरिबी बढिरहेको देखिन्छ। तर वडा नम्बर पाँचको दुई-तिहाईभन्दा बढी घरपरिवारलाई आफ्नो उत्पादनले नौ महिनाभन्दा बढी खान पुग्छ। यो वडाका करिब १२ प्रतिशत घरपरिवारलाई मात्र आफ्नो उत्पादनले तीन महिनाभन्दा कम खान पुग्छ। तसर्थ, यो वडामा गरिबी सापेक्षित रूपमा कम देखिन्छ। यसरी प्रत्यक्ष रूपमा बालबालिकाको कुपोषणको मापन नभएको भए तापनि समग्र खाद्य पर्याप्तताको अवस्थाले गाउँपालिकामा कुपोषण हुन सक्ने अवस्थालाई संकेत गरेको छ। आफ्नो उत्पादनले तीन महिना भन्दा बढी खान नपुग्ने व्यक्तिहरूलाई अति गरिब मान्ने हो भने यस गाउँपालिकामा करिब एक-चौथाइभन्दा बढी (२५.१७ प्रतिशत) अति गरिब रहेको देखिएको छ।

घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त गाउँपालिकामा विगत तीन वर्षमा भएका मृत्युको विवरण माथि परिच्छेद ३.४.३ को तालिका ३.४.३ मा प्रस्तुत गरिएको छ। यसले बहुआयामिक गरिबीको स्वास्थ्य सम्बन्धी सूचक बाल मृत्युदर प्रत्यक्ष नदेखाए पनि समग्र मृत्युको अवस्था इंगित गरेको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा विगत तीन वर्षमा जम्मा ११३ जना अर्थात् कुल जनसंख्याको ०.५८ प्रतिशतको मृत्यु भयो। त्यसमध्ये सबैभन्दा बढी वडा नम्बर एकमा करिब १.३६ प्रतिशतको मृत्यु भएको देखिन्छ। यो वडामा खाद्य संकट अन्य वडाभन्दा बढी भएको माथिको खाद्य पर्याप्ततालाई विश्लेषणबाट पनि देखिएको थियो। तसर्थ तुलनात्मक रूपमा बढी मृत्युको कारण खाद्य संकट वा गरिबी हुन सक्छ।

४.१०.३ जीवनस्तर

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ को क्रममा जीवनस्तरसँग सम्बन्धित प्रायः सबै सूचकहरूको तथ्यांक संकलन गरिएको थियो। सो सर्वेक्षणबाट प्राप्त नतिजामध्ये परिवारमा खाना पकाउन प्रयोग हुने इन्धनको प्रयोगको अवस्थालाई तालिका ४.१०.३(क) मा प्रस्तुत गरिएको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा खाना पकाउने इन्धनको रूपमा दाउरा र गुइँठा प्रयोग गर्ने घरपरिवार झन्डै तीन-चौथाइ अर्थात् ७३ प्रतिशतभन्दा बढी छन्। करिब २६ प्रतिशतभन्दा बढीले एलपी ग्यास प्रयोग गर्दछन् भने अन्य इन्धन प्रयोग गर्ने घरपरिवार नगन्य छन्। वडा नम्बर एकका ९८ प्रतिशतभन्दा बढी, वडा नम्बर चारका ९६ प्रतिशतभन्दा बढी र वडा नम्बर तिनका ७३ प्रतिशतभन्दा बढी घरपरिवारले दाउरा प्रयोग गर्छन्।

खाना बनाउन प्रयोग गरिने नवीकरणीय ऊर्जा अर्थात् बायोग्यास र विद्युत् प्रयोग गर्ने घरपरिवार जम्मा ६ वटा छन्। अत्यधिक दाउरा र गुइँठाको प्रयोग हुने तथ्यांकले नागरिकहरूको जीवनस्तर अझै पछाडि रहेको देखाउँछ।

तालिका ४.१०.३(क) खाना पकाउन प्रयोग गरिने इन्धन

वडा	एलपी ग्यास	%	दाउरा	%	मट्टी तेल	%	गुइँठा	%	बायो ग्यास	%	कुल जम्मा
१	०	०.००	११४	९८.२८	२	१.७२	०	०.००	०	०.००	११६
२	४४४	५४.०१	३७२	४५.२६	४	०.४९	१	०.१२	१	०.१२	८२२
३	३३६	२६.७९	९१८	७३.२१	०	०.००	०	०.००	०	०.००	१२५४
४	२५	३.३२	७२५	९६.२८	२	०.२७	०	०.००	०	०.००	७५३
५	२५६	३७.९३	४१३	६१.१९	३	०.४४	२	०.३०	१	०.१५	६७५
६	१३६	१५.२३	७५१	८४.१०	३	०.३४	०	०.००	३	०.३४	८९३
कुल जम्मा	११९७	२६.५२	३२९३	७२.९७	१४	०.३१	३	०.०७	५	०.११	४५१३

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

त्यस्तै गरी सो सर्वेक्षणबाट प्राप्त नतिजामध्ये परिवारको चर्पीको अवस्थालाई तालिका ४.१०.३(ख) मा प्रस्तुत गरिएको छ। प्राप्त नतिजा अनुसार यस गाउँपालिकामा अधिकांश अर्थात् करिब ५७ प्रतिशत घरपरिवारको साधारण शौचालय छ। करिब ३९ प्रतिशतभन्दा बढी घरपरिवारको शौचालय सेफ्टीट्यांकीमा जोडिएको छ भने १२२ घरपरिवार अर्थात् २.७० प्रतिशतको शौचालय नै छैन।

तालिका ४.१०.३(ख) शौचालय प्रयोगको विवरण

वडा	सार्वजनिक ढलमा जोडिएको	%	सेफ्टीट्यांकीमा जोडिएको	%	साधारण शौचालय	%	शौचालय नभएको	%
१	०	०.०	११३	९७.४१	२	१.७२	१	०.८
२	२८	३.४१	३९८	४८.४२	३३८	४१.१२	५८	७.०६
३	०	०.०	६१७	४९.२	६१८	४९.२८	१९	१.५२
४	२५	३.३२	४७५	६३.०८	२२१	२९.३५	३२	४.२
५	२	०.३	९५	१४.०७	५७२	८४.७४	६	०.९
६	०	०.०	८४	९.४१	८०३	८९.९२	६	०.६७
कुल जम्मा	५५	१.२२	१७८२	३९.४९	२५५४	५६.५९	१२२	२.७

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने पिउने पानीको स्रोत बारेमा सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ६८ प्रतिशत भन्दा बढीले व्यवस्थित पिउने पानीको सुबिधा उपभोग गरिरहेका छन्। करिब २५ प्रतिशतले परमपरागत धाराको पानी पिइरहेका छन् भने ४ प्रतिशतभन्दा बढीले पिउने पानीको रूपमा खोलाको पनि प्रयोग गरिरहेका छन्। यसरि गाउँपालिकामा करिव ९३% घरपरिवारले सफा पानी पिउने प्रयोग गरिरहेका छन्। घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजालाई तालिका ४.१०.३(ग) मा प्रस्तुत गरिएको छ। वडा नम्बर एकका प्राय सबै घरपरिवारले सार्वजनिक धाराको पिउने पानी प्रयोग गरिरहेका छन्। तर वडा नम्बर पाँचका ९८ प्रतिशतभन्दा बढी घरपरिवारले निजी खानेपानी धारा प्रयोग गरिरहेका छन्। समग्रमा यस गाउँपालिकामा खानेपानीको व्यवस्था तुलनात्मक रुपमा राम्रो छ।

तालिका ४.१०.३(ग): पिउने पानीको सुविधा विवरण

वडा	सार्वजनिक खानेपानी धारा	निजि खानेपानी धारा	ट्युवेल	वोरिंग	बन्द कुवा	खुला कुवा	खोलाबाट ल्याएको पाइप	परम्परा गत धारा	अन्य	कुल जम्मा
१	०	११५	०	१	०	०	०	०	०	११६
२	१२	५९८	०	०	६	१२	१००	८८	६	८२२
३	९१	३३३	१	२२	२०	१०	१०	७४०	२७	१२५४
४	३५	७१७	०	०	०	०	०	१	०	७५३
५	५	६६३	१	०	०	०	४	२	०	६७५
६	५०५	३	०	३	०	०	६८	३१३	१	८९३
कुल जम्मा	६४८	२४२९	२	२६	२६	२२	१८२	११४४	३४	४५१३
%	१४.३६	५३.८२	०.०४	०.५८	०.६	०.५	४.०३	२५.३	०.७	

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यस गाउँपालिकामा बसोबास गर्ने घरपरिवारले प्रयोग गर्ने बत्तीको स्रोतको बारेमा सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार ९७ प्रतिशतभन्दा बढीले बत्ती बाल्न जलविद्युतको प्रयोग गरिरहेका छन्। सौर्य विद्युत् प्रयोग गर्ने करिब एक प्रतिशत छन् भने ५५ घरपरिवार अर्थात् एक प्रतिशतभन्दा बढी घरपरिवारले अझै पनि बत्ती बाल्न मट्टीतेलको प्रयोग गरिरहेका छन्। घरधुरी सर्वेक्षणबाट प्राप्त नतिजालाई तालिका ४.१०.३(घ) मा प्रस्तुत गरिएको छ।

तालिका ४.१०.३(घ): बत्तीको स्रोतको विवरण

वडा	जलविद्युत्	सौर्य विद्युत्	बायोग्यास	मट्टीतेल	अन्य	जम्मा
१	११५	०	०	१	०	११६
२	७९२	१६	०	५	९	८२२
३	१२३६	१२	०	६	०	१२५४
४	६९४	२३	०	३६	०	७५३
५	६६७	०	५	३	०	६७५
६	८८७	१	१	४	०	८९३
कुलजम्मा	४३९१	५२	६	५५	९	४५१३
प्रतिशत	९७.३०	१.१५	०.१३	१.२२	०.२०	१००.००

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

बहुआयामिक गरिबी मापन प्रतिवेदन २०१८ ले घरको छानो काठ, पराल वा स्याउला आदिको भएको घरपरिवारलाई बहुआयामिक गरिबी भएको समूहमा लिएको छ। घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नतिजा (तालिका ३.१०(क)) अनुसार यस गाउँपालिकाको नगन्य अर्थात् कुल २६ घरपरिवारको मात्र उक्त प्रकारको घरको छानो छ। जुन कुल घरपरिवार संख्याको ०.५८ प्रतिशत मात्र हो।

त्यस्तै गरी उक्त प्रतिवेदनले घरको छानोको प्रकारको अतिरिक्त घरको जगलाई पनि आधार मानी वहुआयामिक गरिबीको अवस्था छुट्याएको छ। यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ को नतिजा अनुसार ४३ प्रतिशतभन्दा बढी घरको भुइँ बालुवा र ढुंगा मिश्रित छ। उक्त सर्वेक्षणको नतिजालाई माथि तालिका ३.१०(ख) मा प्रस्तुत गरिएको छ। बहुआयामिक गरिबी मापन गर्दा घरको भुइँ बालुवा, ढुंगा र माटोको भएको घरपरिवारलाई गरिबको वर्गमा राखिएको छ।

नेपालको बहुआयामिक गरिबी मापन प्रतिवेदन २०१८ मा जीवनस्तर मापनको लागि घरपरिवारसँग रहेको विभिन्न सम्पत्तिको स्वामित्वको समेत आधार लिइएको पाइन्छ। यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ बाट प्राप्त नतिजा अनुसार ८४ प्रतिशतभन्दा बढी घरपरिवारसँग मोबाइल फोन छ भने ४६ प्रतिशतभन्दा बढी घरपरिवारसँग टेलिभिजन छ। तसर्थ यस गाउँपालिकामा कम्तीमा एक प्रकारभन्दा बढी तोकिएको सम्पत्तिको स्वामित्व हुने घरपरिवार ४६ प्रतिशतभन्दा बढी छन्। अर्थात् करिब ५४ प्रतिशत घरपरिवारसँग तोकिएको सम्पत्तिहरूमध्ये एक प्रकारको वा सोभन्दा कम सम्पत्तिको स्वामित्व छ भने तोकिएको मध्ये कुनै पनि सम्पत्ति नभएको घरपरिवार करिब १० प्रतिशत छ। बहुआयामिक गरिबीको मापनको आधारलाई मान्दा यस गाउँपालिकाको करिब ५४ प्रतिशत घरपरिवार बहुआयामिक रूपमा गरिब देखिन्छन् । उक्त सर्वेक्षणको नतिजालाई तालिका ४.१०.३(ङ) मा प्रस्तुत गरिएको छ।

तालिका ४.१०.३(ङ): सम्पत्तिको स्वामित्व

वडा	रेडियो	टेलिभिजन	टेलिफोन/ मोबाइल	कम्प्युटर	इन्टरनेट	मोटर–साइकल	कार	रेफ्रिजेरेटर	कुनै नभएका
१	४	१५	१११	०	०	९	०	०	४
२	१०४	३५७	६५१	१५	७३	३६	१	५	१०५
३	३३६	६२३	१०७८	५१	८१	१२१	१२	५०	११७
४	११६	२८५	५३१	५	९	२०	२	३	१११
५	४००	५०६	६२७	२१	५०	१५९	२३	७९	१२
६	११२	२९८	७९७	१४	२	५७	४	४	८५
कुल जम्मा	**१०७२**	**२०८४**	**३७९५**	**१०६**	**२१५**	**४०२**	**४२**	**१४१**	**४३४**
%	**२३.७५**	**४६.१८**	**८४.०९**	**२.३५**	**४.७६**	**८.९१**	**०.९३**	**३.१२**	**९.६२**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

४.११ कोरोना र स्थानीय अर्थतन्त्रमा परेको प्रभाव

विश्वव्यापी महामारीको रूपमा फैलिएको कोरोना भाइरसको असरबाट नेपाल पनि अछुतो रहेन। कोभिड-१९को कारण देखिएका मुख्यतया दुई प्रकारका असरहरू देखिएका थिए। एउटा कोभिडकै कारण परेको असर जस्तै मानवीय/सामाजिक नोक्सान र अर्को कोभिडको संक्रमण रोक्न गरिएको लकडाउनको कारण भएको आर्थिक नोक्सान। आर्थिक क्षतिमा देशको कुल गार्हस्थ उत्पादनमा आएको गिरावट, आन्तरिक एवम् वैदेशिक रोजगारीमा आएको न्यूनता, देशको राजश्व संकलनमा असर, खर्च गर्ने क्षमतामा आउने कमि, विप्रेषण आयमा कमी र दैनिक जीवनयापनमा आइपर्ने समस्या जस्ता प्रत्यक्ष असर र गरिबी बढ्ने तहत दिगो विकास लक्ष प्राप्तिमा हुने ढिलाई जस्ता अप्रत्यक्ष असर देखिएका छन्।

जीवनस्तर सर्वेक्षण २०२० अनुसार कोभिड-१९ को पहिलो लहरका कारण एक वर्षमा नेपालबाट बैदेशिक रोजगारीमा गएका करिब ६ लाख ८७ हजार नेपाली देश फर्किने र तीमध्ये साठी प्रतिशतको रोजगारी गुम्ने अनुमान गरिएको छ। कोभिड-१९ ले स्थानीयस्तरमा पनि असर परेको हुन्छ। जस्तै, राजश्वका गिरावट, खर्च घट्ने, कोभिड व्यवस्थापनमा खर्च गर्नु परेको कारण स्रोत अभाव, मानवीय एवम् आर्थिक क्षति, जनताको रोजगारी गुम्ने आदि।

यस गाउँपालिकामा कोभिडको संक्रमण त्यत्ति देखिएन। यदाकदा देखिएको संक्रमणलाई पालिकाको सक्रियतामा क्वारेन्टाइन केन्द्र र होम आइशोलेशन व्यवस्थापन गरी नियन्त्रणमा ल्याइएको थियो। कोभिड संक्रमण नियन्त्रण गर्न संघीय सरकारबाट प्राप्त अनुदानको प्रयोग गरिएको थियो।

कोभिड-१९ को संक्रमण रोक्न राष्ट्रब्यापी भएको लकडाउनको कारण केही दिन बन्द गर्नु परे तापनि सदाको लागि व्यवसाय बन्द भएनन्। कोभिडको कारण र अन्य समयमा वैदेशिक रोजगारीबाट फर्की आएका व्यक्तिहरू समूह बनाई व्यवसायिक कृषि पेशामा संलग्न भएका छन्। वैदेशिक रोजगारका नागरिकहरू कोभिड-१९ का कारण घर फर्किएकाले यस पालिकामा कृषि कार्य बढेको कुरा छलफलबाट प्राप्त भएको छ।

कोभिडको कारण बालबालिकाको शिक्षामा पनि गम्भीर असर परेको छ। हाम्रो जस्तो अल्पविकसित देशमा अझ बढी असर परेको छ। यस गाउँपालिकामा कोभिडको कारण बालबालिकाको शिक्षामा परेको असर बारे तालिका ४.११(क) मा प्रस्तुत गरिएको छ। जस अनुसार वडा नम्बर एकका सबैभन्दा बढी बालबालिका अर्थात् करिब ९६ प्रतिशत उत्तरदाताले आफ्ना बालबालिका अनलाइन शिक्षामा सहभागी भएको बताएका थिए भने वडा नम्बर पाँचका सबैभन्दा कम अर्थात् करिब नौ प्रतिशतले मात्र आफ्ना बालबालिका सहभागी भएको बताएका थिए। वडा नम्बर पाँचको करिब ६ प्रतिशत उत्तरदाताले कोभिड-१९ को कारण आफ्ना बालबालिकाले विद्यालय छोडेको बताएका थिए भने वडा नम्बर एकका कसैले पनि आफ्ना बालबालिकाले विद्यालय छोडेको बताएनन्।

तालिका ४.११(क) कोभिडको कारण बालबालिकाले विद्यालय छोडेको विवरण

वडा	बालबालिका अनलाइन शिक्षा मा सहभागी भएको बताउने %	कोभिडको कारण बालबालिकाले विद्यालय छोडेको बताउने %	कोभिडको कारण छात्रहरूले विद्यालय छोडेको बताउने %	कोभिडको कारण छात्राहरूले विद्यालय छोडेको बताउने %	कोभिडको कारण छात्र र छात्रा दुवैले विद्यालय छोडेको बताउने %
१	९५.६१	०.००	०.००	०.००	०.००
२	६२.०९	३.०२	३६.३६	९.०९	५४.५५
३	६७.४८	१.१४	०.००	२०.००	८०.००
४	६८.७५	१.५२	३३.३३	६६.६७	०.००
५	९.१७	५.९८	२८.५७	३५.७१	३५.७१
६	८१.७७	१.७१	०.००	७५.००	२५.००

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

कोभिड-१९ को पहिलो लहरको समाजमा परेको असरबारे जानकारी संकलन गर्न यस गाउँपालिकाको घरधुरी सर्वेक्षणको क्रममा कोभिड-१९ को पहिलो लहर चलेको बेला भएको लकडाउनमा भएको महिला हिंसाबारे समेत सहभागीहरूलाई प्रश्न सोधिएको थियो। सो सर्वेक्षणबाट प्राप्त नतिजा अनुसार वडा नम्बर तीन र पाँचका सबैभन्दा धेरै करिब ०.१६ प्रतिशत उत्तरदाताले महिला हिंसा भएको बताएका थिए भने वडा नम्बर एक, दुई र चारका कुनै पनि उत्तरदाताले महिला हिंसा भएको बताएनन्। उक्त सर्वेक्षणको नतिजालाई तालिका ४.११(ख) मा प्रस्तुत गरिएको छ।

तालिका ४.११(ख): लकडाउनमा महिला हिंसा विवरण

वडा	लकडाउनमा महिला हिंसा भएको बताउने %
१	०.००
२	०.००
३	०.१६
४	०.००
५	०.१५
६	०.११

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

परिच्छेद : ५
भौतिक पूर्वाधारको स्थिति

५.१ सडक यातायात

नेपालको संविधानले स्थानीयस्तरमा निर्माण हुने यातायात प्रणालीहरूको निर्माण, सञ्चालन, मर्मत आदि सबै कुराको अधिकार स्थानीय सरकारलाई दिएको छ। यस गाउँपालिकाको वडा नं ५ र ६ हुँदै मध्य पहाडी राजमार्ग धादिङ जिल्लाको नेत्रावतीमा जोडिन्छ। यस पालिकाको केन्द्रमा पुग्न कोलोनी देउराली ग्राभेल सडक छ। पालिकामा ५३ कि.मि. सर्वयाम सडक छ जसमध्ये करिब २७ कि.मि. ग्राभेल र बाँकी २६ कि.मि. धुले सडक छ। यहाँ ३५१ कि.मि. स-सानो र ठूलो गरी ३७ वटा धुले सडकहरू छन्। गाउँपालिकाबाट ६ वटै वडा केन्द्रसम्म सडक ट्र्याक नीर्माण भइसकेको छ । पालिका केन्द्रबाट वडा केन्द्र जोडिने सडकहरूको कुल लम्बाइ ४७ कि.मि. छ। गाउँपालिकाको सबै वार्डमा पुग्ने धुले सडक निर्माण भए पनि स्तरोन्नति नगरी यातायात सञ्चालन गर्न कठिन छ। सञ्चालित धुले सडकहरूको ज्यामिती (ज्योमेट्री) नमिलेको र सडक संरचनाहरू पनि नबनेको हुनाले यी सडकहरू मौसमी सडकको रूपमा सञ्चालित छन्। यस पालिकामा अन्तर्क्रियाको क्रममा सरोकारवालाहरूबाट नयाँ सडकको ट्र्याक निर्माण नगरी विद्यमान सडकहरूको स्तरोन्नति गर्नुपर्ने माग छ। पालिकाको म्यागङडाँडाबाट बोल्दोपोखरी हुँदै सामरीमा रहेको मध्य पहाडी राजमार्गसम्म पालिका केन्द्रबाट धुले सडक निर्माण भएको छ।

यस पालिकामा धुले सडकहरूको सञ्जाल लगभग तयार भइसकेको अवस्था छ। यस पालिकामा २ वटा पक्की पुलहरू सञ्चालित छन् । यस्तै १४ वटा झो. पुलहरू सञ्चालित छन् र ३ वटा थप निर्माणको माग भएको छ। यस पालिकामा प्रदेश अन्तर्गत ३९ कि.मि. ३ वटा सडकहरू निर्माणाधीन रहेका छन्। पालिकामा ४७ कि.मि. १३ वटा घोडेटो बाटोहरू सञ्चालित छन्। बस्तीलाई बस्तीसँग जोड्ने कतिपय गोरेटोहरू सडक निर्माणको क्रममा विस्थापित भई आवतजावतमा समस्या भएकोले पुनः निर्माण गर्नुपर्ने स्थानीय सरोकार समूहको प्रस्ताव छ। पूर्वाधारको संरचनाहरूको मर्मत सम्भारको लागि पालिकामा २०७६ मा मर्मत सम्भार नीति तय भई लागू भएको छ।

यस गाउँपालिकामा निर्मित सडक यातायातको परिमाण र अवस्था तालिका ५.१(क) मा प्रस्तुत गरिएको छ। यस गाउँपालिकाको जुनसुकै बस्तीबाट अधिकतम करिब ४५ मिनेटमा नजिकको बाह्रै महिना चल्ने सडकसम्म पुग्न सकिन्छ। यस गाउँपालिकामा कालोपत्र सडक छैन। गाउँपालिकामा रहेका दुई वटा प्रमुख बजारमा सडक पहुँच छ।

तालिका ५.१(क) गाउँपालिकाको सडक पूर्वाधार

सूचक	इकाई	आ.व. ०७७/७८ सम्मको अवस्था
बाह्रै महिना यातायात सुचारु हुने सडक लम्बाई	कि.मि.	५३
रणनैतिक सडक (मध्य पहाडी राजमार्ग १७.८ कि.मि. र प्रदेशको ३ वटा ३९ कि.मि.	कि.मि	५६.८
ग्राभेल सडक (देउराली र सामरी)	कि.मि.	२७
धुले सडक	कि.मि.	३५१
सडकबाट जोडिएको वडा केन्द्र	संख्या	६
सर्वयाम सडकमा पुग्न लाग्ने अधिकतम समय	मिनेट	४५
सडक पहुँच भएका प्रमुख बजार	संख्या	२
स्थानीय बजारमा उपलब्ध एकीकृत सेवा र सुविधाका प्रकार	संख्या	५
प्रवर्द्धित तथा व्यवस्थित बजार	संख्या	२
सुरक्षित र बसोबास योग्य बस्तीमा बसोबास गर्ने	परिवार	४१९२

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका, वस्तुस्थिति अध्ययनको क्रममा भएको समूह छलफल र जानकारसँगको अन्तर्वार्ता

गाउँपालिकामा जम्मा दुई वटा पक्की पुल र १४ वटा झोलुंगे पुल रहेका छन्। निजी क्षेत्रबाट जम्मा चार वटा बस सञ्चालनमा छन्। सडकमा नाली छैनन् भने मर्मत सम्भार भएको सडकको लम्बाइ ५७ कि.मि. छ। कुनै पनि सडक संरक्षणका लागि बायो इन्जिनियरिङ प्रविधि प्रयोग भएको छैन। यस गाउँपालिकाको सडक पुल तथा यातायातको अवस्थालाई तालिका ५.१ (ख) मा प्रस्तुत गरिएको छ।

तालिका ५.१ (ख) सडक पुल तथा यातायात

सूचक	इकाई	आ.व. ०७७/७८ सम्मको अवस्था
पक्की पुल (बेली समेत)	संख्या	२
नदी तथा सहायक नदीमा झोलुङ्गे पुल	संख्या	१४
गाउँपालिकामा सञ्चालित ४ पांग्रे यातायातका साधन	संख्या	४ बस
नियमित मर्मत सम्भार भएको सडकको लम्बाइ	किमि	५७

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ५.१ सडक, पुल तथा कल्भर्टको अवस्थिति



५.२ सूचना प्रविधि तथा सञ्चार क्षेत्रको अवस्था

यस गाउँपालिकामा रहेको सूचना तथा सञ्चारको अवस्थाको विवरण तालिका ५.२ मा प्रस्तुत गरिएको छ। तालिकामा दिए अनुसार यस गाउँपालिकाका ३१५ घर परिवार अर्थात् करिब ७ प्रतिशतले मात्र इन्टरनेट प्रयोग गर्छन्। दुई वटा विद्यालयमा मात्र इन्टरनेट सुविधा उपलब्ध छ। मोबाइल प्रयोगकर्ता भने उल्लेख्य घर परिवार छन्। मोबाइल प्रयोगकर्ता ३७९८ घर परिवार अर्थात् करिब ८४ प्रतिशत घर परिवार छन्। तर टेलिभिजन प्रयोगकर्ता २०८४ घरपरिवार अर्थात् करिब ४६ प्रतिशत छन्। यस गाउँपालिकामा जम्मा दुई वटा हुलाक कार्यालय रहेका छन्। ल्याण्डलाइन टेलिफोन प्रयोग शून्य छ भने स्थानीय रूपमा कुनै पनि पत्रिका प्रकाशन भएका छैनन्।

तालिका ५.२ सूचना प्रविधि तथा सञ्चारको अवस्था

सूचक	इकाई	०७७/७८ सम्मको अवस्था
इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या	संख्या	३१५ घरपरिवार
मोबाइल प्रयोगकर्ता	संख्या	३७९४ घरपरिवार
टेलिभिजन प्रयोग गर्ने घर	संख्या	२०८४ घरपरिवार
इन्टरनेट सुविधा भएका विद्यालय संख्या	जना	२
हुलाक संख्या	गोटा	२

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

५.३ विद्युत् तथा वैकल्पिक ऊर्जाको अवस्था

यस पालिकाको ६ वटै वडाहरू राष्ट्रिय प्रसारण लाइनमा जोडिएका छन्। यस गाउँपालिकामा लघु जलविद्युतमार्फत विद्युत् उत्पादन भएको छैन। तर ४३९१ घरपरिवार अर्थात् करिब ९८ प्रतिशत घरपरिवार राष्ट्रिय विद्युत् प्रणालीमा जोडिएका छन्। वैकल्पिक ऊर्जाको रूपमा सौर्य उर्जा प्रयोग गर्ने घरपरिवारको संख्या ५२ छ भने सुधारिएको उर्जा (एलपी ग्यास/बायोग्यास) प्रयोग गर्ने घरपरिवार नगन्य अर्थात् ६ घरपरिवार छन्। यस गाउँपालिकाको विद्युत् तथा वैकल्पिक ऊर्जाको प्रयोगको अवस्थालाई तालिका ५.३ मा प्रस्तुत गरिएको छ।

तालिका ५.३ विद्युत् तथा वैकल्पिक ऊर्जाको अवस्था

सूचक	इकाई	०७७/७८ सम्मको अवस्था
सुधारिएको ऊर्जा (बायोग्यास, एलपी) प्रयोग गर्ने	परिवार	६
विद्युत् सेवा पुगेको जनसंख्या	संख्या	९८%
राष्ट्रिय विद्युत् प्रणालीमा जोडिएको परिवार	संख्या	४३९१

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

५.४ खानेपानी तथा सरसफाइको स्थिति

यस गाउँपालिकाको खानेपानी सुविधा तथा सरसफाइको अवस्थाको बारेमा परिच्छेद ४.१०.३ मा प्रस्तुत गरिएको छ। जस अनुसार यस गाउँपालिकाको अधिकांश अर्थात् करिब तीन-चौथाइ घरमा खानेपानीको आपूर्ति भएको छ भने अधिकांश घरमा व्यवस्थित शौचालय रहेको छ।

गाउँपालिकामा २३१४ (५१.२७%) घरधुरीमा एक घर एक धारा प्रणालीमा पाइप खानेपानी उपलब्ध छ भने १९०७ घरधुरी (४२%) घरधुरीमा सार्वजनिक धाराको खानेपानि प्रयोगमा ल्याइएको छ। ७६ घरधुरीहरू परम्परागत मूल, ट्युबवेल र कुवाको पानीमा निर्भर छन् भने १८२ घरधुरी (४% भन्दा बढी) खोलाको पनि प्रयोग गर्छन्। गाउँपालिकामा हाल ३८ वटा खानेपानी योजनाहरू सञ्चालित छन्।

खानेपानी व्यवस्थालाई सुदृढ गर्न थप योजनाहरू समेत प्रस्ताबित भएको स्थलगत अध्ययनको क्रममा समूहगत छलफलमा जानकारी भएको थियो।

यो गाउँपालिकाको ४३९१ घरधुरीमा शौचालयको व्यवस्था रहेको छ। १७८२ शौचालयहरूमा सेप्ट्रिक टैंक रहेको छ भने अधिकांश अर्थात् २५५४ घरमा (५६.५९%) खाल्टे चर्पी रहेका छन्। पालिकाका १२२ घर (२.७०%) को शौचालय नै छैन। पालिकामा फोहरको घरमै ब्यवस्थापन गर्ने गरेको पाइयो भने बजार क्षेत्रको फोहरको अस्थायी डम्पिङ गर्ने गरेको छ। पालिकामा ढल व्यवस्थापन भएको छैन ।

५.५ नदी नियन्त्रण

भिरालोपन अत्यधिक भएकोले नदीजन्य प्रकोपबाट पलिकामा निकै क्षति हुने गरेको छ। पालिकामा रहेका १३ वटा खोलाहरूमध्ये प्रायःजसो सबै खोलाहरू ले किनारतर्फको जमिन कटानगर्ने र त्यसबाट पहिरो आई अधिक क्षति पुर्याइरहेको छ। यसका साथै पालिकामा निर्माण हुने पूर्वाधारका योजनाहरू निर्माण गर्दा प्रयोग हुने ठुल्ठुला मेसिनहरूले पनी पहिरो निम्त्याइराखेको देखिन्छ।

५.६ भवन आवास बस्ती विकास तथा सामाजिक पूर्वाधार

स्थानीय सरकार सञ्चालन ऐनले संघीय र प्रदेशको कानुनको अधीनमा रही सुरक्षित बस्ती विकास र भवन निर्माण सम्बन्धी नीति, योजना कार्यक्रम तर्जुमा कार्यान्वयन, अनुगमन, नियमन, मूल्यांकन गर्ने र सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह तथा अन्य सार्वजनिक भवनहरू तथा संरचनाहरूको निर्माण, मर्मत सम्भार र सञ्चालन, व्यवस्थापनको जिम्मा स्थानीय सरकारलाइ दिएको छ।

यस गाउँपालिकामा ११ वटा सरकारी भवन छन्, ३ वटा सामुदायिक भवन, २५ वटा स्कुल, १६ वटा मन्दिर, २४ गुम्बा, ३ वटा चर्च, १५ बेडको एउटा अस्पताल निर्माणाधीन छन्। गाउँपालिकाको प्रशासकीय भवन निर्माणाधीन छ र २ वटा वडा कार्यालय भवनहरू पनि निर्माणको प्रक्रियामा छन्।

यस गाउँपालिकामा अधिकांश अर्थात् ४१९२ वटा निजी घरहरू भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका छन्। त्यस्तै गरी विद्यालयसहित ३७ वटा सार्वजनिक भवन भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका छन्। यहाँ नौ वटा प्रवर्द्धित तथा सुरक्षित आवास क्षेत्र, तीन वटा आधारभूत पूर्वाधारसहितको व्यवस्थित बजार रहेका छन्। यस गाउँपालिकाको भवन, आवास तथा बस्ती विकासको अवस्थालाई तालिका ५.६ मा प्रस्तुत गरिएको छ।

तालिका ५.६ भवन, आवास तथा बस्ती विकासको अवस्था

सि.नं	विवरण	इकाई	परिमाण
१	स्कुल भवन	गोटा	२५
२	निजी आवास	गोटा	४५१३
३	पालिका भवन निर्माणाधीन	गोटा	प्रक्रियामा
४	वडा कार्यालय भवन	गोटा	३ (प्रक्रियामा)
५	मापदण्ड अनुसार निर्मित भवन	गोटा	४१९२
६	नेसनल ग्रिडको बिजुली जडान घर	गोटा	४३९१
७	शौचालय भएको घर	गोटा	४३९१
८	शौचालय नभएको घर	गोटा	११२
९	सफा पाइपको पानी धारा भएको घर	गोटा	४२२१
१०	अन्य स्रोत (इनार नदी बोरिङ प्रयोग गर्ने)	गोटा	२९०
११	भूकम्प प्रतिरोधी घरधुरी	गोटा	४१९२
१२	सडकसम्म पहुँच भएका घरधुरी (धुले ४१७२, ग्राभेल १०८, पक्की २०८ सडकले नछोएको २५)	गोटा	४४८८
१३	भूकम्प प्रभावित घरधुरी	गोटा	४३०९
१४	पुनर्निर्माण सम्पन्न घरधुरी	गोटा	४२६३

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

५.७ भूकम्प र पुनर्निर्माण

यस गाउँपालिकामा २०७२ सालको भूकम्पले वडापिच्छे फरक फरक स्तरमा असर पुर्याएको थियो। तालिका ५.७ मा दिए अनुसार भूकम्पले सबैभन्दा बढी वडा नम्बर एकमा त्यसपछि क्रमैसँग २,४,५,३ नम्बर वडामा र सबैभन्दा कम वडा नम्बर ६ मा असर गरेको थियो।

तालिका ५.७(क) : गाउँपालिकाको वडामा भूकम्पको असर (कम अंक = बढी असर)

असरको स्तर	१	२	३	४	५	६
वडा	१	२	४	५	३	६

स्रोत : भूकम्पपछिको पुनर्निर्माण योजना २०७४, म्यागङ गाउँपालिका

भूकम्पले असर गरेको ४३०९ घरमध्ये ४२६३ घर पुनर्निर्माण सम्पन्न भएका छन्। साथै सार्वजनिक र सरकारी भवन र संरचनाको निर्माण कार्य करिब समापन भएको पाइएको छ।

चित्र ५.७ : भूकम्प प्रभावित घरधुरीको अवस्थिति



...

परिच्छेद : ६
सामाजिक विकास

६.१ शिक्षा

नेपालमा विद्यमान संविधान तथा विभिन्न निति, नियमहरुमा शिक्षा र समानताका विषयमा विविध व्यवस्था गरिएको पाइन्छ। जसमा नेपालको संविधान २०७२ अनुसार प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने हक हुने व्यवस्था गरिएको छ। त्यसैगरि राष्ट्रिय शिक्षा नीति २०७६ मा आधारभूत विद्यालय उमेर समूहका सबै बालबालिकालाई विद्यालय भर्ना गराई अध्ययन निरन्तरताको व्यवस्था मिलाउने भन्ने व्यवस्था गरेको देखिन्छ।

नेपालको १५औ योजना अनुसार विद्यालय तहमा खुद भर्ना, टिकाउ, विद्यालय छाडने र लैङ्गिक समता दरको प्रगति लक्ष्य अनुरुप भएको र आ.व.२०७५।०७६ मा आधारभूत तहमा खुद भर्ना दर ९३ प्रतिशत पुगेको छ। माध्यमिक तहमा सो दर ४६ प्रतिशत छ। यो प्रतिफलको प्राप्ति विपन्न वर्गको लागि लक्षीत छात्रवृत्ति, दिवा खाजा, निःशुल्क शिक्षा, प्रविधि, शिक्षा पुर्वाधार आदिको विस्तारले गर्दा सम्भव भएको उल्लेख छ।

यस गाउँपालिकाको घरधुरी सर्भेक्षण २०७७ बाट प्राप्त नतिजा (तालिका ६.१क) अनुसार यस गाउँपालिकाको साक्षरता दर ८०.८२ प्रतिशत छ। पुरुष साक्षर ८६.२१ प्रतिशत रहेकामा महिला साक्षरता ७५.११ प्रतिशत रहको छ। यसरी हेर्दा महिला तर्फको साक्षरता पुरुष साक्षरता भन्दा कम रहेको छ। विद्यालय जाने उमेर नपुगेका वालबालिका ४.५८ प्रतिशत छन। यस गाउँपालिकामा निरक्षर जनसंख्या १९.१८ प्रतिशत (३७१३) छन्। गाउँपालिकाका १३.७९% पुरुष निरक्षर छन् भने २४.८९% महिला निरक्षर छन्। उच्च शिक्षा हाँसिल गरेका जनसंख्या अति न्यून २.८७%(५५७जना) छन्।

तालिका ६.१(क): शिक्षा सम्वन्धि लैङ्गिक विवरण

शिक्षाको स्तर	पुरुष	महिला	तेस्रो लिंगी	कुल जम्मा	प्रतिशत
विद्यालय जाने उमेर नपुगेका वालवालिका	४६६(५२.६)	४१९(४७.२९)	१(०.११)	८८६	४.५८
पूर्व प्राथमिक	५७६(५२.५१)	५२१(४७.४९)	०(०.०)	१०९७	५.६७
आधारभूत तह	३५७८(५८.४२)	२५४३(४१.५२)	४(०.०७)	६१२५	३१.६३
माध्यमिक	१९९९(५२.०)	१८३९(४७.८४)	६(०.१६)	३८४४	१९.८५
स्नातक	१८९(४०.३)	२७९(५९.४९)	१(०.२१)	४६९	२.४२

स्नातकोत्तर	४६(५३.४९)	४०(४६.५१)	०(०.०)	८६	०.४४
एमफिल वा पीएचडी	१(५०.०)	१(५०.०)	०(०.०)	२	०.०१
प्राविधिक एसएलसी	५०८(५९.५५)	३४५(४०.४५)	०(०.०)	८५३	४.४१
सामान्य साक्षर	१२१८(५३.२६)	१०६७(४६.६६)	२(०.०९)	२२८७	११.८१
साक्षर	**८५८१(८६.२१)**	**७०५४(७५.११)**	**१४**	**१५६४९**	**८०.८२**
निरक्षर	१३७३(१३.७९)	२३३७(२४.८९)	३	३७१३	१९.१८
कुल जम्मा	**९९५४**	**९३९१**	**१७**	**१९३६२**	**१००.**

स्रोत : घरधुरी सर्भेक्षण २०७७, म्यागङ गाउँपालिका

तालिका ६.१ (ख) मा यस गाउँपालिकाको शिक्षा सम्बन्धि तथ्यांक प्रति विद्यालय औसत विद्यार्थी संख्या र बिभिन्न तहमा भर्ना संख्या देखाइएको छ।

तालिका ६.१(ख): माध्यमिक विद्यालयको विवरण

विद्यार्थी विद्यालय अनुपात			
	आधारभूत	**माध्यमिक**	
नुवाकोट	१०१	९७	
म्यागंग	१०२	१०५	
भर्ना			
तह	**छात्र**	**छात्रा**	**जम्मा**
१ देखि ५ कक्षा	४७५	७०८	११८३
६ देखि ८ कक्षा	४७९	४२२	९०१
९ देखि १० कक्षा	२५८	२२९	४८७

स्रोत : Flash Report II, 2019-20, MoEST

गाँउपालिकामा रहेको तथ्यांक अनुसारको गाउँपालिकामा रहेका बिद्यालय, शिक्षक र बिद्यार्थीको विवरण र विद्यालयमा रहेको सुबिधाको विवरण क्रमशः तालिका ६.१(ग) र (घ) मा दिइएको छ। यस गाउँपालिकामा कुल २४ वटा विद्यालय मध्ये २२ वटा सामुदायिक विद्यालय, २ वटा संस्थागत विद्यालय रहेका छन। यसको अलावा एउटा क्याम्पस र ५ वटा सामुदायिक अध्ययन केन्द्र रहेका छन। कुल २२ वटा सामुदायिक विद्यालय मध्ये ५ वटा विद्यालयमा कम्प्युटर प्रयोगशाला, ३ वटा विद्यालयमा विज्ञान

प्रयोगशाला र ६ वटा विद्यालयमा इमेल, इन्टरनेट सुविधा रहेको छ। यसको साथै ९ वटा विद्यालयमा बाल क्लवहरु गठन भएका छन। १९ वटा विद्यालय आपाङ्ग मैत्री छन भने ११ वटा विद्यालयमा महिला शौचालयको सुविधा रहको छ। कुल १२७ शिक्षक दरवन्दी मध्ये स्थायीतर्फ २३ पुरुष शिक्षक र २८ महिला शिक्षक कार्यरत रहेकाछन। बाकि ७६ शिक्षक करारमा कार्यरत रहेकाछन। कुल कार्यरत शिक्षक मध्ये ३८ प्रतिशत महिला शिक्षक रहेकाछन। यस गाउँपालिकाका संस्थागत/सामुदायिक विद्यालयका विभिन्न तहमा अध्ययन गर्ने विद्यार्थीको कुल संख्या ३६३६ रहेको छ। यस मध्ये ५३३ जना विद्यार्थि बाल कक्षामा, २३२३ जना आधारभुत तहका (१देखी ८) कक्षामा, ५१६ जना माध्यमिक तहका (९देखी१०) कक्षामा र २६४ जना माध्यमिक तहका (११देखी१२) कक्षामा अध्ययन गरिरहेका छन। कुल विद्यार्थि मध्ये ५२.८३ प्रतिशत (१९१९) छात्रा रहेकाछन।

तालिका ६.१ (ग) शिक्षक विद्यार्थी विवरण

सामूदायिक विद्यालय संख्या	जम्मा शिक्षक दरबन्दी	दरबन्दीमा कार्यरत शिक्षक			करारमा कार्यरत शिक्षक	विद्यार्थी संख्या		
		महिला	पुरुष	जम्मा		छात्र	छात्रा	जम्मा
२२	१२७	२८	२३	५१	७६	१७१७	१९१९	३६३६

तालिका ६.१ (घ) बिद्यालयमा रहेको सुबिधाको विवरण

विवरण	विद्यालय संख्या
सामुदायिक	२२
संस्थागत	२
क्याम्पस	१
सामुदायिक अध्ययन केन्द्र	५
सामुदायिक बिद्यालयमा उपलब्ध सुबिधा	
कम्प्युटर प्रयोगशाला भएका	५
बिज्ञान प्रयोगशाला	३
इमेल इन्टरनेट सुबिधा	६
महिला शौचालय सुबिधा	११
अपांग मैत्री	१९
बाल क्लब गठन भएका	९

यस गाउँपालिको घरधुरी सर्भेक्षण २०७७ मा कोभिडको पहिलो लहरका कारण बालबालिका शिक्षामा परेको असर बारे पनि प्रश्नावली संलग्न गरिएको थियो। सो को नतिजा (तालिका ६.१घ) अनुसार अनलाइन शिक्षा लिएका कारण विद्यालय छाडेका विद्यार्थीको संख्या वडा नं. १ मा सवैभन्दा बढी (९५.६१ प्रतिशत) देखिन्छ। त्यसै गरि कोभिडको कारणले विद्यालय छाडनेको संख्या वडा नं. २ मा बालक र बालिका दुवैको संख्या ५४-५४ प्रतिशत रहेको छ।

तालिका ६.१(घ): विद्यालय छाडने केटाकेटीहरुको विवरण(%)

वडा नं.	अनलाइन शिक्षा लिएका बालकबालिका (%)	कोभिडको कारणले विद्यालय छाडेका बालकबालिका (%)	कोभिडको कारणले विद्यालय छाडेका बालक (%)	कोभिडको कारणले विद्यालय छाडेका बालीका (%)	कोभिडको कारणले विद्यालय छाडेका बालकबालिका दुवै (%)
१	९५.६१	०	०	०	०
२	६२.०९	३.०२	३६.३६	९.०९	५४.५५
३	६७.४८	१.१४	०	२०.००	८०
४	६८.७५	१.५२	३.३३	६६.६७	०
५	९.१७	५.९८	२८.५७	३५.७१	३५.७१
६	८१.७७	१.७१	०	७५	२५

स्रोत : घरधुरी सर्भेक्षण २०७७, म्यागङ गाउँपालिका

चित्र ६.१ : शैक्षिक संस्थाको अवस्थिती



गाँउपालिकामा रहेको तथ्यांक अनुसार युवा साक्षरता ४२.७४ प्रतिशत रहेको छ। आधारभुत तहमा खुद भर्ना दर ९२.३ प्रतिशत रहेको छ भने माध्यमिक तहमा ४३.९ प्रतिशत रहेको छ। आधारभुत तहमा शिक्षक विद्यार्थि अनुपात २३ र माध्यमिक तहमा ३३ रहेको पाईन्छ। आधारभूतहमा विद्यालय छाडने दर १३ प्रतिशत रहेको छ भने माध्यमिक तहका विद्यालय छाडने ८ प्रतिशत रहको छ।

तालिका ६.१(क): म्यागङ गाउँपालिका शिक्षाको अवस्थाः

आधारभूत तथा माध्यमिक विद्यालय बिबरणः

वडा नम्बर	आधारभूत विद्यालय संख्या	माध्यमिक विद्यालय संख्या	जम्मा विद्यालय संख्या
१	०	१	१
२	२	१	३
३	३	२	५
४	३	१	४
५	४	२	६
६	५	०	५
जम्मा	१७	७	२४

सामुदायिक तथा संस्थागत विदयालय बिबरणः

वडा नम्बर	सामुदायिक विद्यालय संख्या	संस्थागत विद्यालय संख्या	जम्मा विद्यालय संख्या
१	१	०	१
२	३	०	३
३	४	१	५
४	४	०	४
५	५	१	६
६	५	०	५
जम्मा	२२	२	२४

कुल कार्यरत शिक्षक बिब्रण(स्थायी तथा करार समेत):

शिक्षक दरबन्दी	स्थायी शिक्षक	करार शिक्षक	पुरुष कार्यरत शिक्षक		महिला कार्यरत शिक्षक	
१२७	५१	७६	स्थायी	करार	स्थायी	करार
			२३	५५	२८	२१

कुल छात्र छात्रा बिबरणः

छात्र	छात्रा	जम्मा	सामुदायिक विद्यालय तर्फका विद्यार्थी संख्या	संस्थागत विद्यालय तर्फका विद्यार्थी संख्या
१७१७	१९१९	३६३६	३४३८	१९८

तहगत विद्यार्थी बिबरणः

बाल कक्षा	आधारभूत (१ देखि ५ कक्षा)	आधारभूत (६ देखि ८ कक्षा)	माध्यमिक (९-१० कक्षा)	माध्यमिक (११-१२ कक्षा)	जम्मा

५३३	१४६८	८५५	५१६	२६४	३६३६

श्रोतः म्यागङ गाउँपालिका शिक्षा शाखाको प्रतिवेदन र शिक्षा शाखा प्रमुख तथा कर्मचारी संगको अन्तरकृया

६.२ स्वास्थ्य

नेपालको १५ औं योजनाले लिएको नीतिमा उल्लेख भए अनुसार निःशुल्क आधारभत स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँचको लागि प्याकेज र प्रोटोकल तयार गरी कार्यान्वयन गरिनेछ साथै महिलामा बढ्दो स्तन क्यान्सर, सर्भाइकल क्यान्सर जस्ता रोगहरूको निःशुल्क परीक्षा गर्ने व्यवस्था मिलाइनेछ भनिएको छ।

यस गाउँपालिकामा उपलब्ध स्वास्थ्य सेवा दिने संस्थाहरू र जनशक्ति तालिका ६.२(क) मा दिइएको छ। तालिका अनुसार यस गाउँपालिकामा एउटा प्राथमिक स्वास्थ्य केन्द्र र छ वटा स्वास्थ्य चौकी रहेका छन्। स्वास्थ्य संरचना अस्थायी रूपका रहेका छन् भने स्वास्थ्य कार्यकर्ताहरू पनि धेरै करारमा रहेका छन्। एम्बुलेन्सको व्यवस्था सबै वडामा नरहेको पनि समूहगत छलफलमार्फत प्रष्ट हुन आएको छ। यहाँ ६६ जना महिला स्वास्थ्य स्वयंसेविकाहरू कार्यरत छन्।

तालिका ६.२(क) : गाउँपालिकामा उपलब्ध स्वास्थ्य सुविधाको विवरण

स्वास्थ्य सुविधाको उपलब्धता	स्वास्थ्य संरचना	नेपाल	बागमती	नुवाकोट	म्यागङ
	सरकारी अस्पताल	१२५	३३	२	०
	प्राथमिक स्वास्थ्य केन्द्र	१९८	४३	२	१
	स्वास्थ्य चौकी	३८०८	६४०	६४	६
	निजी स्वास्थ्य संस्था	१८२२	११६३	८	०
	सामुदायिक स्वास्थ्य इकाई	२९९	९०	१८	०
	शहरी स्वास्थ्य केन्द्र	३७४	११०	७	०
	महिला स्वास्थ्य स्वयम् सेविका	५१,४१६	१३,५२६	११२३	६६

स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, महिला स्वास्थ्य स्वयम् सेविका सर्वेक्षण, २००७

यस पालिकामा गरिएको घरधुरी सर्वेक्षण २०७७को नतिजा अनुसार ९७.७४ प्रतिशत जनसङ्ख्या स्वस्थ रहेका छन्। वडा न ३ मा दीर्घ रोगीको सङ्ख्या तुलनात्मक रूपमा अरु वडामा भन्दा बढी देखिन्छ। त्यसै गरी ९७४१ पुरुष र ९१६६ महिला स्वस्थ अवस्थामा रहेको पाइन्छ भने दीर्घ रोगीमा महिलाको संख्या २०० र पुरुषको संख्या १७९ रहेको पाइयो।

तालिका ६.२.(ख): स्वास्थ्य सम्बन्धी विवरण

वडा	स्वास्थ्य स्थिति	पुरुष	महिला	तेस्रो लिङ्गी	कुल जम्मा	प्रतिशत
१	स्वस्थ	२४४	२५५	१	५००	९६.९
	दीर्घ रोगी	७	८	०	१५	२.९
	सामान्य अस्वस्थ	०	१	०	१	०.१९
२	स्वस्थ	१९३२	१७४०	३	३६७५	९९.२४
	दीर्घ रोगी	९	१०	०	१९	०.५१
	सामान्य अस्वस्थ	४	५	०	९	०.२४

३	स्वस्थ	२५७०	२३६२	२	४९३४	९४.५४
	दीर्घ रोगी	१११	१३८	०	२४९	४.७७
	सामान्य अस्वस्थ	२२	१४	०	३६	०.६९
४	स्वस्थ	१४४०	१४३६	२	२८७८	९९.३१
	दीर्घ रोगी	८	७	०	१५	०.५२
	सामान्य अस्वस्थ	३	२	०	५	०.१७
५	स्वस्थ	१५८२	१५६३	४	३१४९	९८.१३
	दीर्घ रोगी	३२	२७	०	५९	१.८४
	सामान्य अस्वस्थ	१	०	०	१	०.०३
६	स्वस्थ	१९७३	१८१०	५	३७८८	९९.२४
	दीर्घ रोगी	१२	१०	०	२२	०.५८
	सामान्य अस्वस्थ	४	३	०	७	०.१८
पालिका	**स्वस्थ**	**९७४१**	**९१६६**	**१७**	**१८९२४**	**९७.७४**
	दीर्घ रोगी	**१७९**	**२००**	**०**	**३७९**	**१.९६**
	सामान्य अस्वस्थ	**३४**	**२५**	**०**	**५९**	**०.३**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

यस पालिकामा वस्तुस्थिति अध्ययनको सिलसिलामा गरिएको समूहगत छलफलको नतिजा अनुसार वडा नं १ मा प्रसूति केन्द्र नभएको कारण त्यस वडाका माहिलाहरू प्रसूति सेवाबाट वञ्चित रहेको पाइयो। त्यस्तैगरी महिला स्वास्थ स्वयंसेविकाहरूलाई काममा उत्प्रेरणाको कमी भएको पनि समूहगत छलफलबाट पाइएको छ। यस म्यागङ गाउँपालिकामा वि.सं. २०७७/७८ मा परिवार नियोजनको प्रयोग दर ११% रहेको छ। चार पटक गर्भवती जाँच गराउने महिला ३०.५% रहेका छन्। सुत्केरीपश्चात् ३ पटक जाँच गराउने महिला जम्मा ५.६% रहेका छन्। तालिम प्राप्त स्वास्थ्य कर्मीहरूबाट सुत्केरी गराउने महिलाहरू केवल १५.२% मात्र भएको पाइन्छ। संस्थागत सुत्केरी ६२% रहेको छ। मातृ मृत्यु संख्या शून्य रहेकोले छ। नवजात शिशु तथा ५ वर्ष मुनिका बालबालिका मृत्यु दर शून्य रहेको र साथै कुपोषणको संख्या पनि शून्य रहेकोले छ। करिब ६९.६% बालबालिकाले हेपाटाइटिस बी सहितको पेन्टाभ्यालेन्ट खोपको तीनवटै मात्रा लगाएका छन्। यस पालिकामा सम्पूर्ण खोप लगाएका बालबालिका ५४.३% छन्, तर उमेरको हिसाबले पाउनुपर्ने खोप सबै बालबालिकाहरूले पाएको देखिन्छ।

एच.आई.भी. एड्सको संख्या शून्य रहेको छ भने ट्राकोमाको २ बिरामी रहेका छन्। २ जना क्यान्सरका बिरामी, ३४ जना मधुमेहका बिरामी र ३१ जना दीर्घ श्वासप्रश्वासका बिरामी रहेका छन् तर मृत्युदर भने खुलाइएको छैन। जम्मा २५% घरपरिवारले मात्र तीस मिनेटभित्र स्वास्थ्य संस्थामा पुग्न सक्छन्।

चित्र ६.२: स्वास्थ्य संस्थाको अवस्थिति



स्वास्थ्यमा कोभिड-१९ को प्रभाव

कोभिड-१९ का कारण यस गाउँपालिकामा मृत्यु नभएको घरधुरी सर्वेक्षण तथा समूहगत छलफलमा पुष्टि भयो। कोभिड-१९ देखापरेका वडाहरूमा क्वारेन्टाइनका लागि स्कुलहरू र आइशोलेसनका लागि आफ्नै घरलाई प्रयोग गरेको पाइयो। यस पालिकामा कोभिड-१९ को प्रभाव न्यून रह्यो।

६.३ जोखिममा रहेको वर्ग र सामाजिक सुरक्षा

राष्ट्रिय परिचयपत्र

नेपाल सरकारले सामाजिक सुरक्षाको दायराभित्र ज्येष्ठ नागरिक परिचयपत्र, गरिबी परिचयपत्र, एकल महिला परिचयपत्र, अपाङ्गता परिचयपत्र आदि प्रदान गरेर राज्यले उक्त वर्गका महिला पुरुषको लागि सामाजिक सुरक्षाको अनुभूति गराउन सकारात्मक प्रयास गरेको छ।

तालिका ६.३ मा उल्लेखित विवरण अनुसार यस गाउँपालिकाका नागरिकहरूले विभिन्न किसिमका परिचय पत्र प्राप्त गरेको देखिन्छ। उक्त तालिका अनुसार नागरिकता प्राप्त गर्ने १३३९०, ज्येष्ठ नागरिक परिचयपत्र प्राप्त गर्ने ८४९, एकल महिला १४२, मतदाता परिचयपत्र प्राप्त गर्ने ८६३०, गरिबी परिचयपत्र प्राप्त गर्ने २० र राष्ट्रिय परिचयपत्र प्राप्त गर्ने ३४ जना देखिन्छ। कुनै पनि परिचय पत्र नभएका ५९३५ देखिन्छ।

तालिका ६.३ : राष्ट्रिय परिचयपत्र वितरणको विवरण

वडा	नागरिकता	ज्येष्ठ नागरिक परिचयपत्र	मतदाता परिचयपत्र	गरिबी परिचयपत्र	एकल महिला परिचयपत्र	राष्ट्रिय परिचयपत्र	चालक अनुमतिपत्र	परिचयपत्र नभएका	थाहा छैन
१	३५४	३९	२४०	२	६	१	७	१६१	०
२	२७२४	२०४	१४७६	१	२७	१७	४०	९७५	२
३	३६८२	२७४	२२९०	१०	५८	८	४२	१५२४	१
४	१८३८	८	११७६	३	१	२	४०	१०४८	५
५	२२३५	१४४	१८६५	२	२३	४	१७९	९७०	१
६	२५५७	१८०	१५८३	२	२७	२	३३	१२५७	२
कुल जम्मा	**१३३९०**	**८४९**	**८६३०**	**२०**	**१४२**	**३४**	**३४१**	**५९३५**	**११**

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

६.४ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास)

६.४.१ अपाङ्गता

अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन २०७४, परिच्छेद २ मा अपाङ्गता भएका कुनै व्यक्ति आफैले आवेदन दिन नसक्ने भएमा वा निजको परिवारको कुनै सदस्य वा सदस्य वा संरक्षक पनि नभएमा स्थानीय निकायका सम्बन्धित वडाका वडा अध्यक्षले अपाङ्गता परिचयपत्रको लागि निजको तर्फबाट उपदफा (१) बमोजिन निवेदन दिन सक्नेछ भनी व्यवस्था गरेको छ। यसरी स्थानीय तहका जनप्रतिनिधिलाई पनि जिम्मेवार बनाउन खोजिएको देखिन्छ।

यस गाउँपालिकाको घरधुरी सर्वेक्षण २०७७ को नतिजाको रूपमा तालिका ६.४.१(क), (ख) र (ग) मा उल्लेखित अपाङ्गता सम्बन्धी विवरण अध्ययन गर्दा, २१७ जनामा विभिन्न किसिमको अपाङ्गता देखिन्छ। जसमा १३० जना पुरुष र ८७ जना महिला छन्। जसमध्ये शारीरिक अपाङ्गता भएका १२७, बहिरो २७, मानसिक सुस्तता भएको मानसिक अस्वस्थता भएको, बोली सम्बन्धी अपाङ्गता भएको, बहिरोपना भएका व्यक्तिहरूको संख्या क्रमशः ४, ४, १५, ३४, जना देखिन्छन। त्यसैगरि रातो रंगको (क वर्ग) परिचयपत्र भएकाहरू ३६, नीलो २८, पहेंलो ९, र सेतो रंगको परिचयपत्र २७ जनासँग भएको देखिन्छ। अपाङ्गता भएर पनि परिचयपत्र नपाएकाहरू ८८ जना भएको पाइयो। यसरी परिचयपत्र नै नपाएकाहरूको संख्या यस गाउँपालिकामा धेरै देखियो।

तालिका ६.४.१(क): अपाङ्गता सम्बन्धी लैङ्गिक खण्डीकृत विवरण

वडा नं.	पुरुष	महिला	जम्मा
१	३	१	४
२	१३	७	२०
३	७४	३८	११२
४	१३	१६	२९
५	७	१०	१७
६	२०	१५	३५
जम्मा	१३०	८७	२१७

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

तालिका ६.४.१(ख): अपाङ्गताको प्रकार सम्बन्धी विवरण

वडा नं.	मानसिक सुस्तता	शारीरिक अपाङ्गता	मानसिक अस्वस्थता	बोली सम्बन्धी अपाङ्गता	अन्धोपन	बहिरो	अन्य	जम्मा	प्रतिशत
१	०	३	०	०	०	०	१	४	०.७८
२	०	११	१	०	२	५	१	२०	०.५४
३	१	५८	१	७	२१	२१	३	११२	२.१५
४	१	१९	२	२	३	१	१	२९	१.००
५	१	१०	०	३	३	०	०	१७	०.५३
६	१	२६	०	३	५	०	०	३५	०.९२
कुल जम्मा	४	१२७	४	१५	३४	२७	६	२१७	१.१२

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

तलिका ६.४.१(ग) अपाङ्गता परिचयपत्र सम्बन्धी विवरण

वडा नं.	रातो रंगको परिचयपत्र (क वर्ग)	नीलो रंगको परिचयपत्र (ख वर्ग)	पहेंलो रंगको परिचयपत्र (ग वर्ग)	सेतो रंगको परिचयपत्र (घ वर्ग)	लिएको छैन	सेतो रंगको परिचयपत्र (घ वर्गको)	कुल जम्मा
१	०	०	०	१	१	२	४
२	२	५	२	२	७	२	२०
३	२८	९	४	६	५२	१३	११२
४	२	९	२	३	८	५	२९
५	०	१	१	९	६	०	१७
६	४	४	०	८	१४	५	३५
कुल जम्मा	३६	२८	९	२९	८८	२७	२१७
प्रतिशत	१६.५९	१२.९०	४.१५	१३.३६	४०.५५	१२.४४	१००.००

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

६.४.२ निर्णयमा सहभागिता

लैससास नीति २०७७ अनुसार स्रोत साधनमाथि महिलाको समान पहुँच, नियन्त्रण र निर्णय प्रक्रियामा अर्थपूर्ण सहभागिता हुन सक्ने गरी आर्थिक सशक्तिकरणको माध्यमबाट महिलालाई आत्मनिर्भर बनाउने रणनीति देखिएको छ। पारिवारिक निर्णय प्रक्रियामा महिलाको सहभागितामा वृद्धि भएको भए तापनि उल्लेखनीय प्रगति भएको छैन। रालैससास नीति २०७७ ले लैङ्गिक भूमिकामा रुपान्तरण सम्बन्धी प्रचार प्रसार सामग्री उत्पादन र वितरण, समुदायमा आधारित संस्था, समूह परिचालन आदि कार्य गरी पारिवारिक क्षेत्रमा महिलाको सम्मान र निर्णयमा समान सहभागितालाई प्रोत्साहन गर्ने प्रयास भएको देखिन्छ।

यस गाउँपालिकामा रहेका महिलाको निर्णयमा सहभागिता बारेको घरधुरी सर्वेक्षण २०७७ को नतिजा तालिका ६.४.२ मा दिइएको छ। सो तालिका अनुसार गाउँपालिकामा सबै विषय जस्तै कृषि, घरायसी सामान खरिद, विवाह सम्बन्धी, औषधी, सामान बिक्री, सम्पत्ति खरिद आदिमा महिलाको नै निर्णयमा सहभागिता बढी देखिन आएको छ। जुन लैङ्गिक समानताको दृष्टिले सकारात्मक मानिन्छ।

तालिका ६.४.२: निर्णयमा सहभागिता सम्बन्धी लैङ्गिक विवरण

निर्णयको विषय	पति	पत्नी	संयुक्त
कृषि	६.३८	८.०२	८५.६०
घरायसी सामग्री खरिद	६.७६	७.७८	८५.४६
विवाह	६.४७	७.२५	८६.२८
औषधि	६.४३	७.५३	८६.०४
सामग्री बिक्री	७.९३	९.११	८२.९६
बालबालिका शिक्षा	६.२३	७.३१	८६.४६
आम्दानी खर्च	७..१३	७.४५	८५.४२
सम्पत्ति खरिद	७.२५	७.४७	८५.२९
सामाजिक कार्य	६.८९	७.३१	८५.८०

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

६.४.३ सामाजिक विभेद र हिंसा

नेपालको राष्ट्रिय लैङ्गिक समानता नीतिले बाल विवाह, बहुविवाह, दाइजो एवं तिलक जस्ता वैवाहिक परम्परासँग गासिएका कुरीतिको अन्त्य गर्न स्थानीय तहको सक्रियतामा कानुनको कार्यान्वयन र नियमनलाई प्रभावकारी बनाइनेछ भन्ने व्यवस्था गरेको छ। त्यसै गरी पन्ध्रौं योजनामा महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, शोषण र भेदभाव अन्त्यका लागि निरोधात्मक, संरक्षणात्मक उपायद्धारा न्यायमा पहुँच पुऱ्याउने उल्लेख छ।

यस गाउँपालिकामा लैंगिक हिंसाको अवस्था देखाउने तालिका ६.४.३ लाई अध्ययन गर्दा महिला विरुद्ध हुने हिंसा १ प्रतिशतभन्दा कम (सबैभन्दा बढी देखिएको महिला हिंसा वडा नं ३ मा ०.१६ प्रतिशत रहेको छ)। सामाजिक प्रथा, डर त्रासका कारण महिला विरुद्ध हिंसाको तथ्य घटना बाहिर नआएको हुन सक्ने सम्भावना पनि नभएको होइन अपितु तथ्यांकले सकारात्मक संकेत देखाएको छ। तर बाल विवाह बढ्दो क्रममा देखिएकोले यो विभेदले हिंसालाई नै निम्तो दिने सम्भावना रहन्छ।

तालिका ६.४.३: महिला माथि हुने सामाजिक विभेद र हिंसाको विवरण

विभिन्न प्रकारका सामाजिक हिंसा भएको बताउने उत्तरदाताहरूको संख्या (प्रतिशतमा)				
वडा नं.	महिला हिसा (%)	बाल विवाह (%)	बाहिरी काममा महिला सहभागिता (%)	बाहिरी काममा अपाङ्गता भएका व्यक्तिको सहभागिता (%)
१	०.००	२.५९	०.००	०.००
२	०.००	६.२०	०.३६	०.१२
३	०.१६	२३.२१	१.०४	०.४०
४	०.००	३.३२	२.१२	०.१३
५	०.१५	४८.१५	२.२२	१.६३
६	०.११	०.००	०.५६	०.११

स्रोत : घरधुरी सर्वेक्षण २०७७, म्यागङ गाउँपालिका

परिच्छेद : ७

वन, वातावरण तथा जलवायु परिवर्तन

७.१ वन क्षेत्रको स्थिति

जिल्लाको समग्र उत्पादनशील वनको क्षेत्रफल कुल वन क्षेत्रफलको ३१.८९% को औसत मौज्दात (Growing Stock) १५२.५८ घ.मि. प्रतिहेक्टर देखिन्छ। यो तथ्याङ्कको आधार मान्दा र प्राय जसो सामुदायिक वनहरू उत्पादनशिल वनको नै भाग हुने गरेकोले यस गाउँपालिकाको क्षेत्राधिकारमा पर्ने सामुदायिक वनको क्षेत्र २६२३.२९ हेक्टर क्षेत्रफलमा जम्मा मौज्दात करिब ४००२६१ घ.मि. रहेको मान्न सकिन्छ।

डिभिजन वन कार्यालय नुवाकोटको तथ्यांक अनुसार यस गाउँपालिकामा २४ ओटा समुदायिक वन रहेका छन्। यी सामुदायिक वनहरूमा जम्मा २१५८ घरधुरी सदस्यको रूपमा समेटिएका छन्।जुन निम्न तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७.१ : सामुदायिक वनको सूची

क्र सं.	सामुदायिक वनको नाम	ठेगाना	क्षेत्रफल	वार्षिक स्वीकार्य कटान		घरधुरी
				काठ	बल्लाबल्ली	
१	महादेवस्थान	म्यागङ ३	१४७.५६	१२२९.७	५४५	९९
२	कल्लेरी	म्यागङ ३	१०४.३७	९४०.०७	४९६	६०
३	देउराली	म्यागङ ३	५	३२१.७२	९६	९६
४	झगडेराना पातल	म्यागङ ३	८१.२४	०	६८५	८३
५	च्यानडाँडा	म्यागङ ६	६८	१९३	५२६	५७
६	धिङसापाखा	म्यागङ ५	१५४	१२२१.५३	५९१	९१
७	भूमेस्थान	म्यागङ ५	१७१	२००१.५५	१२०३	१२५
८	चक्रदेवी	म्यागङ ५	३१२	१३५३.६२	१६१६	९०
९	कालिकादेवी	म्यागङ ६	१६	६९४.०२	१८५	१५२
१०	विन्दुकेशरी	म्यागङ ५	१६५	७५२.१४		१६०
११	मैवल	म्यागङ ६	६३.८७	२८५	२८५	१२९
१२	रुलुममाने	म्यागङ ६	४७.२४	१०५.१	१३९	११
१३	हरलनछाप भूमेदेवी	म्यागङ ७	१६.७१	५६३.११	२०६	२४
१४	धनेश्वरी	म्यागङ ६	८८.०९	२०५६.३७	३६९	४८
१५	कन्यास्थान	म्यागङ ६	७५.९३	४२८.४३	२१३	८२
१६	जाल्पादेवी	म्यागङ ६	५५.७५	५६७.७४	१६०	६०
१७	याहवु	म्यागङ १	५५८.१२	०	०	४९
१८	बुङताङ	म्यागङ २	१५५.५	१२०.१	१०७	२८९
१९	भूमाङ्गो	म्यागङ २	८५.५	९८५.९६	६५७	६५
२०	कालिकादेवी	म्यागङ २	४५.७५	६४५.८५	१७६	६२
२१	बलदेवी	म्यागङ २	३८.०८	१०२०.८	९२	६२
२२	स्योलङभ्रेङकुना	म्यागङ २	४१.२५	४९३.६९	२१६	४९

२३	पाचेत	म्यागङ ४	९८.३३	६६१.९	३३२	५८
२४	प्याकन	म्यागङ २	२९			१५७
	जम्मा घरधुरी					२१५८

७.२ जलवायु

उचाइ, भौगर्भिक बनावट, भूस्वरूप, पहाडी पाखा र ढालले हावापानीको अवस्थाको सिर्जना गर्दछन्। तापक्रम, सौर्यशक्ति, वायु र वायुको चाप, वर्षा तथा ओसिलोपना आदिले हावापानी कुन किसिमको हुने सो निर्धारण गर्दछन्। हावापानी नै कुनै पनि स्थानको वातावरणीय अवस्था तथा उत्पादन क्रियाकलापका लागि निर्णायक हुन्छ। जिल्लाको होचा टार तथा नदी उपत्यकामा तापक्रम सधैंभरि उच्च रहन्छ। यहाँ गर्मी मौसममा अत्यधिक गर्मी र हिउँदमा चिसो रहन्छ।

गाउँपालिकाको छुट्टै जलवायु सम्बन्धी तथ्यान्क नभएकोले जिल्लाको औसत तथ्यांकलाई आधार मान्दा गर्मी मौसममा अधिक्तम तापक्रम ३२ डिग्री से. माथि पुग्छ र न्यूनतम तापक्रम १५ डिग्री से. वरपर रहन्छ। वैशाख र ज्येष्ठ महिना अत्यधिक गर्मी रहन्छन्। आषाढबाट मनसुनको प्रभाव पर्ने हुँदा जिल्लाका अन्य भागमा जस्तै यस पालिकामा पनि पानी पर्न थाल्दछ र तापक्रममा कमीको महसुस हुन्छ। यो गाउँपालिका तुलनात्मक रूपमा उच्च भेगमा अवस्तीथ भएकोले हिउँद अत्यन्त चिसो हुँदा हिउँ पर्दछ र जनजीवन कष्टकर समेत हुन्छ। असार र साउनमा अधिकतम ६९१.७ मिलि मिटरसम्म वर्षा हुन्छ भने हिउँदका महिनाहरूमा यसको मात्रा नगन्य रहन्छ। वार्षिक औसत वर्षा १८४.६४ मिलि मिटरसम्म हुने गर्दछ।

७.३ जैविक विविधता

समुद्र सतहबाट झन्डै ९०० मिटरमा केही बेसी भूभागदेखि उच्च पहाडी भूभाग ४००० मिटरसम्मको उचाइमा रहेको यस गाउँपलिकामा समशीतोष्ण र लेकाली हावापानीमा पाइने प्राय सबैजसो वनस्पति पाइन्छ। जसमा मुख्य रूपमा साल, खोटेसल्ला, पातले सल्ला, चिलाउने, उत्तिस, बकाइनो बाज, गुराँस, धुपी, खर्सु जस्ता प्रजाति पाइन्छन्। त्यस्तैगरी, जडीबुटीको हकमा चिराइतो *(Swertia chirayita),* जटामसी (*Nardostachys grandiflora),* लोक्ता *(Daphne bholua)*, सतुवा *(Paris polyphylla),* कुरिलो *(Asparagus racemosus*, अमला *(Emblica officinalis),* मुसली (*Curculigo orchoides),* खोटेसल्ला (*Pinus roxburghii),* चुत्रो (*Berberis aristata,* ओखर (*Juglans regia),* पाखनवेद (*Bergenia ciliata),* रिठ्ठा (*Sapindus mukorossi)* टिमुर, *(Zanthoxylum armatum),* लौठसल्ला *(Taxus Baccata*) आदि पाइन्छन्।

नुवाकोटबाट संकलन तथा निकासी हुने सबै जडिबुटीको मात्रा गाउँपालिका अनुसार नतोकिएको भए तापनि खोटोको हकमा आ.व. २०८०/०८१ सम्ममा यस गाउँपालिकाबाट उत्पादन लिन सकिने परिमाण तल तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७.३ खोटोको उत्पादन परिमाण

सि.नं	गाउँपालिका	इकाई	०७६/७७	०७७/७८	०७८/७९	०७९/८०	०८०/८१
१	म्यागङ	के.जी.	२२००	२२००	२२००	२२००	२२००

७.४ भूक्षय बाढी पहिरो तथा जोखिमको अवस्था

विश्वमा बढ्दै गइरहेको औद्योगीकरण, वन विनाश, यातायात क्षेत्रमा खनिज इन्धनको व्यापक प्रयोगका कारण हरितगृह ग्यासहरू (कार्बनडाइअक्साइड, कार्बन मोनोक्साइड, मिथेन, क्लोरोफ्लोरो कार्बन, ओजोन, नाइट्रस अक्साइड आदि) को अत्यधिक उत्सर्जनबाट जलवायु परिवर्तन नियमित प्राकृतिक प्रक्रिया भए तापनि हालका वर्षहरूमा जलवायु परिवर्तनमा तीव्रता आएको छ। जलवायु परिवर्तनबाट हुने जोखिम विश्लेषणका हिसाबले हेर्दा यस गाउँपालिकामा मुख्य रूपमा पहिरो र सुख्खाको जोखिम देखिन्छ। स्थलगत अध्ययन तथा समूह छलफल गर्दा मूल सुकेर पानी सुक्दै गएको र सुक्खा बढेको बाहेक प्राय सबै जसोले जलवायु परिवर्तनका विश्वव्यापी असरका कारणले भइरहेको परिवर्तन प्रत्यक्ष रूपमा भोगेका कुराहरू र कृषिमा यसको प्रत्यक्ष असर परेको र उत्पादनमा कमि आएको कुरा सबैजसो सहभागीले बताएका थिए।

जोखिमका हिसाबले यस गाउँपालिकाको वडा नम्बर चारमा पहिरोको ठूलो जोखिम रहेको छ। त्यस्तै वडा न-३ मा सुक्खाको जोखिम रहेको छ अन्य वडाहरूमा समेत विभिन्न ठूला साना पहिरो नियन्त्रण हुन नसक्दा जोखिम बढेको छ। वडा नं ३ मा करिब २५ घरधुरी स्थानान्तरण नै गर्नुपर्ने देखिन्छ। त्यस्तै गरी वडा नं १ को कमेरो खोल्सो र कुवा खोल्सो पहिरोको कारणले दलित बस्तीलाई असर गरेको अवस्थाले समेत यो गाउँपालिका पहिरोको जोखिममा रहेको कुरा पुस्टि हुन्छ। पनेरा सिंचाइ करिब बन्द हुने अवस्थामा पुगेर यसको पानीको प्रवाहमा झन्डै ६०% कमी भएको भनाइलाई आधार मान्ने हो भने पनि मूलहरू सुक्दै गइरहेका र कृषि उत्पादनमा कमी आएको कुरा जलवायु परिवर्तनको नकारात्मक असर हुन्।

जिल्लास्थित विभिन्न सामुदायिक वन उपभोक्ता समूहहरूको कार्ययोजनामा जलवायु परिवर्तन, त्यसको अनुकूलन र नकारात्मक असरहरूको न्यूनीकरणको बारेमा समेट्दै स्थानीय वन उपभोक्ता समूहहरूलाई सचेतना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको भए तापनि यस गाउँपालिकामा जलवायु परिवर्तन सम्बन्धी सचेतना भएको पाइएन।

परिच्छेद : ८
संस्थागत सुशासन

८.१ गाउँसभाको विवरण

नेपालको संविधानको धारा २२२ मा भएको व्यवस्था अनुसार यस गाउँपालिकाको गाउँसभामा अध्यक्ष र उपाध्यक्षसहित जम्मा ३४ सदस्य हुन्छन्। प्रत्येक वडाबाट कम्तीमा एक जना दलितसहित दलित सदस्यको संख्या जम्मा ८ जना छन्। गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षले गाउँसभाको अध्यक्ष र उपाध्यक्षको भूमिका निर्वाह गर्नेछन्।

यस गाउँसभाले हालसम्म कुल २८ वटा ऐन, निर्देशिका, कार्यविधि/मापदण्ड र नीति तथा मार्गदर्शन स्वीकृत गरेको छ। यस गाउँपालिकाको संस्थागत संरचनामा गाउँ कार्यपालिका, गाउँसभा, न्यायिक समिति र वडा समितिहरू आफनो जिम्मेवारी अनुसार क्रियाशील रहेका छन्। हाल गाउँ कार्यपालिकामा १४ जना निर्वाचित प्रतिनिधि रहनुका साथै गाउँसभामा ३४ जना जनप्रतिनिधि रहेका छन्। हालसम्म यस पालिकामा योजना तर्जुमा सम्बद्ध समितिहरू, अनुगमन समिति, राजश्व परामर्श समिति तथा विधायन समिति समेत गरी कुल १० वटा समितिहरू क्रियाशील रहेका छन्। ८८ वटा स्थानीय मेलमिलापकर्ताहरू सूचीकृत रहेकोमा हाल सबै क्रियाशील छैनन्। कुल ६ वटा वडामध्ये ४ वटा वडामा मात्रै वडा सचिव कार्यरत रहेका छन्। ४ वटा वडा कार्यालयको भवन छैन भने गाउँपालिकाको भवन निर्माणाधीन अवस्थामा रहेको छ। सेवा प्रवाह र प्रशासनिक कार्यका लागि गाउँपालिकामा १४ वटा मोटरसाइकल र १६ वटा कम्प्युटर (ल्यापटपसहित) छन्। यस पालिकाको कुल ३१ वटा स्वीकृत दरबन्दीमध्ये २२ वटा पदमा मात्रै कर्मचारीको पदपूर्ति भई कार्यरत रहेका छन्। यस पालिकाले स्थानीय तह संस्थागत क्षमता स्वमूल्याकन कार्यविधि २०७७ अनुसार कुल अंकभार ३४.२५ प्राप्त गरेको छ।

हालसम्म सुशासन प्रवर्द्धनबारे २० जना जनप्रतिनिधि र कर्मचारीलाई तालिम दिइएको छ।८० जना जनप्रतिनिधि र नागरिक समाजका सदस्यहरूलाई क्षमता विकास तथा जवाफदेहिता सम्बन्धी तालिम दिइएको छ। त्यस्तै गरी ३५० कन उपभोक्ता समितिका सदस्यहरूलाई आयोजना व्यवस्थापन सम्बन्धी अभिमुखीकरण गरिएको छ। स्थानीय सञ्चित कोष स्थापना भई सूत्रमा आधारित वित्तीय कारोबार सञ्चालन भएको, व्यक्तिगत घटना दर्ता, सामाजिक सुरक्षा, वस्तुगत विवरण आदि कार्यमा स्पटवेयरको प्रयोग गरिंदै आएको छ। गाउँपालिका तथा वडा कार्यालयहरूमा नागरिक बडापत्र प्रकाशित भएको छ। स्थानीय भौतिक पूर्वाधारका कार्यक्रमहरू ठेक्कापट्टा र उपभोक्ता समितिमार्फत कार्यान्वयन हुने गरेको छ। साथै सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्ने गरिएको छ।

८.२ गाउँपालिकाको संगठनात्मक संरचना

यस गाउँपालिकाको संगठन संरचना संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले निर्धारण गरेको २५ हजारसम्म जनसंख्या भएको अनुसार रहेको छ। यस गाउँपालिकाले हालसम्म विधायन समिति बाहेक

गाउँसभा अन्तर्गत समितिहरू गठन गरेको छैन। कार्यपालिका अन्तर्गत अन्य समितिहरू गठन भई सञ्चालनमा रहेका छन्। कार्यालयतर्फ संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्रस्ताव गरे बमोजिमको संगठन संरचना नै कार्यान्वयनमा रहेको छ। उक्त संगठन संरचना देहाय बमोजिम रहेको छ।

चित्र ८.१ गाउँपालिकाको स्वीकृत संगठन संरचना



८.३ दरबन्दी र पदपूर्तिको अवस्था

यस गाउँपालिकाले गाउँसभाबाट देहाय अनुसारको कर्मचारी दरबन्दी पारित गरेको छ । यस गाउँपालिकाको संगठन तथा मानव संसाधन तालिका अनुसार रा.प. तृतीय श्रेणीको प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्राविधिक र अप्राविधिक समेत गरी कुल १९ जना कर्मचारीहरू रहेका छन् भने वडा कार्यालयहरूमा वडा सचिव र अ.सव इन्जिनियर गरी १२ जना कर्मचारी रहेका छन्। यसरी यस गाउँपालिकाको कुल कर्मचारी संख्या ३१ रहेका छन्।

तालिका ८.१ गाउँसभाबाट स्वीकृत गाउँपालिकाको कर्मचारी दरबन्दी

क्र.सं.	पद	तह	सेवा	समूह	स्वीकृत दरबन्दी	कार्यरत पद	खाली पद
१	प्रमुख प्रशासकीय अधिकृत	आठौं	प्रशासन	सा.प्र.	१		
२	इन्जिनियर	सातौं/आठौं	इन्जि.	सिभिल	१		
३	अधिकृत	सातौं/आठौं	शिक्षा	शि.प्र.	१		
४	अधिकृत	सातौं/आठौं	प्रशासन	लेखा	१		

क्र.सं.	पद	तह	सेवा	समूह	स्वीकृत दरबन्दी	कार्यरत पद	खाली पद
५	*अधिकृत*	*६ औं*	*प्रशासन*	*सा.प्र.*	*१*		
६	आन्तरिक लेखा परीक्षक	५ औं	प्रशासन	लेखा	१		
७	सहायक	५औं	लेखापाल	सा.प्र.	४		
८	कम्प्युटर अपरेटर	५औं	विविध		१		
९	लेखा सहायक	५औं	प्रशासन	लेखा	१		
१०	प्रा.स.	५औं	शिक्षा	शि.प्र.	१		
११	हे.अ.	५/६ औं	स्वास्थ्य	हे. अ.	१		
१२	सव इन्जिनियर	५औं	इन्जि.	सिभिल	१		
१३	अ.सव इन्जिनियर	४औं	इन्जि.	सिभिल	१		
१४	स.महिला विकास निरीक्षक	४औं	विविध		१		
१५	खा.पा.स.टे.	४/५ औं	इन्जि.	सिभिल	१		
गाउँपालिकाको कार्यालय तर्फ जम्मा					**१९**		
१६	सहायक	५ औं	प्रशासन	आ.प्र.	२		
१७	सव इन्जिनियर	५औं	इन्जि.	सिभिल	२		
१८	सहायक	४औं	प्रशासन	सा.प्र.	४		
१९	अ.सव इन्जिनियर	४औं	इन्जि.	सिभिल	४		
वडा कार्यालयतर्फ जम्मा					**१२**		

स्रोत : गाउँपालिकाको कार्यालय, म्यागङ

शाखा, उपशाखा तथा इकाईको गठन तथा सञ्चालन

हाल गाउँपालिकामा जम्मा २४ जना कर्मचारी (स्थायी, अस्थायी तथा करार) कार्यरत छन्। खासगरी गाउँ कार्यपालिका कार्यालयमा विभिन्न विषयगत शाखा र इकाईहरूको स्थापना र सञ्चालन गरी दैनिक कामकाज व्यवस्थित गर्न आवश्यक जनशक्तिको अपुग रहेको छ। विषयगत शाखातर्फ कृषि, पशु विकास, शिक्षा तथा स्वास्थ्यका कर्मचारीहरू गाउँपालिकासँग समन्वयमा कार्य गरिरहेका छन्।

कर्मचारीको पदपूर्तिको वर्तमान अवस्था

यस गाउँपालिकाको कार्यालयमा हाल ३१ जना स्वीकृत पदमध्ये २४ वटा पदहरू मात्रै पदपूर्ति भएको अवस्था रहेको छ। हाल गाउँपालिकामा कार्यरत कर्मचारीको विवरण तालिका ८.१ मा दिइएको छ। हालसम्म कृषि तथा पशु शाखा प्रमुखको पूर्ति नभएको अवस्था रहेको छ। स्वीकृत भएका सबै शाखा उपशाखा एवं इकाई मध्ये पञ्जीकरण शाखाको गठन नभएको देखिन्छ।

८.४ गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरू

यस गाउँपालिकाको आन्तरिक आयका प्रमुख स्रोतहरूमा करभन्दा पनि गैरकर आय जस्तै सिफारिश दस्तुर बढी रहेको देखिन्छ। करतर्फ सम्पत्ति कर र भूमिकर/मालपोत प्रमुख स्रोतको रूपमा रहेका छन् भने गैर करतर्फ सिफारिश दस्तुर प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ।

८.५ गाउँपालिकामा रहेका प्रमुख गैरसरकारी संस्थाहरू

यस गाउँपालिकामा हाल यु.के. एडको सहयोगमा पूर्णिमा कार्यक्रम लगायत ३ विकास साझेदार र ८ वटा गैरसरकारी संस्था क्रियाशील रहेका छन्।

८.६ गाउँ कार्यपालिकाका पदाधिकारी तथा सदस्यहरूको विवरण

यस गाउँपालिकाको कार्यपालिकामा अध्यक्ष र उपाध्यक्षसहित कुल १४ जना सदस्य रहेका छन्।

८.७ कर्मचारीहरूको विवरण

तालिका ८.१ मा देखाए अनुसार यस गाउँपालिकामा जम्मा ३१ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको भए तापनि हाल २४ जना कार्यरत छन्। हाल कार्यरत कर्मचारीहरूको विवरण तालिका ८.२ मा दिइएको छ।

तालिका ८.२ कर्मचारीको विवरण

क्रम संख्या	नाम	पद
१	पवनकुमार प्याकुरेल	प्रमुख प्रशासकीय अधिकृत
२	वीरेन्द्र तामाङ	सूचना अधिकारी
३	सुसन बाँस्तोला	इन्जिनियर
४	शेरसिंह रावत	शिक्षा अधिकृत
५	फैराज तामाङ	स्वास्थ्य अधिकृत
६	कुमारलाल श्रेष्ठ	सि.अ.हे.व. (छैटौं)
७	बुद्धिमान तामाङ	रोजगार संयोजक
८	विनोद कोइराला	प्रशासन सहायक (पाँचौं)
९	शर्मिलाकुमारी तामाङ मोक्तान	प्रशासन सहायक (पाँचौं)
१०	अरुण चापागाई	लेखापाल
११	हेमराज जोशी	सवइन्जिनियर
१२	सम्पदा न्यौपाने	आन्तरिक लेखा परीक्षक
१३	सृजना के.सी.	कम्प्युटर अपरेटर
१४	सजना के.सी.	ना.सु.
१५	मनीषा वाइबा	आइएमएस अपरेटर
१६	सन्तुमाया तामाङ	प्राविधिक सहायक (शिक्षा)
१७	नारायणी पंगेनी	म. वि. स.
१८	रमानसिंह तामाङ	अ.स. इन्जिनियर
१९	सबिना तामाङ	कानूनी सहजकर्ता
२०	सञ्जीवसिंह तामाङ	फिल्ड सहायक
२१	कृष्णबहादुर गुरुङ	कार्यालय सहयोगी
२२	विवराम तामाङ	कार्यालय सहयोगी
२३	विक्रम वाइबा	कार्यालय सहयोगी
२४	प्रदीप रिजाल	कार्यालय सहयोगी

सन्दर्भ सामग्री

१. म्यागङ गाउँपालिकाको वार्षिक योजना तथा कार्यक्रम, २०७७/७८

२. नेपालको पन्ध्रौं योजना, २०७६

३. प्रदेश आवधिक योजना, बागमती प्रदेश

४. प्रादेशिक गार्हस्थ उत्पादन गणना, केन्द्रीय तथ्यांक विभाग

५. राष्ट्रिय आर्थिक गणना, २०७५, केन्द्रीय तथ्यांक विभाग

६. मानव विकास प्रतिवेदन, २०२०

७. मानव विकास प्रतिवेदन, २०१४

८. आर्थिक सर्वेक्षण, २०७८

९. नुवाकोट जिल्लाको परिचय, जिल्ला तथ्यांक कार्यालय

१०. नेपालको बहुआयामिक गरिबीको सूचकांक, २०१८